# अध्याय : एक

# परिचय खण्ड

## १.१ अध्ययनको परिचय

काठमाडौ उपत्यकालाई नेपालको प्राचीन बस्ती हो । नेपालको विभिन्न प्रमुख जातिहरू मध्ये नेवार समुदाय पनि एक हो । नेपार वा नेवारहरू प्राचीनकाल देखि नै नेपाल अधिराज्यको केन्द्रस्थल काठमाडौं उपत्यकामा आवाद भएर रहदै आएका भन्ने विश्वास पाइन्छन् (आचार्य, २०६२ : ४०) । नेवार समुदाय मध्ये पुतुवार पनि एक जाति हो । गोपालराज वंशावलीमा पुतुवारहरूको बारेमा चर्चा गरिएको छ र नान्यदेवको पाला देखी नै पुतुवारहरूले लडाइमा भाग लिएको कुरा वंशावलीहरूले उल्लेख गरेका छन् । पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानमा पुतुवारहरूले साथ दिएको कुरा इतिहासमा उल्लेख भएको पाउँदछौं । पृथ्वीनारायण शाहले नुवाकोटको लडाईमा पुतुवारहरूले गरेको सहयोगको तारीफ गरेर 'स्यावस पुत' भनेको (पन्त, २०२५ : ८१७, ८१८) पाइन्छ । पृथ्वीनारायण शाह भन्दा पहिल्यै नुवाकोट र आसपासका क्षेत्रहरूमा पुतुवारहरूको बस्ती भएको कुरा बुझिन्छ । मध्यकालमै पुतुवारहरूको अस्तित्व रहेको र तिनीहरूलाई 'पुत' नामले सम्बोधन गरिन्थ्यो ।

हाल पुतुवारहरू उपत्यकाको तीनै जिल्ला र उपत्यका बाहिरका जिल्लाहरूमा काभ्रेपलाञ्चोक, नुवाकोटको गणेशस्थानमा बसोवास गरेका छन् । पुतुवारहरूको बसोवासको प्रमुख क्षेत्रहरूमध्ये काठमाडौ जिल्ला धर्मस्थली गा.वि.स पनि एउटा महत्वपूर्ण क्षेत्र हो । यस गा.वि.स.मा रहेका पुतुवारहरूको आफ्नै किसिमको रीतिथिती, परम्परा, सामाजिक मूल्य मान्यता, धार्मिक आस्था, भेषभूषा, चाडपर्व र संस्कार आदि रहेका छन् ।

आजकल पुतुवारहरूले आफूलाई श्रेष्ठ, महर्जन, डंगोल, राजवाहक, नगरकोटी आदि थर पनि लेखेर चिनाउन थालेका छन् । यसो गर्दा यो जातिको मौलिकता र संस्कृतिको पहिचान लोप भएर मासिने प्रवल सम्भावना रहन्छ । तापनि, सामाजिक जीवनमा निकै पछि परेका यस जातिले आफ्नो धर्म र संस्कृति भने जोगाएर राखेका छन् । वि.स. २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५०४ रहेको छ, जसमध्ये समग्र नेवार समुदायको जनसंख्या १३,२१,९३३ रहेको छ (के.त.वि.,

२०६९/७० : १०) । यही समुदाय भित्रको एक जात पुतुवारहरूको भने यकिन तथ्याङ्क उपलब्ध हुनसकेको छैन । तर धर्मस्थली गा.वि.समा ५८ घरपरिवारमा २४० जना पुतुवारहरूको बसोवास रहेको छ ।

## १.२ समस्या कथन

धर्मस्थली गा.वि.स मा बसोवास गरिरहेका पुतुवार जातिको आफ्नै भाषा, संस्कृति, चालचलन, पेशा, धर्म, चाडपर्व रहेको छ । हाल बदलिदो समय परिस्थिति र विश्व भूमण्डलीकरणको कारणले यिनीहरूको आफ्नो परम्परा र संस्कृतिमा पर्न जाने प्रत्यक्ष अप्रत्यक्ष प्रभावको कारण लोप भएर जाने सम्भावना रहेको छ । भौगोलिक अवस्थिति अनुसार भाषा, रहनसहन एंव अन्य सामाजिक विशेषताहरूमा भिन्नता देखापर्दै जान्छ । यसै सन्दर्भमा पुतुवार जातिको सामाजिक सांस्कृतिक अवस्था कस्तो छ भन्ने कुराको अध्ययन गर्ने प्रयास यस अध्ययनमा गरिएको छ । यस जातिका अध्ययनका समस्याहरू निम्न रहेका छन् ।

क) धर्मस्थली गा.वि.स. का पुतुवार जातिको जनजीवन, रीतिरिवाज र संस्कृतिको बारेमा हाल सम्म जानकारी प्राप्त नहुनु ।
ख) पुतुवार जातिको ऐतिहासिकताको बारेमा अध्ययन नहुनु ।
ग) पुतुवारहरूको संस्कार तथा चाडपर्वमा आएको परिवर्तनको बारेमा अध्ययन नहुनु ।
घ) पुतुवारहरूको अन्य समाजसँगको अन्तरसम्बन्धको बारेमा अध्ययन नहुनु ।

## १.३ अध्ययनको उद्देश्य

नेपालमा वसोवास गरेका १२५ जातजातिहरूको आ-आफ्नै मूल्य र मान्यता, धार्मिक, सांस्कृतिक परम्पराहरू छन् । ती मध्ये केही जनजातिहरूको बारेमा अध्ययन अनुसन्धान गरिएको भएता पनि समग्र जातजातिको शुक्ष्म रूपमा सांस्कृतिक अध्ययन हुन सकेको छैन । यदि ती जातजाति लोप भएमा तिनीहरूको संस्कार र संस्कृतिको कतै उल्लेख नहुँदा भविष्यमा जातजाति सम्बन्धी गरिने अध्ययनमा छुट हुने स्थिति रहेको छ । आर्थिक सामाजिक र सांस्कृतिक रूपले पिछडिएका पुतुवार जातिको यहाँ अध्ययन गरिएको छ । यस

अध्ययनको उद्देश्य काठमाडौं जिल्ला धर्मस्थली गा.वि.स.मा बसोवास गर्ने पुतुवार जातिको सांस्कृतिक अध्ययन गर्नु हो । यो अध्ययनको उद्देश्य निम्नानुसार छन् :-

क) पुतुवार जातिको ऐतिहासिकता खोजी गर्नु ।

ख) सामाजिक एवं सांस्कृतिक आधारको माध्यमबाट धर्मस्थलीका पुतुवारहरूको यथार्थ स्थिति पत्ता लगाउनु ।

ग) पुतुवार जातिको सांस्कृतिक पक्षहरूको अध्ययन गर्नु ।

घ) पुतुवारहरूको अन्य समाजसँगको अन्तरसम्बन्ध पता लगाउने प्रयास गर्नु ।

ङ) पुतुवार जातिमा आएको परिवर्तनको अध्ययन गर्नु ।

## १.४ अनुसन्धानको औचित्य

नेपाल १२५ जातजाति र १२३ भाषाभाषिका भएको देश हो (के.त.वि., २०६९/७० : १३) । ति मध्ये पुतुवार जातिको आफ्नै मौलिक परम्परा र संस्कार भएको जाति हो । यो जाति काठमाडौं उपत्यकाको वरिपरिको क्षेत्रमा बसोवास गर्ने गर्दछन् । नेपालको इतिहास अध्ययन गर्दा यो जातिले नेपालको मल्लकालिन राजनीतिमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । तर समयक्रम सँग सँगै यस जातिको परम्परागत अवस्था, मान्यताहरू निरन्तर परिवर्तनको क्रममा रहेको पाइन्छ । धर्मस्थली गा.वि.स.का पुतुवार जातिको सामाजिक, आर्थिक एवं सांस्कृतिक पक्षको बारेमा गरिने अध्ययनवाट नीति निर्माताहरूलाई सजिलो हुनेछ भन्ने विश्वास गरिन्छ ।

यो अध्ययन विशेष गरी पुतुवार जातिको सामाजिक सांस्कृतिक अवस्थाको बारेमा गरिने हुँदा यस जातिको उत्थान, विकासको लागि गरिने क्रियाकलापको सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसले पुतुवार जातिको परिचय दिने र उनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तन र यसबाट समाजमा परिरहेको सकारात्मक र नकारात्मक असरहरूका बारेमा खोजी गरिने हुँदा संरक्षणकर्ता वा भविष्यमा पुतुवार जातिको अध्ययन अनुसन्धान गर्ने मानवशास्त्री, समाजशास्त्री, संस्कृतिकर्मी आदि विद्वानहरूलाई समेत यो शोध सन्दर्भ सामग्रीको रूपमा उपलब्ध हुने छ । यो जातिले मनाउने परम्परा, रीतिरिवाज, संस्कार र चाडपर्वमा नेवारीकरणको प्रत्यक्ष प्रभाव परेको छ । यसैको परिणती पुतुवारहरूले आफूलाई नेवार भनेर परिचित गराउछन् । तसर्थ यिनीहरूको परम्परा,

रीतिरिवाज, संस्कार र चाडपर्वको लिपिवद्ध गरी अभिलेखिकरण गर्नु नितान्त अपरिहार्य भै सकेको छ ।

## १.५ पूर्व साहित्य समीक्षा

स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताले नेपालमा भएका विभिन्न जनजातिहरूको विविध पक्षको आ-आफ्नै किसिमले अध्ययन अनुसन्धान गरेका छन् । नेपाल १२५ जातजातिको वासस्थल हो । करिव १८५ किलोमिटरको चौडाईमा समुन्द्र सतहको ५३ मिटर (जलेश्वर) देखि ८८४८ मिटर (सगरमाथा) सम्मको उचाईमा पाइने जैविक, सांस्कृतिक र भौगोलिक विविधताले गर्दा समाजशास्त्रीय, मानवशास्त्रीय एवं सांस्कृतिक अध्ययनका विद्वानहरूका लागि महत्वपूर्ण केन्द्रस्थल बनेको छ ।

पूर्व साहित्य समीक्षा शोधको महत्वपूर्ण अशं हो । यस अध्ययनबाट शोधलाई सहज रूपमा बुझ्नको लागि मद्दत गर्दछ । शोध शीर्षकमा के कति अध्ययन भएको छ, के कति अध्ययन हुन बाँकी छ भन्ने बारेमा पूर्व साहित्य समीक्षाको अध्ययनबाट ज्ञात हुन्छ । त्यसैले शोधको लागि पूर्व साहित्य समीक्षा आवश्यक रहेको छ । नेवार समुदायको सम्बन्धमा विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरूबाट अध्ययन गरिएका कृतिहरू धेरै मात्रामा प्रकाशित भएका छन् । तर नेवार समुदाय भित्र पर्ने विभिन्न जातिहरूको बारेमा अहिले सम्म खास रूपमा अध्ययन भएको छैन । यही क्रममा काठमाडौ उपत्यकाका वरिपरि बसोवास गर्ने पुतुवार जातिको सांस्कृतिक अध्ययन गर्ने क्रममा धर्मस्थली गा.वि.स.लाई आधार बनाइएको छ । यस शोधले पुतुवार जातिको लुप्त रहेको सांस्कृतिक पक्षको सत्य तथ्य उजागर गर्ने जमर्को गरेको छ ।

*Gopal Singh Nepali*, **The Newars**, Bombay: United Asia Publication, 1965 AD .

नेपालको नेवार समुदायको अध्ययनका सम्बन्धमा नेपालीले संरचनात्मक प्रकार्यत्मक सिद्धान्तमा आधारित भई कीर्तिपुर पाँगाका नेवार समुदायको विस्तुत अध्ययन गरि द नेवार्स नामक कृति प्रकाशित गरेका छन् । यस पुस्तकमा उनले नेवारी समाज अन्य समाज भन्दा भिन्दै स्वभाव भएको तथ्य प्रकाशित गरेका छन् । नेपालीले नेवारी समुदायको जन्मदेखि मृत्यु पर्यन्त प्रचलित संस्कार एवं भाषा र उनीहरू बीच व्यवस्थित रूपमा सञ्चालनमा रहेको गुठी प्रथाको बारेमा उल्लेख गरेका छन् । गुठीले उनीहरूलाई कसरी सँगठित र

एकत्रित बनाएको छ भन्ने कुरालाई उनले प्रष्ट व्याख्या गरेका छन् । त्यसैले यो पुस्तक यस अध्ययनको लागि उपयोगी देखिन्छ ।

*Dor Bohador Bista*, **People of Nepal**, Kathmandu: Ratna Pustak Bhandar, 2000 AD 7th edition .

यस पुस्तकमा नेपालका प्रमुख जातिहरूको जानकारी संक्षेपमा दिइएको छ । नेवार समुदाय भित्रको विभिन्न थर बारे उल्लेख गर्दै अव-अवाले, कुम-कुमाले, महर्जन, डंगोल, सुवाल, मानन्धर, तण्डुकार, नापित, नकर्मी, माली, चित्रकार, पुतुवार, दली, रन्जितकार, कुश्ले, खड्गी, कुलु, पोडे, द्यौता, च्यामे, च्यामखल, हालहुल, आदिलाई थरको रूपमा लिइएको छ । प्राचीन समयमा कामको आधारमा थरहरू विभाजन गरिएको हुँदा विभिन्न समूहहरूको छुटाछुट्टै काम तोकिएको थियो जस अनुसार अवाले ईट टायल बनाउने, कुह्मालले माटोको भाँडा बनाउने, मालीले फूल बेच्ने, कौंले फलाम पिट्ने, नाउले कपाल र नङ्ग काट्ने, कसाहीले मासु बेच्ने, द्यौलाले तान्त्रिक देवी देवताको पूजा गर्ने काम गरेका थिए भने डुइयाँहरू गरिब कृषक हुन् जसले सांस्कृतिक बाजागाजामा नाच्ने काम गर्दछन् भन्ने उल्लेख गरिएको छ । नेवार समुदायको घरहरू, बसाइको अवस्था, गूठी विभिन्न संस्कार आदिको बारेका यस पुस्तकमा उल्लेख गरिएको छ । त्यसैले यो पुस्तक यस अध्ययनको लागि उपयोगी देखिन्छ ।

*Gerard Toffin*, **Newar society, city, village and periphery**, Lalitpur: Himal Books, 2008 AD .

यस पुस्तकमा काठमाडौं उपत्यकाका वरिपरि रहेका नेवार समुदायको बारेमा अध्ययन गरिएको छ । नेवार समुदाय खानपान, चाडपर्व, भेषभूषा, भाषाहरूको वर्णन गरिएको छ । लेखकले बलामी, ज्यापु, पहरी जातिको सम्पूर्ण वर्णन गरी पुतुवारहरूलाई उपत्यकाको काँठ क्षेत्रमा बसोवास गर्ने रातोमाटो बेच्ने र पाल्की बोक्ने जाति भनि उल्लेख गरेका छन् । त्यसैले यस पुस्तक शोधको लागि उपयोगी देखिन्छ ।

*नगेन्द्र शर्मा*, **नेपाली जनजीवन**, ललितपुर : साझा प्रकाशन, वि. सं. २०५२ (दोस्रो संस्करण) ।

नेपालका प्रायः सबै प्रमुख जनजातिहरूको बारेमा उल्लेख गरिएको छ । यसै पुस्तकमा नेवारहरूको बारेमा पनि व्याख्या गरिएको छ । खासगरी नेवारहरूको बसोवास, उत्पत्ति, संस्कृति, रहनसहन, परम्परा, भाषा, आदिको बारेमा जानकारी दिइएको छ । यसमा नेवारहरूको संस्कारको बारेमा संक्षिप्त जानकारी दिइएता पनि नेवारहरूले मनाउने विभिन्न चाडपर्वहरूको बारेमा भने केही उल्लेख गरिएको छैन ।

*डोरबहादुर बिष्ट,* **सवै जातको फूलबारी**, ललितपुर : साझा प्रकाशन, वि.सं. २०६४ (आठौं संस्करण) ।

यस पुस्तकमा नेपालको प्रमुख जातिहरूका बारेमा संक्षेपमा दिइएको छ । यस पुस्तकमा नेवार समुदाय भित्र पर्ने विभिन्न थरहरूको बारेमा वर्णन गरिएको छ । यसमा नेवारहरू यहाँका आदिवासी वासिन्दा हुन भन्ने उल्लेख गरिएको छ । नेवार समुदाय भित्रको विभिन्न थर अनुसारको पेशाहरूको वर्णन गरिएको छ । नेवारहरूको चाडपर्व, संस्कार, धर्म, पेशा, विभिन्न गुठीहरूको बारेमा बयान गरिएको छ । नेवार समुदाय भित्र पर्ने एउटा थर पुतुवारको बारेमा यो पुस्तकमा खासै उल्लेख गरिएको पाइदैन ।

*तुल्सीनारायण श्रेष्ठ,* **नेपालका नेवारहरू पहिचान र पृष्ठभूमि**, काठमाडौं : अनुसन्धान तथा विकास संस्था, वि. सं. २०६६ ।

यस पुस्तकमा कृतिकारले नेवार नेपालको एउटा अति प्राचीन जनसमुदाय हो भनेका छन् । नेवारहरू काठमाडौ उपत्यका नेपालको विभिन्न ठाउँमा बसोवास गर्दछन् । नेवारहरू काठमाडौ उपत्यकाका आदिबासी एवं भूमिपुत्र हुन् र जनजाति पनि हुन् । यिनीहरूको भाषा, थलो, सांस्कृतिक परम्परा साझा रहेको छ र साझा मनोवैज्ञानिक भावना सहितको एउटा राष्ट्र नै हो नेवार भन्ने उल्लेख यस पुस्तकमा गरिएको छ । यस पुस्तकमा नेवारहरूको भाषा, साहित्य, कला, संस्कृति, आर्थिक स्थितिको बारेमा राम्रोसँग उल्लेख गरिएको छ । नेवार समुदायको जाति प्रथाको परम्परा एवं सामाजिक संस्कारहरू र नेवारहरूको सवल र दुर्वल पक्षहरूको विश्लेषण गर्दै नेवार समुदायको पहिचानको बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ । तर यस पुस्तकमा नेवारहरूले वर्ष दिन सम्म मनाउने चाडपर्वहरूको बारेमा उल्लेख पाइदैन । तापनि आवश्यक स्थानमा यो पुस्तकको उपयोग गरिएको छ ।

*जनकलाल शर्मा,* **हाम्रो समाज : एक अध्ययन**, ललितपुर : साझा प्रकाशन, वि.सं. २०६७ (चौथो संस्करण) ।

यस पुस्तकमा शर्माले नेपालका विभिन्न जातिको वर्णको उल्लेख गरिका छन् । यस पुस्तकमा नेवारी समाजको सांस्कृतिक परम्परा बारेमा उल्लेख गरेको छ । यस पुस्तकमा काठमाडौं उपत्यकाका नेवारहरूको समाज, भाषा, धर्म, संस्कार, घरहरूको बनोट शैली आदिको बारेमा वर्णन गरिएको छ । नेवारी समाजको गुठी प्रथाको वर्णन गरिएको छ । यस पुस्तकमा लेखकले डुइयाँ कन्याहरूको बेलसित विवाह नहुने र बाऱ्हा पनि नहुने कुराको उल्लेख गरिएको छ ।

*सत्यमोहन जोशी,* **नेपाली चाडपर्व**, ललितपुर : साझा प्रकाशन, वि. सं. २०६७ ।

नेपालका चाडपर्व सत्यमोहन जोशीले नेपालमा मनाइने विशेष चाडपर्वको उल्लेख गर्नु भएको छ । यस पुस्तकमा नेपालका विभिन्न जनजातिले मनाउने विभिन्न चाडपर्वहरूको बारेमा उल्लेख गरिएको छ । यसमा नेवारले मनाउने वर्ष दिन भरि मनाउने चाडपर्वहरूको लेखिएको छ । त्यसैले यस पुस्तक शोधको लागि उपयोगी देखिन्छ ।

## १.६ शोधको क्षेत्र वा सीमाङ्कन

यस शोधको शीर्षक विशेष गरी धर्मस्थली गा.वि.स का वडा नं. ७, ८ र ९ का पुतुवार जातिको सांस्कृतिक अध्ययन क्षेत्रमा केन्द्रित भएर अध्ययन गरिएको छ । यस धर्मस्थली गा.वि.स. काठमाडौं जिल्लाको ५७ वटा गा.वि.स मध्ये एक हो । यो गा.वि.स. उपत्यकाको उत्तर पश्चिम दिशामा रहेको छ । यस गा.वि.स लाई पुर्वमा महादेव खोलाले मनमैजु र फुटुङ्ग गा.वि.स सँग, पश्चिममा गारेटो बाटोले काभ्रेस्थली र जीतपुरफेदी गा.वि.स. सँग र दक्षिणमा कमेरो खोलाले गोलढुङ्गा गा.वि.स सँग सीमाना छुट्याएको छ । धर्मस्थली गा.वि.स. समुद्र सतहदेखि २३१६ मिटरमा रहेको छ (गा. वि. स., २०६८ : २) ।

वि.स. २०६८ सालको जनगणना अनुसार धर्मस्थली गा.वि.स.मा घरधुरी संख्या १४२१ रहेको र जनसख्या कुल ६५३० रहेको छ जसमा पुरुषको संख्या ३२५० र महिलाको सख्या ३२८० रहेको छ (के.त.वि. २०६९/७० :४२) । यसमा पुतुवारहरूको घर संख्या ५८ रहेको छ । यस शोध शीर्षकमा पुतुवारहरूको समस्या खोज्ने प्रयास गरिएको छ । यस

शोधमा धर्मस्थलीका पुतुवारहरूलाई मात्र लिइ संक्षिप्त रूपमा मात्र चर्चा गरिएको छ । यस शोधमा नेवार समुदाय भित्र पर्ने एक अर्को जाति पुतुवार पनि हो । यहाँका पुतुवारहरूले मनाउने विभिन्न चाडपर्व, धर्म, संस्कृति, सामाजिक र आर्थिक अवस्थाको वारेमा चर्चा गरिएको छ । धर्मस्थली गा.वि.स मा पनि ७५ थर भएका जानजातिको मानिस बसोवास गर्दछन् । त्यसैले यहाँ संस्कृतिमा पनि जाति पिच्छे फरक फरक पाइन्छ । पुतुवार नेवार समुदाय भित्रको एउटा हाँगा भएको हुँदा नेवार समुदायले मान्ने संस्कृति र पुतुवारहरूले मान्ने संस्कृति एउटै हुनु पर्ने भएता पनि व्यवहारमा धेरै फरक पाइन्छ । त्यसैले यस शोध मार्फत यस विषयमा सवैलाई ज्ञात होस भन्ने उद्देश्यका साथ प्रस्तुत गरेकी छु ।

## १.७ शोध विधि

कुनै पनि शोधको अध्ययन अनुसन्धान गर्नको लागि विषयको प्रकृतिलाई हेरेर विशिष्ट किसिमका अनुसन्धान पद्धतिहरू अपनाउन सकिन्छ । “धर्मस्थली गा.वि.स.का पुतुवार जातिको सांस्कृतिक अध्ययन” शीर्षक शोधकार्यको लागि पुस्तकालय अध्ययनले मात्र सम्भव नहुने भएकोले स्थलगत सहभागी अवलोकन पनि गरिएको छ । कतिपय अवस्थामा सम्बन्धित विषयवस्तुको वारेमा जानकारी भएको व्यक्तिसँग वा भनौं त्यहीका स्थानीय बासिन्दा सँग पनि सोधपुछ गरेर निश्चित धारणा निर्माण गरिएको हुदाँ अन्वेषणात्मक अनुसन्धान ढाँचालाई पनि अध्ययनको आधार बनाएको छ । यस गा.वि.स मा १४२१ घरधुरी मध्ये ५८ घरधुरी पुतुवारहरूको रहेको छ र यहाँको जनसंख्या ६५३० रहेको छ । अध्ययन गर्ने क्रममा १५ वटा घरको नमुना छनोट गरेर अध्ययन गरिएको छ । १५ वटा घरका १५ जना व्यक्ति सँग अन्तरवार्ता लिएको छ । तथ्याङ्क संकलनको सिलसिलामा प्राप्त तथ्याङ्कलाई वर्णनात्मक ढाँचालाई अपनाएको छ भने अनुसन्धानको क्रमका तथ्याङ्क संकलन गर्न प्राथमिक श्रोत र द्वितीय श्रोत दुवैको प्रयोग गरिएको छ ।

### १.७.१ प्राथमिक श्रोत :

प्राथमिक श्रोत अन्तगर्त तथ्याङ्क संकलनबाट प्रर्याप्त श्रोत र साधनको अभावमा यस अध्ययन अन्वेषणात्मक परम्परागत पद्दतिमा आधारित हुने छ । तथ्याङ्क प्राप्त गर्नको लागि स्थलगत भ्रमण गर्दा त्यहाँ बसोवास गर्ने मानिसहरूसँग अन्तरवार्ता लिने कार्य गरिएको छ । यस अनुसन्धानमा अवलोकनको माध्यमबाट सूचनाहरू संकलन गरिएको छ । तथ्याङ्क संकलनको क्रममा अवलोकन र अन्तरवार्ता स्पष्ट नभएका विषयमा विशेष अन्तरवार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । साथै अध्ययन क्षेत्रको नक्सा समेत उतार्ने काम

गरिएको छ । यो शोधको विषयवस्तुको प्रकृति अनुसार प्राथमिक श्रोत अन्तगर्त निम्न विधिहरू अपनाएको छ :-

(क) **अवलोकन :** धर्मस्थली गा.वि.स को वडा नं. ७, ८, र ९ को पुतुवार जातिको सामाजिक सांस्कृतिक पक्षको वारेमा आफै सहभागी भई प्रत्यक्ष अवलोकन गरिएको छ । पुतुवारहरूको वारेमा प्रत्यक्ष अवलोकन विधि अन्तर्गत सहभागीमूलक अवलोकन गरी निष्पक्ष अनुसन्धान गर्ने र श्रोत जुटाउने प्रयास यसबाट भएको छ भने यहाँको पुतुवार जातिको प्रमुख संस्कार, खानपान, भाँडावर्तन, भेषभूषा, पेशा र यहाँको रहनसहन आदि यस अवलोकन विधिबाट सम्पूर्ण पक्षको वारेमा अध्ययन गरिएको छ ।

**(ख) अन्तरवार्ता :** यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलन गर्ने विधि मध्ये अन्तरवार्ता एक प्रमुख शोधविधि हो । अन्तरवार्ता विधिको माध्यमबाट धर्मस्थली गा. वि. स.मा रहेका समाजसेवीहरू तथा छनौटमा परेका सवै उमेर समूहका पुतुवारहरू सँग अन्तरवार्ता लिइएको छ । त्यसै ठाउँमा बसोवास गर्ने अन्य समुदायका व्यक्तिहरू सँग पनि पुतुवारहरूको वारेमा जानकारी लिइएको छ । पुतुवार जातिको मौलिक संस्कार र चाडपर्व, आर्थिक अवस्थामा आएको परिवर्तन आदि विषयमा केन्द्रित रहेर अध्ययन क्षेत्र र अन्य सम्बन्धित जातिका व्यक्तिहरूसँग पनि सोधपुछ गरी तथ्याङ्क संकलन गर्ने गरिएको छ ।

पुतुवार जातिको लामो संसर्गमा रहेका स्थानीय बुद्धिजिवी श्री कृष्णलाल श्रेष्ठ, समाजसेवी श्री कपिलदेव भट्ट र तथा शिक्षक श्री उत्तम शाही लगायत सम्बद्ध गुठीका थकाली, कोकालीसँग पुतुवार जातिको सम्बन्धमा जानकारी लिइएको छ । यस अन्तरवार्तावाट सामान्य छलफलमा नआएका विषयहरू प्रष्टिएका छन् । अन्तरवार्ताको क्रममा आवश्यकता अनुसार निश्चित तथा सरल र सान्दर्भिक प्रश्नहरू सोधी तथ्याङ्क संकलन गरी आवश्यक सूचनाहरू संकलन गरिएको छ ।

### १.७.२ द्वितीयक श्रोत :

यस अध्ययनको अनुसन्धान विधिको द्वितीय श्रोत अन्तगर्त पुस्तकहरू गा.वि.स को वस्तुगत विश्लेषण, पत्रपत्रिकाहरू आदिको मद्दतद्वारा तथ्याङ्क संकलन गरिएको छ । यस शोधका लागि भनेर विशेष पुस्तक अहिलेसम्म प्रकाशित नभएको हुँदा विभिन्न प्रकाशित र अप्रकाशित साहित्यिक कृतिहरूबाट तथ्याङ्क संकलन गरिएको छ । यी श्रोतहरूबाट प्राप्त जानकारीको आधारमा पुतुवार जातिको सामाजिक र सांस्कृतिक परम्पराको तुलनात्मक अध्ययन गरिएको छ । अध्ययन क्षेत्रको नक्सा र फोटोहरू पनि समावेश गरिएको छ ।

# अध्याय : दुई

# अध्ययन क्षेत्रको भौगोलिक तथा ऐतिहासिक परिचय

## २.१ काठमाडौं उपत्यकाको ऐतिहासिक परिचय

काठमाडौं उपत्यकामा कहिले देखि बस्ती बसेको हो भन्ने सम्वन्धमा विभिन्न वंशावली र पुराणहरूको आधारमा मात्र गर्न सकिन्छ । यस सम्वन्धमा पुरातात्विक उत्खनन्को आधारमा मानव पूर्खाले छोडेर गएका विशिष्ट औजारहरूको शुक्ष्म अध्ययन गरेका आलेखहरू प्रकाशन हुन सकेको छैन । वंशावली र पुराणहरूको आधारमा प्राचीन समयमा काठमाडौं उपत्यका घना जङ्गलले ढाकिएको थियो र त्यसको बीच भागमा विशाल तलाउ रहेको थियो । यो तलाउलाई नागदह भनि विभिन्न वंशावलीमा उल्लेख गरिएको छ । हिमवत्खण्डका अनुसार यो विशाल तलाउको पानी श्री कृष्णले आफ्नो सुदर्शन चक्रद्वारा चोभारको गल्छी काटेर यहाँको पानी बाहिर पठाएका थिए (योगी, २०१३ : १८०) । तर, केशर पुस्तकालयमा रहेको वंशावली (केशर वंशावली) अनुसार मञ्जुश्रीले दक्षिण तिरको पर्वत काटी त्यस दहको पानी वाहिर पठाई आवाद गरेको उल्लेख छ (प्रधान, २०६८ : २) । स्वयम्भु पुराणमा उल्लेख भए अनुसार महाचीनवाट आएका मञ्जुश्रीले चोभारको गल्छीलाई आफ्नो खड्गले काटेर विशाल तलाउको पानी बाहिर पठाएर बस्ती बसाएको कथन पाइन्छ । काठमाडौं उपत्यकाको पानी निखन करिव नौ दिन लागेको थियो (उही : ३) ।

नेपालमा पाइएको प्रचलित हिन्दू एवं बौद्ध दुवै धर्म सँग सम्बन्धित ग्रन्थहरूले काठमाडौं उपत्यका पानीको तलाउ भएको उल्लेख गरिएको छ । साथै दुवै श्रोतले एकै स्थानवाट आफ्ना धर्म सँग सम्बन्धित व्यक्तिले पानी बाहिर पठाएको कुरा उल्लेख गरेका छन् । स्मरणीय कुरा के छ भने काठमाडौं उपत्यकामा पानीको तलाउ बन्नुमा चोभार देखि सैंबुसम्मको आधारशिलाको ठूलो भूमिका रहेको थियो । उक्त आधारशिलाले बाँधको काम गरी पानी छेक्नमा प्रमुख भूमिका खेलेको देखिन्छ । नेपालमा प्रत्येक एक सय वर्षको अन्तरालमा डरलाग्दा भुइचालो गएको तथ्याङ्क छ । कालक्रममा काठमाडौं उपत्यकामा आएको भुईचालोले उक्त आधारशिलामा ठाडो चिरा पर्न जाँदा एउटै आधारशिला दुईभागमा विभक्त भएको र जमेको पानीले निकाश पाएको विश्वास गरिन्छ । तर धेरैमात्रामा रहेको

पानी एक्कैपटक बाहिरिन खोज्दा चिरा परेकोस्थानमा पर्न गएको चापको कारणले चोभारको गल्छी बन्न गएको देखिन्छ  (थापा, २००१ : १३) ।

तलाउको पानी सुके पछि श्रीकृष्णसँग काठमाडौं उपत्यकामा आएका गोपालहरूले यहाँको उब्जाउशील भूमिमा बसोवास गरेको बुझिन्छ । गोपालराज वंशावली अनुसार गोपालको सामान्य अर्थ "गाई वा भूमिको" पालन गर्ने भन्ने हुन्छ । कृष्णको साथमा आएका ग्वालाहरूले काठमाडौं उपत्यकामा स्थायी बसोवास गरी पहिलो पल्ट राज्य सञ्चालन गरेको देखिन्छ । गोपालराज वंशावलीमा पशुपतिनाथको उत्पत्तिको चर्चा गरिएको छ । नेप भनिने गोपालको वहुन्ही नाम भएकी गाईले सधैं बागमतीको तीरमा रहेको एउटा ढिस्कोमा आफ्नो दूधको धारा बगाउने गरेको कुरो पत्तो लागेपछि त्यस ठाउँमा के रहेछ भनि खनि हेर्दा पशुपतिको ज्योति लिङ्ग उत्पन्न भएको विश्वास गरिन्छ । गोपालवंशका पहिलो राजा श्री भूमिगुप्त हुन् । आठजना गोपाल राजाहरूले नेपालमा शासन गरे (वज्राचार्य र मल्ल, १९८५ : ७३) । ज्ञानमणि नेपालको भनाई अनुसार प्राचीन कालमा नीप जातिका गोपालहरू पश्चिम उत्तरतिरबाट नेपाल पसेका र यसै जातिको एउटा शाखा भारतको मथुरा-वृन्दावनमा समेत पुगेको चर्चा गर्नु भएको छ (नेपाल, २०४० : १७) । गोपाली र महिषपालहरू नै वर्तमान नेवार समुदायका आदिम पुर्खाहरू हुन् र यो गोपाली र महिषापाली वंशका राजाहरूले नै नेपाल उपत्यकाको इतिहासको सुरुवातको अवधिमा नै राज्य सञ्चालन गरेका थिए । उनीहरूबाटै नेवार समुदायको बनावटको क्रमको सुरुवात पनि भएको थियो (श्रेष्ठ, २०६६ : १५) भन्न सकिन्छ ।

इतिहास लेखन विभिन्न प्रमाणिक श्रोतहरूको आधारमा लेखिन्छ । हुनत प्रमाणिक अवशेषहरूलाई वैज्ञानिक विधिबाट परीक्षण गरेर पनि इतिहासलाई प्रमाणित गर्न सकिन्छ । तर नेपालमा त्यस्तो प्रविधिको विकास नभएकोले प्राप्त अभिलेखिए प्रमाणहरूलाई नै आधार मानिएको छ । जयवर्माको मालिगाउँमा प्राप्त (हाल राष्ट्रिय सँग्रहालयमा सुरक्षित) संवत १०७ (इ.सं. १८५) को अभिलेखले नेपालको इतिहासलाई प्रामाणिकता प्रदान गर्दछ ।

नेपालको इतिहासका विद्वानहरूका अनुसार वि.स. ९३६ सम्मको समयलाई प्राचीनकाल (लिच्छविकाल), वि.स.९३७ देखि वि.स. १८२५ सम्मको समयलाई मध्यकाल र वि.स. १८२६ देखि हाल सम्मको समयलाई आधुनिककाल भनि काल निर्धारण गरिएको पाइन्छ । काठमाडौ उपत्यकामा प्रारम्भ देखि नै विभिन्न समयमा विभिन्न स्थानबाट

व्यापारको सिलसिलामा होस वा सुरक्षित वासस्थानको खोजीमा होस मानिसहरू वसाई आएको पाइन्छ । प्रारम्भमा गोपालहरूले वसाई आएर राज्य समेत गरेको साहित्यिक श्रोत हरूको दावी छ । यही क्रममा महिषपाल र किरातहरूले पनि राज्य गरेको साहित्यिक श्रोत को आधारमा भन्न सकिन्छ । कालक्रममा लिच्छवि, कोलिय, वृज्जिक र शाक्य लगाएतका मानिसहरूले उपत्यकामा शरणार्थीको रूपमा प्रवेश गरी बसोवास गरेको विश्वास गरिन्छ । बसन्तदेवको थानकोटको अभिलेखमा ब्राह्मण लगाएत चाण्डालसम्मका अठारैं जातलाई सम्बोधन गरिएको छ । जसको आधारमा तत्कालिन समयमा काठमाडौं उपत्यकामा अठार जात जातिका मानिसहरूको बसोवास भएको प्रमाणित हुन्छ ।

निरन्तरको बसाई सराईको प्रक्रियाले काठमाडौं उपत्यका विभिन्न जातजातिका मानिसहरूको आश्रय स्थल बनिरह्यो । यही क्रममा उपत्यकामा ठकुरी, मल्लहरू लगायत चारै वर्णका मानिसहरूको पनि प्रवेश भएको विश्वास गरिन्छ । नेपालको मध्यकालिन समयमा छिमेकी राज्यहरूमा भएको राजनैतिक उतार चढावको कारणबाट मानिसहरूले त्राण पाउन काठमाडौं उपत्यकालाई सुरक्षित वासस्थानको रूपमा रोजेको विश्वास गरिन्छ । उनीहरूले उपत्यकामा शरणार्थीको रूपमा होस वा विजेता सैनिक (डोय)को रूपमा आश्रय लिएको पाइन्छ । यिनै डोयहरूलाई कालक्रममा अशुद्ध शूद्र भनि कर्म निर्धारण गरिएको पाइन्छ । अनियन्त्रित रूपमा वसाई सरेका मानिसहरूको जातपात र संस्कार लगायतको धार्मिक कृयाकलापलाई व्यवस्थित र नियमन गर्न राजा स्थिति मल्लले पेशागत आधारमा चार वर्ण र चौसट्ठी जातमा विभाजन गरी निश्चित जातको निश्चित कर्मको व्यवस्था गरेको पाइन्छ । यही थिती व्यवस्थाले हाल सम्म निरन्तरता पाइरहेको छ ।

नेपाल एकिकरण पछि विभिन्न साना राज्यहरूमा आश्रित रहेका जातजातिका मानिसहरूको एक स्थानबाट अर्को स्थानमा सजिलै आवात जावात गर्ने, बसोवास गर्ने बैंधानिक अधिकार भएकोले उपत्यकामा थुप्रै जातजातिका मानिसहरूको समिश्रण भएको छ ।

## २.२. धर्मस्थली गा.वि.स.को भौगोलिक परिचय

नेपाल राज्यको मध्य पहाडी प्रदेशको पूर्वमा साँगाभज्याङ्ग, पश्चिम बाडभज्याङ्ग, उत्तरमा पाँचमाने भज्याङ्ग र दक्षिणमा लेले भज्याङ्ग भित्र पर्ने काठमाडौं उपत्यका भित्रका ३

जिल्ला मध्ये काठमाडौं एक जिल्ला हो । यो जिल्लाको भौगोलिक अवस्थिति उत्तरी अक्षांश २७°२७' देखि २७°४९' र पूर्वी देशान्तर ८५°१०' देखि ८५°३२' भित्र रहेको छ (मेचीदेखि महाकाली भाग-२, २०३१ : ७०४) । कचौरा आकारमा रहेको उपत्यका भित्र पर्ने यो जिल्ला डाँडाहरू बीचमा विभिन्न नदीहरूका मलिलो फाँटका रूपमा परिचित छ । जिल्लाको उचाई समुन्द्र सतहबाट १२६२ मीटरदेखि २७३२ मीटरसम्म अग्लिएको छ । यस जिल्लामा चन्द्रगिरी (२५५० मी.), शिवपुरी (२७३२ मी.) तथा नागार्जुन गरी ३ उच्च पहाडी श्रृङ्खला छन् । यो जिल्लाको पूर्वमा भक्तपुर तथा काभ्रेपलाञ्चोक, पश्चिममा धादिङ्ग तथा नुवाकोट, उत्तरमा नुवाकोट तथा सिन्धुपाल्चोक र दक्षिणमा ललितपुर तथा मकवानपुर पर्दछन् (जि.वि.स., २०६० : ३) ।

मध्यमाञ्चल विकास क्षेत्रको बागमती अञ्चल भित्र रहेको आठ जिल्लाहरू मध्ये काठमाडौं जिल्लाको ५७ वटा गा.वि.स.मा धर्मस्थली गाउँ विकास समिति पनि एक हो । २७°२७" देखि २७°३९' उत्तरी अक्षांस र ८५°१७'२७" देखि ८५°१९'५०" पूर्वी देशान्तरमा अवस्थित यो गाउँ विकास समिति काठमाडौं नगरपालिकाबाट उत्तर पश्चिम दिशामा रहेको छ (गा.वि.स, २०६८ : २) । उत्तर दक्षिण लम्बिएर रहेको यो गाउँ विकास समितिको आकारलाई हेर्दा आँपको जस्तो आकार आउँछ । करिब ३.८६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएर यो गाउँ विकास समितिको धरातलीय स्वरूपलाई हेर्दा समतल स्थानको रूप रहेको छ । यसको धरातल उत्तरबाट दक्षिणतर्फ ढालुवा भिरालो परेको पाइन्छ ।

यस गाउँ विकास समितिको सबभन्दा अग्लो जमिनको भाग करिब १४१० मीटर उचाईमा रहेको वडा नं. ८ स्थित महाकालको थुम्को हो । यस गाउँ विकास समितिको मध्य भाग करिब १३६० मीटरको उचाईमा रहेको छ । धर्मस्थली गा.वि.स.लाई पूर्वमा महादेव खोलाले मनमैजु गा.वि.स.सँग छुट्याँउछ भने पश्चिममा गोरेटो बाटोले जितपुर र गोलढुङ्गा गा.वि.स.सँग छुट्याँउछ । त्यसै गरी उत्तरमा गोरेटो बाटोले काभ्रेस्थली र जितपुर फेदी गा.वि.स.सँग र दक्षिणमा कमेरो खोलाले गोलढुङ्गा गा.वि.स.सँग सिमाना छुट्याएको छ । यस गाउँको भौगोलिक अवस्था धरातलीय स्वरूप उत्तरबाट दक्षिण तर्फ ढलुवा परेको छ । यहाँको भू-भाग पूर्ण रूपमा न त समथर न त थली छ । गाउँ विकास समितिको झण्डै मध्यवर्ती भागमा एउटा अग्लो थुम्को (१४१० मि.) छ, जसलाई महाँकालको थुम्को भनिन्छ । यहाँ महाँकालको मन्दिर रहेको छ (चित्र.संख्या १) । यी सबै भू-भागमा बलौटे, कमेरो र

रातोमाटो पाइन्छ । यस गा.वि.स.को समथर भू-भागमा देउकी फाँट, भंगेरीटार, लुवासन, कुमाली र अटरखेल पर्दछन् । जहाँ धान तथा गहुँ खेती गरिन्छ ।

यस गाउँ विकास समितिको मध्य भागमा घट्टेखोला (शेषमती) र दक्षिणी सिमानाको रूपमा कमेरो खोला छ । यस अतिरिक्त पूर्व तर्फका सिमानामा महादेव खोला पर्दछ । हिउँदमा यी नदीहरूमा पानी नदेखिए पनि वर्षामा प्रशस्त मात्रामा पानी हुन्छ । धर्मस्थली गाउँ विकास समितिको मध्य भागबाट घट्टेखोला (शेषमती) बग्दछ । गाउँ विकास समितिको प्रायः जसो सम्पूर्ण भू-भाग यसै खोलाको पानीबाट सिंञ्चित हुने हुँदा कृषि उत्पादन वृद्धि गराउनमा यो नदीको महत्वपूर्ण योगदान रहेको छ ।

यहाँको हावापानी गृष्म ऋतुमा अधिकतम तापक्रम ३०$^{\circ}$ सेन्टिग्रेड र हिउँदमा न्यूनतम तापक्रम १$^{\circ}$ सेन्टिग्रेड सम्म पुगेको पाइन्छ (गा.वि.स., २०६८ : ५ ) । काठमाडौं उपत्यका मनसुनी क्षेत्र भित्र पर्दछ त्यसैले गृष्म ऋतुमा बढी वर्षा हुन्छ । जल तथा मौसम विज्ञान विभागको तथ्याङ्क अनुसार काठमाडौं उपत्यकामा वार्षिक २०० से.मि. सम्म वर्षा भएको छ । यहाँ मनसुनी खेती जस्तै, धान, मकै, कोदो, गहुँ, तोरी, केराउ, आलु तथा सागपात आदि, प्रशस्त मात्रामा लगाइन्छ । काठमाडौं उपत्यकाको मलिलो माटोमा यति धेरै अन्न उब्जाउ हुन्छ की यहाँका मानिसहरूले उपभोग गरेरै सिध्याउन्नन् । यसै कारणले गर्दा आफ्ना उत्पादनलाई पूर्णत खपत गर्न समय अनुसारको जात्रापर्वमा अत्यधिक मात्रामा भोजको र जाँड रक्सीको उपयोग गरिएको पाइन्छ ।

धर्मस्थली गा.वि.स.मा उचाईको विविधता अनुसार कालो माटो, तलैया माटो, चिम्टाइलो माटो, पाँगो माटो पाइन्छ । यस ठाउँको हावापानी अनुसार यहाँको वनस्पतिको रूपमा उत्तिस, सिरिस, पैंयु, वकाइनो, सौर, चिलाउने, हाँडिवयर जस्ता नरम जातका रूखहरू पाइन्छ । यहाँ काग, भँगेरा, गौंथली, ढुकुर, सारंग, जुरेली, सुगा, परेवा, लाटोकोसेरो, चिल आदि पशुपंक्षीहरूले वासस्थान बनाएको पाइन्छन् । वातावरणीय प्रभावका कारण वसाईसराई गरेर गर्मी/जाडो छल्नको लागि पनि यहाँ जात जातका पन्छीहरू आउछन् । यहाँ घर पालुवा जनावरको रूपमा गाई, गोरू, भैसी, बाखा, कुखुरा, हाँस, भेडा, सुँगुर, बँगुर पाल्ने गरिन्छ ।

यस गाउँ विकास समितिमा बसोवास गर्ने अधिकांश मानिसहरू खेतीपातीमा निर्भर गर्दछन् । यस गाउँ विकास समितिमा आदिवासी (लिच्छविकालमा बस्ती वसीसकेको) र बसाइँ सरी आएका विभिन्न समुदायहरूको मिश्रित बसोवास रहेको पाइन्छ । हाल यस गाउँ विकास समितिमा ७५ थर भएका मानिसहरूको बसोवास रहेको छ । यस गा.वि.स.का ९ वडा भित्र पर्ने विभिन्न टोलको नामहरू यस प्रकार छ - ठोकासी, सिक्छेटोल, पिङ्गफल, लाछी, कर्मीटोल, गगनटोल, च्यापुचातननी, डोकोटोल, मुसुम्बहाल, जरंकु, जापचा, पिरकुनटार, चेगे, चौरमुनी, शाहीटोल, कोटुफल, खेलाचौर, सुकानिटार, आढाने, सिलाफल, लकालटार, चुनिटार, गणेशस्थान, खरानिटार, पैंयाटार, हलेसी, बस्नेतटार, घिमिरे गाउँ, बानियाँ गाउँ, अर्याल डाँडा, भंगेरीटार, पुसल-भट्टगाउँ, महाँकाल, कुमाल गाउँ, बस्नेत टोल, बाटामुनी (जि.वि.स., २०६० : २१२,२१३) ।

यस गाउँ विकास समितिमा बसोवास गर्ने अत्यधिक बासिन्दाहरूले आफ्नो बोलीचालीमा प्रयोग गर्ने भाषा नेपाली हो । यस गा.वि.स.मा ब्राह्मण र क्षेत्री जातिहरूको बसोवास बढी भएकाले नेपाली भाषाको प्रयोग बढी भएको पाइन्छ । ब्राह्मण र क्षेत्री पछि नेवार समुदायको संख्या बढी भएकाले नेवारी भाषाको पनि प्रयोग भएको पाइन्छ । यस गा.वि.स.का अधिकांश बासिन्दाहरू हिन्दु धर्मावलम्बी भएकाले चन्द्रमास अनुसारका सम्पूर्ण चाडपर्वहरू मनाउँदछन् । यहाँ मनाइने मुख्य चाडपर्वहरूमा दशैं, तिहार, चैतेदशैं, जनै पूर्णिमा, गाईजात्रा, मातातीर्थ औंसी, गोकर्ण औंसी, ऋषि पञ्चमी, तीज, अक्षय तृतीया, बालाचर्तुदशी, साउने संक्रान्ति, माघे संक्रान्ति, फागु पूर्णिमा, स्वस्थानी पूर्णिमा, श्रीपञ्चमी, नागपञ्चमी, घोडेजात्रा, गाईजात्रा, शिव रात्री आदि हुन् । यसका अतिरिक्त यस गाउँ विकास समितिमा आफ्नै स्थानीय पर्वहरू पनि मनाइन्छन् । यहाँ विभिन्न जनजातिहरूको बसोवास भएकाले आ-आफ्नै किसिम स्थानीय पर्वहरू छन् । ब्राह्मण र क्षेत्रीहरूले जेष्ठ पूर्णिमा, मार्ग पूर्णिमाका दिन देवाली मनाउँछन् भने यहाँ बसोवास गर्ने तिमिल्सिनाहरूले इन्द्रजात्राको दिन देवाली मनाउँदछन् । नेवार समुदायले मार्ग पूर्णिमाको दिनलाई योमरी पूर्णिमाको रूपमा पनि मनाउँदछन् । यस गा.वि.स.का नेवार समुदाय र पुतुवार जातिले भिन्दा भिन्दै रूपमा घोडेजात्रा र गाईजात्रा मनाउने गर्दछन् । यस गा.वि.स.को नाम धर्मस्थली रहनुको यथार्थता यहाँ भएका मठ मन्दिरहरूले र यहाँ मनाइने सम्पूर्ण चाडपर्वहरूले पुष्टि गर्दछ । यहाँ धर्म गर्ने मानिस बस्ने थली भए अनुसार धेरै मन्दिरहरूको निर्माण भएको छ । जसमा गणेश मन्दिर, बौद्ध चैत्य, पिरकुन मन्दिर, राधाकृष्ण मन्दिर, नारायण मन्दिर, मँहाकाली मन्दिर,

बंगलामुखी मन्दिर, चुनदेवी मन्दिर, कृष्ण मन्दिर , राम मन्दिर, प्राणगणेश मन्दिर आदि प्रसिद्ध रहेका छन् ।

२०६८ सालको जनगणना अनुसार धर्मस्थलीमा घरधुरी संख्या १,४२१ रहेको र यहाँको जनसंख्या  कुल ६,५३० रहेको जसमा पुरुष ३,२५० महिला ३,२८० रहेका छन् (तथ्याङ्क विभाग, २०६९/२०७० : ४२) ।

## २.३ गा.वि.स.को नामकरण

धमायौ, धमाथुली, धमाथु, धर्मथली, धरमथली, धर्मस्थली नेपाली र नेवारी भाषामा यस गाउँको नाममा अपभ्रंश भई हालको नाम धर्मस्थली भएको हो । धर्मस्थली गाउँमा प्राचीन कालदेखि नै मानिसहरू बसोवास गर्दथे भन्ने कुरा विभिन्न धर्मग्रन्थहरूमा यस ठाउँको नाम उल्लेख भएको कुराले प्रष्ट पार्दछ । प्राचीन समयमा यहाँ के कस्ता मानिसहरू बस्दथे भन्ने कुरा प्रष्ट नभए पनि के अनुमान लगाउन सकिन्छ भने धार्मिक स्वभावका र धर्मप्रति आस्था र विश्वास भएका मानिसहरू रहेको हुन सक्दछ । धर्मस्थलीमा लिच्छविकाल समय भन्दा अघिदेखि नै मानिसहरूको बसोवास रहेको हुन सक्दछ । यहाँ प्राप्त भएको राजा शिवदेव र अंशुवर्माले सम्वत् ५१७ मा संयुक्त रूपमा प्रशारण गरेको शिलालेख अनुसार धर्मस्थली एक विकसित बस्तीको रूपमा रहेको स्पष्ट हुन्छ (वज्राचार्य, २०३० : २५७) । त्यस शिलालेखको आधारमा राजा शिवदेव र अंशुवर्माले आफ्नो शासन व्यवस्था स्थानीय स्तरमा स्वायत्तता प्रदान गरेको कुरा सो अभिलेखनबाट थाहा पाउन सकिन्छ । त्यो बेलामा यहाँको समाजमा धार्मिक सहिष्णुता र सबै जनतालाई सुखी र खुसी राख्ने प्रयत्न गरेको सो अभिलेखले प्रष्ट्याउँछ (चित्र संख्या २(क)) । शिलालेख राखेर होस वा ताम्रपताकामा अक्षराङ्कण गरेर होस जनताहरूलाई सुसूचित गर्ने कार्य पछिल्लो समय सम्म पनि कायम थियो (चित्र संख्या २(ख) - २(ठ)) ।

प्राचीन कालदेखि अस्तित्वमा रहेर पनि प्रचार प्रसारको अभावको कारण अपरिचित जस्तो भएर काठमाडौं उपत्यकाको उत्तरी भेगमा अवस्थित यस धर्मस्थली गा.वि.स.को नाम 'धर्मस्थली' कसरी रहन गयो भन्ने बारेमा हालसम्म कुनै प्रमाणित श्रोत पाउन सकिएको छैन । कुनै प्रमाणिक श्रोत नभएता पनि शाब्दिक अर्थमा हालको धर्मस्थली गा.वि.स. प्राचीनकालदेखि नेपाल उपत्यकाको चार भज्याङ्ग मध्ये उत्तर पश्चिमको पाँचमाने भज्याङ्ग

नाकाको मूल बाटोमा पर्ने प्राचीन बस्ती हो । नेपालको पश्चिम भू-भागका मानिसहरू र छिमेकी देश तिब्बतको केरुङ्ग नाका हुँदै व्यापार गर्ने बाटोको रूपमा रहेको थियो । मानिसहरू आ-आफ्नो गन्तव्य स्थानमा जाने क्रममा बास बस्दा यस गाउँका मानिसहरूले पाहुनाहरूलाई निशुल्क सत्कार गर्ने गर्दथे । पाहुनाहरूलाई गरेको सेवा सत्कारकै कारण यस गाउँ धर्म गर्ने मान्छे बस्ने स्थलको रूपमा 'धर्म' र 'थली' रह्यो । पछि त्यही 'धमरथली' नाम कालान्तरमा शब्द अपभ्रंश भई हालको 'धर्मस्थली' नाम रहेको अनुमान गर्न सकिन्छ । काठमाडौं उपत्यकामा नेवार समुदायका मानिसहरू र स्थानीय नेवारहरू "धमयु" "धर्मथु" "धमाथु" भन्ने उच्चारण गरेर यस गाउँको परिचय लिने र दिने गर्दछन् । जसको शाब्दिक अर्थ नेपाली भाषामा धर्मथली, धर्मस्थली भए जस्तै मिल्दो जुल्दो छ । मध्यकालीन समयमा रचना गरिएको नेवारी लोकगीतमा रसुवाको गोसाइँकुण्ड मेलाबारे वर्णन गरिएको छ । नेवारी भाषामा गोसाइँकुण्डलाई 'सिलु तीर्थ' भनिन्छ । यस पुस्तकमा गोसाइँकुण्ड मेला भर्न जाँदा बीचमा बास बस्ने ठाउँ धर्मथली भनि यस गाउँको नाम उल्लेख गरिएको छ (श्रेष्ठ, २०३१:८५) । लिच्छविकालीन धार्मिक राजा अशुंवर्माले आफ्नी छोरी भृकुटीको विवाह तिब्बतका राजा सङ्चङ् गन्पोसँग गरिदिएको र तिब्बतका राजाले भृकुटीलाई धर्मस्थलीको बाटो गरेर केरुङ्गको नाकाबाट तिब्बत भित्र्याएको भन्ने जनश्रुति छ (गा. वि. स., २०६८ : १२) ।

काठमाडौं उपत्यका भित्रका अधिकांश प्राचीन बस्तीहरूको नाम लिच्छविकालमा उत्पत्ति भएर मध्यकालमा परिवर्तित र परिस्कृत हुँदै बोलीचालीमा प्रयुक्त भएको पाइन्छ । सोही क्रममा यस स्थानको नाम मध्यकाल देखि धर्मस्थली रहेको बुझिन्छ । मध्यकालमा यस ठाउँको नाम धर्मथली रहेको बुझिन्छ । रत्न मल्लको समयमा नेपाल सम्वत ६२९/३० सालमा कुकु नाम गरेका भोटे देवानहरूको रखवारी निमित्त ३०० घरको सहर बनाई प्रजा बसाएको हुन् । यो सहरको मुख्य देवता "ओं श्री महाकाल भैरव हुन्" (योगी, २०१३ : १९६) भनि उल्लेख गरिएको छ ।

रत्न मल्ल पछि अमर मल्ल २६ गाउँका मालिक थिए । २६ गाउँमध्ये धर्मथली एक गाउँ थियो भन्ने कुरा सिल्भा लेभीले गरेका छन् (लेभी, २००७ : १६७) । यस महाँकाल भैरवको महत्वलाई फैलाउन राजा शिवसिंह मल्लकी रानी गंगाले (लेभी, २००७ : १६९) महाँकाल भैरवको रथ जात्रा निकाल्ने परम्पराको थालनी गराएकी हुन् । जुन कुरा महाँकाल

रथमा लेखिएको अभिलेखबाट प्रष्ट हुन्छ । यस गाउँ विकास समितिको वडा नं. ३ स्थित खेलाचौरमा एक बौद्ध चैत्य रहेको छ । यस चैत्यलाई स्वयम्भुको पनि आमा भनिन्छ । यस चैत्य नृपेन्द्र मल्लले ने.सं. ८०० मा चैत्यदेवलाई खुशी पार्न दिप चढाएको उल्लेख छ ( भट्टराई, २०६८ : ११) (चित्र संख्या ३) । यसै चैत्यको वरिपरि खुला रूपमा नेवार समुदायको ईष्टदेवताहरूको थान रहेको छ जहाँ देवालीको बेला पूजा गर्ने परम्परा रही आएको छ । बौद्ध चैत्यको उत्तर दिशामा रहेको करुणामयको सानो मन्दिर छ जसको महिमाको बारेमा बौद्ध ग्रन्थ "सुदत्तया बाखं" नामक नेवारी भाषाको कथा (वज्राचार्य, २०२९ : २) मा यस गाउँको नाम धमाँथु भनि उल्लेख गरेको छ र करुणामयको महिमाको बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ । यसै चैत्यको पूर्व तर्फ दायाँ-बायाँ चौतारोमा पिपलको रूख छ । चौतारो चिन्ने प्रथा प्राचीन समयदेखि नै थियो । प्राचीन समयदेखि नै नेपालका मुख्य व्यापारीक मार्ग वा बाटोमा चौतारो चिनेर पिपलको रूख रोप्ने प्रचलन रहेको थियो । यसले व्यापारीहरू र आवतजावत गर्ने जो कोही वटुवाहरूलाई छहारी प्रदान गर्न र सुस्ताउन मद्दत गर्दथ्यो ।

मध्यकालीन अभिलेखहरू यहाँ धेरै प्राप्त भएका छन् । कान्तिपुर राज्यका मध्यकालीन राजाहरू लक्ष्मी नरसिंह मल्ल, प्रताप मल्ल र नृपेन्द्र मल्लका अभिलेखहरू यहाँ प्राप्त भएका छन् (परिशिष्ट २,३,४,५ र राजवंशी, २०५० : ६३,१०५,१०९,१२१) । धर्मस्थली मध्यकालमा नै कान्तिपुर राज्य अन्तर्गत रहेको थियो । राजा पृथ्वीनारायण शाहले सम्वत् ८७६ (१८१२ वि.सं.) आश्विन कृष्ण प्रतिपदाका दिन धर्मथली विजय गरेका थिए (लम्साल, २०२३ : ११५) । मल्लकालदेखि नै श्री तलेजु भवानीको लागि भई रहेको सबै गुठ एवं पूजाआजालाई कायम गरी दिएको बारे श्री ५ महाराजधिराज प्रतापसिंह शाहको लालमोहर वि.सं. १८३२ साल माघ सुदि ५ रोज ५ को लालमोहरमा धर्मथलीको उल्लेख गरेको पाइन्छ (कंसाकार, २०५७ : ८३) ।

काठमाडौं उपत्यकाको शक्तिपीठहरू मध्ये शोभाभगवतीको माइती नुवाकोट हो । विष्णुमती नदीको किनारमा अवस्थित शोभाभगवती परापूर्वकालदेखि वर्षको एक पटक माइत जाने चलन अहिले पनि छ । देवी माइत जाने क्रममा मूलबाटोमा रहेका घरघरबाट पूजा ग्रहण गर्दै माइत जाने र फर्कने क्रममा धर्मस्थली गाउँमा एकदिन बास बस्ने चलन थियो । केही वर्ष अगाडि मात्र सम्म पनि यो चलन रहेको थियो तर हिजो आज धर्मस्थलीमा

बास बस्ने चलन छैन । वि.सं. १८९१ भाद्र ६ गते मंगलवारका दिन राजेन्द्रविक्रम शाहको लालमोहरमा पनि धर्मस्थलीको नाम धरमथली उल्लेख गरिएको छ । यस्तै गरी राणा प्रधानमन्त्री जुद्ध शमशेरको पालमा नेपाल पहाड टिपोट निक्सारी फाँटबाट औजनाथ भट्ट जैसी र भीमप्रसाद पाध्याको सम्बन्धमा वि.सं. १९९७ मा भएको निर्णयमा पनि सम्बन्धित व्यक्तिहरूको ठेगाना धर्मस्थली लेखिएको छ (धौबन्जार, २०६८ : ९३) ।

# अध्याय : तीन

# पुतुवार जातिको इतिहास

## ३.१ नेवार समुदाय परिचय

नेवार कुनै जाति विशेष होइन, समुदाय विशेषण हो । यो त एउटा नेवारी भाषा बोल्नेहरूको समूह हो जुन नेवार शब्द विभिन्न शब्दबाट अपभ्रंस भई बनेको हो भन्ने कुरा विभिन्न विद्वानहरूले गरेको छ । नेपाल वा नैपालबाट नेवाल हुँदै नेवार भएको विश्वास ज्ञानमणि नेपालको रहेको छ (नेपाल, २०४० : ९) उहाँका अनुसार नेवार शब्दले कुनै जाति विशेषलाई मात्र नबुझाएर समस्त देशवासीहरूलाई बुझाउँदछ। नीपबाट नैप र नैपबाट नेप र त्यसमा आल जोडिदा नैपाल वा नेपाल बन्दछ (उही : १८) । लार्सनले नीप र आल अर्थ 'नीप' अर्थात् पहाडको फेदी र आलको अर्थ मानिसहरूको बस्ती (लेभी, २००७ : ४३ ) भन्ने अर्थ लाग्दछ । डिल्लीरमण रेग्मीको भनाई अनुसार 'नीप' र 'आलय' दुई शब्दहरूको समिश्रणबाट नेपाल शब्द बनेको हो ।

समग्रमा नेपालको नाम जसरी रहेको भए तापनि नेपाल शब्दसित घनिष्ट रूपले नेवार शब्द पनि आएको देखिन्छ । बाबुराम आचार्यका अनुसार नेपार शब्दको जातिवाचक अर्थमा नेवार भएको नेवार र तामाङको एक आपसमा मिसिन गएपछि न्यार्वा भएको भन्ने कुराको उल्लेख गर्नु भएको छ (आचार्य, २०५४ : १,२) । नेवारहरू बसोवास गरेको मूल निवास स्थल भएकोले नेवारबाट नेपाल भनिएको पनि हुन सक्दछ । जातिवाचक नेवार नाम देश वा राष्ट्र बाचक नेपाल नामकै व्यवहारिक रूप हो । नेवारबाट नेपाल भएको सुनुवार नाम सुनकोशीका नेवारबाट र दनुवार चाहिँ डोय नेवारबाट आएको होला (रेग्मी, २०३५ : १-२) भन्ने उल्लेख रेग्मीले गर्नु भएको छ । तर डुइयाँबाट दनुवार जात बनेको हुन सक्ने (नेपाली, १९६५ : ३२) भन्ने भनाई नेपालीको रहेको छ । इङ्गल्याण्डका निवासी इङ्ग्सि र अफगानिस्तानका निवासी अफगान भए झैं नेपालका निवासी नेवार अथवा नेवा हुनमा कुनै शंका छैन (शर्मा, २०३३ : ३९) ।

नेवारहरू नेपाललाई नेपा वा नेवा भन्दछ । ने को अर्थ मध्य र पाको अर्थ देश हुन्छ तर नेवारी भाषाको बोलचालमा शब्द छोट्याएर बोल्ने क्रिया भएकोले नेपालको उच्चारण संक्षेप गर्दा नेवा भएको हुन सक्दछ (नेपाल, २०४० : १२) । तर यसको विस्तृत अध्ययन हुन अझ बाँकी छ । नेवारी समाजमा नेवारहरूको पहिचान छुट्टै हुनुमा नेवारी समाजको बनोट पनि एक हो । इ.सं. ५१२ मा लिच्छवि राजा बसन्त देवको थानकोटको शिलालेखमा प्रयोग गरिएको शब्द "स्वस्ति नैपालभ्य" (नेपालहरूको भलो होस) उल्लेख गरिएको छ । यस अभिलेखमा नेपालहरू भनेर त्यहाँका स्थानीय जातिका व्यक्तिहरूलाई सम्बोधन गर्न प्रयोग गरिएको थियो (वज्राचार्य, २०३०: ११०,१११) ।

नेवार जातिको उत्पत्तिको सम्बन्धमा थुप्रै विद्वानहरूले आफ्नै किसिमका विचारहरू व्यक्त गरेका छन् । गोपालराज वंशावलीमा ने मुनि ऋषि दुम्जाबाट मणीचुँडमा आई आश्रम गरी सकेपछि बस्ती बसालेका मानिसहरू नै नेवारहरू हुन् भनी उल्लेख गरेको छ (वज्राचार्य, मल्ल १९८५: ..) । गोपालसिंह नेपालीका अनुसार दक्षिण भारतबाट नान्यदेवसँग ११ औं शताब्दीमा नेपाल आएका नायर जातिका मानिसहरू नै कालान्तरमा नेवार भएको विचार व्यक्त गर्दछन् (नेपाली, १९६५ : २७) । दक्षिण भारतमा बस्ने नायरजातिका कैयन विशेषताहरू यहाँका नेवारी संस्कृतिमा पाइन्छ । विवाह उत्सवमा सुकुन्दा बालेर हिड्ने देवीदेवताको मठ मन्दिरमा पुग्दा अक्षता छर्ने तरिका खानपानको वैविध्य आदिमा पनि महाराष्ट्रमा बसोवास गर्ने नायर परम्परासँग अत्यधिक मात्रामा मिल्ने भएकाले इतिहासकारहरूले नायर जातिसँग नेवारको सम्बन्ध देखाएका छन् (कोइराला, २०४५ : ४६६) । नेवारको आदि पूर्खा किरात र लिच्छविहरू अनि विभिन्न समयमा यहाँ आकर्षित भएर विभिन्न दिशाबाट वसाई आएका अनेक उपजातिका सबै मानिस कालान्तरमा नेवार भएर गए (बिष्ट, २०६४ : ६) ।

भाषा वंशावली अनुसार नेवारहरू ब्रह्मपुत्र क्षत्रिय हुन् । यिनको आदि निवास स्थल दक्षिण भारतको 'नायर' प्रदेश हो । नायरहरू नेपालका प्रथम कर्नाटवंशी राजा नान्यदेवको साथ नेपाल आएका हुन् । नेवारहरूको भाषा, शारीरिक गठन र कलाको मिलान गर्दा हेमिल्टन जस्ता केही विदेशी विद्वानहरूले सम्पूर्ण नेवारी जातियतालाई विशुद्ध मंगोल भनेका छन् (शर्मा, २०३३ : ३८) । नेपाल उपत्यकामा विभिन्न जातिको प्रवेश हुँदै जाँदा विभिन्न जाति उपजातिहरू एक आपसमा मिश्रित हुन पुगे । यसै क्रममा किराँत, लिच्छवि र

मल्लहरू वृहत्तर नेवारीकृत हुन गएको देखिन्छ (उही : ३८) । सामाजशास्त्री किस्टफ भन हेमिनडर्फका अनुसार नेवारहरू काठमाडौं उपत्यकामा प्रागऐतिहासिक कालदेखि नै बसोवास गरेका आदिवासी हुन् (बिष्ट, २००० : १८) । सिल्भाँलेभीका अनुसार नेवारहरू उत्तर हिमालय तिरबाट उपत्यकामा आएका हुन् (लेभी, २००५ : १३९) । तर कुलचन्द्र कोइरालाका अनुसार उपत्यकाबासी नेवार सामाज मूलत किराँत होइनन् (कोइराला, २०४५ : ४६६) । गोपालसिंह नेपालीका अनुसार वर्तमान नेवार जाति आभीर, किराँत, लिच्छवि, वैश्य, ठकुरी र कर्णाटक समेतको समिश्रणबाट बनेको छ (नेपाली, १९६५ : २७) ।

यस प्रकार नेवारहरूको विषयमा विभिन्न विद्वानहरूको मत मतान्तर रहेको पाइन्छ भने अर्कोतिर नेवार एउटा जाति हो वा समुदाय हो भन्ने सम्बन्धमा पनि विभिन्न धारणाहरू पाइन्छ । वास्तवमा नेवार कुनै छुट्टै अलग जाति होइन । यो एउटा समुदाय हो । यो समुदाय भित्र विभिन्न वर्ग जातजाति थर रहेको छ । प्राचीन समयदेखि यहाँ बसोवास गर्दै आएका वर्गहरू र समय समयमा उपत्यकामा आएका अन्य वर्गहरू एक आपसमा मिलेर छुट्टै संस्कृति बन्यो र विकसित हुँदै हालको क्षेत्रीय संस्कृति देखापर्‍यो जसलाई नेवार संस्कृति भनिन्छ । जर्ज ग्रियसर्नको भनाइमा नेवारहरू गोर्खालीहरूको विजयभन्दा पहिले नेपालका शासक थिए र यिनीहरूको मूल थलो काठमाडौं उपत्यका नै हो (शर्मा, २०६७ : २९८) । भने गोइतका अनुसार नेपाली र नेवारी भन्नु यहाँ बोलिने भाषाको नाम हो र यो भाषा ईस्वी सम्वत १७६९ सम्म यहाँको राजभाषा थियो (उही : ३४१) ।

नेवारी समाज लिच्छविकाल देखि नै वर्ण व्यवस्थामा आधारित थियो । लिच्छवि कालमा चार वर्ण अठार जातमा आधारित थियो भन्ने कुरा लिच्छविकालीन अभिलेखबाट प्रष्ट भएको छ । प्राचीनकालदेखि भएको वर्ण व्यवस्था मध्यकालमा आएर अझ विकसित रूप वा भनौं अनेक थरीका जातजातिहरूमा विभाजित भएको देखिन्छ । जयस्थिति मल्लले मध्यकालमा चार वर्ण ६४ जातमा पेशा र व्यवसायलाई आधार मानेर विभाजन गरेका थिए (बुढाथोकी, २०३९ : ८) । अहिलेसम्म काठमाडौं उपत्यकामा बसोवास गरेका नेवार समुदायलाई हिन्दु वर्ग र बौद्ध वर्ग गरी दुई वर्गमा विभाजन गरी  चार वर्ण र अनेक थरीका थर-उपथरमा विभाजन गरेको पाइन्छ ।

जगदीश चन्द्र रेग्मीको अनुसार मध्य कालतिर कान्यकुब्जवर्गका अनेक थरी उपाध्याय, झा, मिश्र थर भएका बाहुन नेपाल पसको थिए । यी बाहुनहरूलाई नेवार

समाजका बाहुन राजोपाध्याय, देओभाजु, देओव्रम्हको रूपमा मानिएको थियो । यी बाहुनहरूलाई नै मल्ल राजाहरूले राजगुरुको रूपमा स्वीकार गरेका थिए । नेवार समाजमा जैसी वा कम्सल बाहुनहरूको पनि उपस्थिति रहेको कुरा उल्लेख छ । जैसी ८ थरको उल्लेख भाषा वंशावलीमा गरिएको छ । हाल कुन कुन थरका जैसी हुन सक्दछन् यकिनका साथ भन्न सकिएको छैन (रेग्मी, २०३५ : ५) । बौद्ध धर्मावलम्बीहरूमा बज्राचार्यहरूले पुरोहितको काम गर्दै आएका छन् भने शाक्यहरू मन्दिरको पुजारीको रूपमा कार्य गर्दछन् ।

सामाजिक संरचनाको आधारमा नेवार समुदायमा ब्राह्मण पछि क्षेत्रीलाई राखिएको छ । नेवार क्षेत्रीलाई रेग्मीले क्षेत्रियको रूपमा उल्लेख गर्नु भएको छ (उही : ५) । लिच्छवि, देव, मल्ल आदि समुदायहरूलाई श्रेष्ठमा राखिएको पाइन्छ । नेवार समुदायमा श्रेष्ठको रूपमा धेरै वर्गहरू पर्दछन् । भक्तपुरको प्रधानाङ्ग, कान्तिपुरको प्रधान प्रसिद्ध श्रेष्ठ हुन् । नेवार समुदायमा व्यवहारिक रूपमा ६ थरे श्रेष्ठ, ५ थरे श्रेष्ठ, अस्तित्व रहेको देखिन्छ । ६ थरे श्रेष्ठमा मल्ल, अमात्य, प्रधान, राजभण्डारी, जोशी र मुल्मी मानिएका छन् । आचाजु ६ थरे श्रेष्ठमा पनि उच्च वर्गमा पर्दछ । ६ थरे श्रेष्ठ समुदायहरूले व्रतबन्ध, उपनयन संस्कार अनिवार्य रूपले गर्नु पर्दछ । बाबुआमाको मृत्यु हुँदा छोराहरूले अनिवार्य किरिया बस्नु पर्ने परम्परा रही आएको छ । नेवार समुदायमा बौद्ध धर्मावलम्बीहरूले चाँहि व्रतबन्ध जस्तै चुडाकर्म संस्कार गर्दछन् । श्रेष्ठहरू शिक्षा, व्यापार व्यवसाय मध्येमा अन्य समुदाय भन्दा अग्रस्थानमा देखिन्छन् ।

हिन्दू धर्मको मान्यता अनुसार विभिन्न पेशागत समूह वैश्य हो । जसले आफूमा अन्तरनिहित ज्ञान र सीपको माध्यमवाट कुनै पनि व्यवसाय गर्दछ । व्यापार व्यवसायबाट आर्जित आयको निश्चितभाग राज्यलाई कर तिरेर राज्यवाट सम्मानित हुने समूह वैश्य हो । यस वर्गमा बौद्धमार्गीका मानिसहरू आफू गृहस्थ जीवन बिताउन थाले पछि उनीहरूले व्यापार व्यवसाय गर्न थालेका थिए, जसमा वाँडा र उदास थिए भने कृषि व्यवसाय गर्ने ज्यापूहरू थिए (उही : ९) । काठमाडौं सहरका निवासी ज्यापूहरू आफूलाई डंगोल भन्न रूचाउँछन् (आचार्य, २०५४ : ४६) । प्राचीन गोपाल जातिको सन्तति आजको महर्जन हुन् ( कोइराला, २०४५ : ४६५) । व्यावसायिक वर्गमा भने सुन, धातु, काठ, काँस, तामा, फलाम र ढुङ्गा आदि काम गर्नेहरू पर्दछन् ।

शुद्ध वर्गमा पनि दुई उप समूहमा विभाजन गरिएको छ, सत् र असत् (रेग्मी, २०३५:९) । शूद्र वर्गमा पनि अशुद्ध र अछुत गरी दुई भागमा विभाजन गरिएको छ । अशुद्ध जातिमा दुई बलामी, कसाई, खड्गी, कुसले, जोगी आदि थरहरूलाई सम्मिलित गरिएको छ भने अछुत जाति अन्तर्गत पोडे, च्यामे, कुलु, तथा हाराहुरु आदि जातका व्यक्तिहरू परम्परागत रूपमा शुद्ध वर्गमा पर्दछन् ।

वास्तवमा नेवार भनेको सिङ्गो र समष्टि एक ढिक्के समुदाय, जात, अथवा जाति नभएर विविध प्रजाति धर्म र नश्लको मिश्रणबाट बनेको एउटा बहुजातिय समाज हो (शर्मा, २०५४ : १४) । यसरी नेपाल उपत्यकाको नेवार समुदायमा यस जातीय व्यवस्थाले अहिले पनि महत्व राखेको पाइन्छ । मल्लकालीन राजा जयस्थिति मल्लले गरेको जातीय विभाजन व्यवस्थालाई धेरै वा थोरै मात्रामा वर्तमान समयमा पनि नेवार समुदायमा विद्यमान रहेको पाइन्छ । प्राचीनकालदेखि नै उपत्यकाका मुलनिवासी नेवारहरूले उपत्यकाको चौतर्फी विकास गरेका थिए । नेवारहरूले कला कौशल, व्यापार व्यवसाय, कृषि, भाषाकला, साहित्यको क्षेत्रमा विकास गरेको पाइन्छ । संस्कृतिका धनी नेवारहरू आजसम्म पनि आफ्नो परम्परागत मूल्य मान्यतालाई निरन्तरता दिँदै आएका छन् ।

नेवार कुनै एउटा विशेष जाति होइन । यो त एउटा नेवारी भाषा बोल्नेहरूको समूह हो, जुन नेवार शब्द विभिन्न शब्दबाट अपभ्रंश भई बनेको हो भन्ने कुरा विभिन्न विद्वानहरूले भाषागत व्याख्या गरेका छन् । बाबुराम आचार्यका अनुसार 'नेपार' बाट 'नेपाल' भएको स्थानीय भाषामा नेपार शब्द विकृत भएर जातिवाचक अर्थमा नेवार भएको तथा नेवार र तामाङको समाज मिसिन गएपछि न्यार्वा भएको भन्ने कुराको उल्लेख गर्नु भएको छ (आचार्य, २०५४ : १२) । नेवारहरू बसोवास गरेको मूल निवास स्थल भएकोले नेवारबाट नेपाल भनिएको पनि हुन सक्दछ । डा. सुनीति कुमार चटर्जीको नेपाल र नेवार शब्द एकै हुन् भन्दै त्यसको स्पष्टीकरण भाषाको दृष्टिकोणमा 'प' र 'ल' को ठाउँ 'त' र 'र' उच्चारण गर्ने प्रवृत्ति अनुसार नेपाल शब्दको अपभ्रंश भई नेवार शब्द हुन आएको हो (शर्मा, २०६७ : २९८) । यसै सम्बन्धमा जगदीशचन्द्र रेग्मीका अनुसार जातिवाचक नेवार वा राष्ट्रवाचक नेपाल र यसै राष्ट्रका बासिन्दा पनि नेपाल भनियो र यो नेवार जातिवाचक रूपमा पनि चल्न थालेको देखिन्छ । नेवार जातिले हिजोआज आफूलाई 'नेवा' र आफ्नो भाषालाई 'नेपाल भाषा' भन्दछन् ।

ज्ञानमणि नेपालका अनुसार नेवारी भाषामा बोलचालमा शब्द छोट्याएर बोल्ने प्रक्रिया भएकोले नेपालको उच्चारण सङ्क्षेप गर्दा नेवा भएको हुन सक्दछ (नेपाल, २०४० : १२) । नेवारी भाषाको लिखित प्रमाणहरू (अभिलेख, हस्तलिखितग्रन्थ आदि) लिच्छविकालिन समयमा नपाइए तापनि मध्यकालदेखि भने प्रशस्त पाइएको छ । मध्यकालमा ने.सं. २९३ (वि.सं.१२२९/१२३०) मा राजा रुद्रदेवले राख्न लगाएको अभिलेख नै नेवारी भाषाको पहिलो अभिलेख हो (वज्राचार्य, २०६८ : १०९) । यो अभिलेख साँखु बज्रयोगिनीमा रहेको छ । लिच्छविकालिन समयमा जनभाषा संस्कृत थियो कि थिएन तर सरकारी काम काजहरूको भाषा भने संस्कृत नै भएको देखिन्छ । अभिलेखहरू पनि संस्कृत भाषामा नै प्रसारण गरिएको पाइएको छ । मध्यकालमा संस्कृत भाषा नै नलेखिएको भने होइन । मध्यकालमा संस्कृतको साथ साथै नेवारी भाषालाई पनि अभिलेखमा उत्किर्ण र जनभाषाको रूपमा प्रयोग गर्न थालिएको देखिन्छ । जयस्थिति मल्लको समयमा नेवारीमा अनुवाद गरिएको अमरकोशको पुस्तकमा नै नेवारी भाषालाई सर्वप्रथम “नेपाल भाषा” भनिएको थियो (श्रेष्ठ, २०६६ : ३३) । चौधौ शताब्दीतिर नेपाल भाषाको नामकरण भएको र पछि पृथ्वीनारायण शाहले नेपाल उपत्यकाको विजय गरे पश्चात् सायद नेवारी भाषा पनि भन्ने प्रवृत्तिलाई बढी प्रोत्साहन गरेको हुनुपर्दछ । नेपाल भाषालाई मध्यकालदेखि विकासको दृष्टिकोणबाट स्वर्णयुग मान्न सकिन्छ (उही : ३४) ।

## ३.२ पुतुवारको परिचय

नेवारहरू काठमाडौं उपत्यकाका प्राचीन आदिवासी जनजाति हुन् । यिनीहरू काठमाडौं उपत्यका लगायत देशका सबै क्षेत्रहरू एवं व्यापारिक केन्द्रहरूमा यत्रतत्र भेटिन्छन् (बिष्ट, २००० : १७) । नेवार समुदाय भित्र पर्ने विभिन्न वर्ग मध्ये पुतुवार पनि एक जाति हो । प्राचीन समयदेखि पुतुवारहरू उपत्यकामा बसोवास भएको कुरा उल्लेख गरिएको छ । पुतुवार शब्द आउनु भन्दा पहिले यो समुदायलाई डुइयाँ नामले पुकारिएको थियो । गोपाल सिंह नेपालीले डुइँयाहरूलाई डुम र लायमु पनि भनेका छन् र यिनीहरूको अनुहार लाम्चो, नाक थेप्चो र शरीर होचो कदका हुन्छन् (नेपाली, १९६५ : २७) ।

१४ औं शताब्दीमा राजा जयस्थिति मल्लले नेवार समुदायलाई ४ वर्ण ६४ जातमा पेशा र व्यवसायको आधारमा विभाजन गरेका थिए । त्यस समयमा हिन्दू वर्ण व्यवस्था

अनुसार ब्राम्हण, क्षेत्री, वैश्य, शूद्र गरी ४ भागमा विभाजन गरिएको थियो । नेवार समाजमा यो वर्ण व्यवस्था अहिलेसम्म पनि कायम नै छ । जयस्थिति मल्लले नेवारहरूलाई ३६ जात बनाई श्रेष्ठ जातको नाम प्रख्यात गरियो । जैसीका ८, आचरको ८, बैधको जात ४, श्रेष्ठको जात ३ मध्ये तागाधारी १३ जात चन्देरी, सुवेदी, भण्डारी, आचार, दैवज्ञ आदि १३ जात तागाधारी हुन् । ब्राम्हणका जातजाति भयाका पञ्चगौड र पञ्चद्राबी गरी १० मूल जात हुन् र यिनैबाट ब्राम्हणका जातको नाम धेरै हुन गयो । जैसी ब्राम्हणलाई अपुज्य गरे, ज्यापूको जात ३२, कुम्हाल जात ८, कसाइँले नङ्ग काट्ने जात ७२, खसका जात ६४, बाँडाको जात ४, कुसलेको जात ४, पोडेको जात ४, चर्मकार कुलु यति सबै गरी जम्मा ७२५ ठहराएका थिए (बुढाथोकी, २०३९ : ६) । यसमा जात अनुसार व्यवसायको उल्लेख गरिएको छ । राजा जयस्थिति मल्लको सुधारमा खुसलले डोली बोक्नु, यिनीहरूले छोएको पानी नखानु भन्ने उल्लेख छ (बुढाथोकी, २०३९ : ७) । यस व्यवस्थाबाट हामीले के बुझ्न सक्दछौं भने पृथ्वीनारायण शाहको समयमा डोली बोक्ने डुइयाँहरूलाई नै त्यस समयमा खुसल भन्ने विश्वास गर्न सकिन्छ ।

गोपालसिंह नेपालीले समग्र नेवार समुदायलाई सामाजिक मान्यताको आधारमा ६ भागमा विभाजन गरेका छन् । ती हुन् - पुरोहित वर्ग (देवब्राह्मण, गुभाजु), उच्च जातिहरू, उच्च निम्न जातिहरू, तल्लो जातिहरू अशुद्ध जाति र अछुत जातिहरू हुन् । अछुत जातमा पोडे, च्यामेलाई राखेका छन् । त्यसै गरी डुइयाँ, बलामी, कसाइँ, कुश्लेहरूलाई शूद्र अन्तर्गत अशुद्ध जातिको रूपमा राख्नु भएको छ (नेपाली, १९६५ : १५०) । नेवार समुदायमा विभिन्न जात तथा उपजात मध्ये डुइयाँहरू ज्यादै कम मात्रामा छन् । डुइयाँ शब्दको अर्थ खोज्दै जाँदा हामी १४ औं शताब्दीमा पुग्नु पर्दछ ।

१४ औं शताब्दीमा लेखिएको गोपालराज वंशावलीमा नेपालको इतिहासको बारेमा लेखिएको छ । यस पुस्तकमा वि.सं. ११६८ मा श्री श्री नर मल्लदेव पोहले डोयहरूलाई खड्गले काटे भन्ने उल्लेख आएको छ (वज्राचार्य, २०६६ : ७१) । डोयराजा रामसिंहले वि.स. १३०१ र २ मा काठमाडौं उपत्यकामा ठूलो आक्रमण गरेका थिए । उनीहरू गोकर्ण भेग सम्म पुगेता पनि हार खाएर फर्केका थिए (उही : ८६) । वि.सं. १३५६ मा डोयहरूले काठमाडौं उपत्यकामा आक्रमण गरी त्रिपुरलाई दण्ड तिराउन बाध्य पारेका थिए (उही : ८७) । वि.सं. १३६७ मा डोयहरूले पुनः आक्रमण गरी करिव एक वर्ष सम्म ललितपुरमा

बसेर उपत्यकामा आफ्नो अधिकार जमाएका थिए । डोयहरूको प्रभुत्व सहजै स्वीकार नगर्दा ललितपुरका भारदार र प्रजाहरूलाई डोयहरूले कैद गरे । एक वर्षको रजाई पछि डोयहरूले प्रजाहरूलाई दण्ड गरी फर्कदा यहाँका देवलहरूमा आगो लगाउने, ध्वस्त पार्ने, देवस्व हरण गर्ने आदि काम गरे (उही : ९३, ९४) । पूर्व मध्यकालमा काठमाडौं उपत्यकामा तिरहुतेहरू वा डोयहरूले पटक पटक आक्रमण गरेको प्रसँगहरूको उल्लेख गोपालराज वंशावलीमा गरिएको छ ।

वि.सं. १३८२ मा तत्कालिन दिल्लीका सुल्तान गयासुद्दीन तुगलक बङ्गालको विद्रोह दवाई दिल्ली फर्कदा तिरहुतको बाटो गरी फर्केका थिए तर सिम्रौनगढका राजा हरिसिंह देवले आक्रमण गर्न आएको सम्झी प्रत्याक्रमण गर्दा सिम्रौनगढ ध्वस्त भयो । हरिसिंहदेव पराजित भएको र उनका फौजलाई कैद गरिएको प्रसँग पनि गोपालराज वंशावलीमा रहेको छ । यस युद्धमा डोयको हार भएकोले डोयबाट डुइयाँ पनि भएको हुन सक्दछ । डोयलाई तिरहुतेहरू पनि भनिएको छ (वज्राचार्य, २०२१ : ३०) । डोयको अर्थ खोतल्दै जाँदा ज्ञानमणि नेपालले डोय तराईवासी एक तल्लो जाति हो र नेपाल दूनवासी नेवार वर्गले यिनलाई होच्याएर हेपार्थमा यस शब्दले सम्बोधन गरे भन्ने कुरा उल्लेख गुर्न भएको छ (नेपाल, २०६२ : ९०) । डोयबाटै डुइयाँ भएको हो (उही : ९६) । तिरहुते फौजले काठमाडौं उपत्यकामा पटक पटक आक्रमण गरेर यहाँका मानिसहरूलाई त्रसित पारेको र आफूलाई विजेता योद्धाको रूपमा डोय (सम्मानित शब्द) भनि ठाँट, बाँठ रवाफ सहित उपत्यकावासीहरूलाई सम्बोधित गराउँदथे भन्ने विश्वास गर्न सकिन्छ । जव सिम्रौनगढको पतन भयो तव उपत्यकामा रवाफ जमाएर बसेका डोयहरूलाई उपत्यकावासीहरूले अपमानित गर्दै 'डुइयाँ' भनि अछुत र शूद्र वर्गमा राखिएको विश्वास गर्न सकिन्छ ।

यसबाट हामीले के बुझ्न सक्दछौं भने पूर्व मध्यकालदेखि नै डुइयाँहरूले नेपालको राजनीतिमा भाग लिएको कुरा स्पष्ट हुन्छ । त्यस समयदेखि नै नेपालको इतिहासमा यिनीहरूको महत्वपूर्ण भूमिका देखिन्छ । राजा पृथ्वीनारायण शाहको समयदेखि डुइयाँहरूको पानी चलाएर अछुत वर्ग वाट अशुद्ध वर्गमा जात परिणत गरिएको विश्वास गरिन्छ । नेपालको एकीकरणको समयमा कीर्तिपुरको दोश्रो आक्रमणमा राजाको सबभन्दा बलियो एवं विश्वासिलो मानिएका कालु पाण्डे लडाईमा मारिदाको समयमा महाराजा पृथ्वीनारायण शाह डोलामा (पाल्की) मा थिए । एउटा सिपाहीले उनलाई काट्न भनी खुडाँ उठाउँदा अर्कोले

यिनी राजा हुन मार्नु हुँदैन भन्यो । धार्मिक मान्यता अनुसार युद्ध समान योद्धाको बीचमा हुनु पर्दछ । तब एउटा डुइयाँ र कसाईले राजामाथी हुन सक्ने खतरालाई टार्न एकै रातमा डोली बोकी सुरक्षित रूपमा नुवाकोटमा पुऱ्याए । त्यसपछि राजाले डुइयाँहरूको तारिफ गरेर "स्याबास पुत" भन्दा त्यस दिनदेखि डुइयाँहरूलाई पुत्वार भनियो । उनीहरूको पहुँच राजाकहाँ पुग्यो (पन्त, २०२५ : ८१७,८१८) । तर भाषा वंशावलीमा भने कीर्तिपुरको लडाईमा गोरखाका महाराजा पृथ्वीनारायणको आफ्ना जीवन जोगाई भाग्नु पर्दा एक कसाही र पुतुवारले बोकी रातारात गरी नुवाकोट पुऱ्याईदिदा राजा बहुतै खुसी भई पुतुवारलाई राजपुतुवार भनि नजिक बनाई राखे भन्ने कुराको उल्लेख छ (लम्साल, २०२३ : ११५) ।

गोरखाका तत्कालिन राजा नरभुपाल शाहले आफ्नो दरबारको आम्दानी खर्चको कागजमा नुवाकोटका पुतुवारहरूलाई १ मोहर दिएको कुरा उल्लेख गरिएको छ (पन्त, २०४३ : ५५७) । गोरखाको इतिहास अध्ययन गर्दा पनि पृथ्वीनारायण शाह बेलकोटको हमला गर्न जाँदा उनको पाल्की बोक्ने पुतुवार घाइते भएको उल्लेख गरिएको छ (उही : ५५७) । यसरी नेपालको इतिहासमा राजाको डोली बोक्ने काम पुतुवारहरूले धेरै अगाडि वा भनौं मध्यकालदेखि नै गरेको अनुमान गर्न सकिन्छ । पृथ्वीनारयाण शाहले डुइयाँहरूलाई दिएको उपाधि पुतुवार हो ।

पुतुवारहरू पनि नेवार समुदाय भित्रको एक अंग हुन् । यिनीहरू पनि नेवार नै भएकोले भाषा, धर्म, संस्कार, विवाह लगायतका रीतिरिवाजहरू नेवारहरूसँगै नै मिल्दछ । धर्मस्थलीका स्थानीय बासिन्दा श्री वीरबल पुतुवार (वर्ष ७२) का अनुसार यिनीहरू पुर्खौंदेखि सरकारको सेवा गर्दथे । यिनीहरू सरकारको सवारी एवम् शिकारमा जाने, हात्तीका लागि स्याउला, दाना बोक्दथे । साथै दरवारमा आवश्यक अन्य सामग्रीहरू नोलमा बोकेर सरकारको सेवा गर्दथे । त्यसैले यिनीहरू सरकारबाट संरक्षित पनि थिए भन्ने भनाई छ । तर अहिले सरकारबाट केही राहत आउँदैन । मल्लकालमा यिनीहरू सरकारको सेवक भएको र आम्दानी राम्रै गर्ने भएकोले धर्मस्थलीमा खेतबारी जोडेका थिए र यहाँ बसोवास गर्ने थाले । यहाँका पुतुवार जातिले पनि आज भन्दा २०-२५ वर्ष अगाडिसम्म आफ्नो काम डोली बोक्ने पेशा गर्दै आएका तर अहिले डोली बोक्ने काम गर्दैनन् । २०-२५ अगाडिसम्म धर्मस्थलीमा यातायातको सुविधा कम थियो । यहाँका मानिसहरू विरामी हुँदा, विहेमा बेहुला बेहुलीलाई बोक्न र समान ओसारपसार गर्न डोलीको प्रयोग गरेको पाइन्छ ।

पुतुवार शब्दको अर्थ खोज्दा नेपाली वृहत् शब्दकोषमा पुतुवार (पोतदार) वा नेवारहरूमा डुइयाँ सरहको एक जाति जसलाई श्री ५ पृथ्वीनारायण शाहद्वारा नुवाकोट युद्धमा दिइएको उपाधि (पराजुली, २०६० : ७८६) भन्ने उल्लेख छ । पुतुवारलाई विभक्त गर्दा 'पुत' र 'वार' बन्दछ, जसको शाब्दिक अर्थ संस्कृत अंग्रेजी शब्दकोशमा पुतको अर्थ पुत्र (आप्टे, २००६ : ६२३) र वारको अर्थ शिव हो भनि स्पष्ट सँग लेखिएको छ (उही : ८४४) । 'पुत+वार' लाई सन्धी गर्दा पुतुवार बन्न आउँछ । यसरी सरसर्ती हेर्दा पुतुवारको शाब्दिक अर्थ शिवपुत्र हो भन्ने जनाउँदछ । पुतुवारहरूको कार्य राजाहरूको डोली वा पाल्की बोक्ने देखिन्छ । राजा जयस्थिति मल्लको समयमा पनि खुसलको कार्य डोली बोक्नु नै थियो त्यसैले पुतुवार र खुसल एकै जाति हुन सक्दछन् । पुतुवारहरूलाई दरबारको सर सामाना बोक्ने, राजाहरूको डोली (पाल्की) बोक्ने कार्यमा लगाएको देखिन्छ । यस सम्बन्धी डोर बहादुर विष्टले आफ्नो अध्ययनमा डुइयाँहरू गरिब कृषकहरू हुन् जसले सांस्कृतिक बाजागाजामा नाच्ने काम गर्दछन् (बिष्ट, २००० : २१) । नेवार समुदायलाई उपत्यकाको आदिवासीहरूको रूपमा लिइन्छ । यो समुदाय पुतुवार लगायत विभिन्न जातजातिहरूको समिश्रणवाट बनेको छ । उपत्यकाको विभिन्न बस्तीहरूमा पुतुवारहरू फैलिएर बसेका छन् । त्यस मध्ये धर्मस्थली गा.वि.स. पनि एक हो । यस गा.वि.स.को वडा नं. ७, ८ र ९ मा पुतुवार जातिको बसोवास रहेको छ । यिनीहरू धर्मस्थलीमा कहिलेदेखि बसोवास गरेका थिए भन्ने कुरा अहिलेसम्म प्रमाणित हुन सकेको छैन । तर जनश्रुति अनुसार यिनीहरू मध्यकाल देखि यहाँ आएर बसोवास गर्दै आएको भनाइ छ । धर्मस्थली गा.वि.स.मा पुतुवार जातिहरूको पुर्ख्यौली इतिहास बारे कुनै प्रमाणहरू भेटाउन सकिएको छैन । तथापि, यिनीहरूले ईष्टदेवता मानि आस्था र विश्वासका साथ पूजा गर्ने नारायण भनिने पार्वती (चित्र संख्या १२(ख))को मूर्ति इसाको १४ औं १५ औं शताब्दीको भएकोले पुतुवारहरूको बसोवास पनि सोही समय देखिको हुन सक्ने अनुमान गर्न सकिन्छ ।

## ३.३ भाषा

कुनै पनि देश तथा समाजको एउटा महत्वपूर्ण तत्वको रूपमा भाषालाई लिइन्छ । भाषा विना कुनै पनि कार्य पूरा हुँदैन । भाषाकै माध्यमबाट विश्वमा भएका सम्पूर्ण मानिसहरूको एक आपसमा कुराकानी आदानप्रदान गर्दछन् । भाषाले मानिसहरूको सामाजिक जीवनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । धर्मस्थली गा.वि.स.का पुतुवारहरू

पनि नेवारी समुदाय भित्रको एउटा वर्ग भएको हुँदा यिनीहरू पनि नेवारी भाषा बोल्ने गर्दछन् । नेवारी भाषालाई तिब्बती-बर्मेली भाषा-समूहको उप-हिमाली शाखाको अन्तगर्त गणना गरिएको छ । (शर्मा, २०५२ : ७१) । गोइत महोदयका अनुसार नेपाल र नेवारी भन्नु यहाँ बोलिने भाषाको नाम हो र यो भाषा १७६९ ईस्वी सम्म यहाँको राज भाषा थियो (शर्मा, २०६७ : २९८) । व्यापारको सिलसिलामा नेवार समुदायका मानिसहरू तिब्बततिर आवतजावत गर्ने थाले पछि त्यहाँको भाषा र संस्कृति सँगको उठबसवाट तिब्बती भाषा र प्रचलित नेवारी भाषा एक आपसमा मिश्रित भई नेपाल भाषा बनेको हुनु पर्दछ । उपत्यकामा विभिन्न ठाउँमा बसोवास गरेर बसेका नेवारहरूको ठाउँ अनुसारको नेवारी भाषा फरक फरक रहेको पाइन्छ । धर्मस्थलीका पुतुवारहरू पनि नेवारी भाषा बोल्दछन् ।

ति भाषाका केही शब्दहरू यस प्रकार छन् :

| | | |
|---|---|---|
| ला - मासु | मचा - बच्चा | मा - आमा |
| कनी - मकैं | जाकी - चामल | किजा - भाइ |
| वा - आइज | वा - धान वा वर्षा | पासा - साथी |
| हुँ - जा | छेँ - घर | कला - स्वास्नी |
| छोें - गहुँ | दुसे - कोदो | भातः - लोग्ने |

यहाँका पुतुवार बस्ती वरिपरि ब्राह्मण बस्ती भएकोले यहाँका पुतुवारमा नेपाली भाषाको प्रभाव परेको छ । उनीहरू घरमा नेवारी भाषा प्रयोग गर्दछन् भने समाजमा वा बाहिर नेपाली भाषाको प्रयोग गर्दछन् । राष्ट्रिय जनगणना वि.सं.२०६८ अनुसार नेपालका नेवारहरूको जनसंख्या १३,२१,९३३ रह्को छ । जसमध्ये ३.२% ले मातृभाषा नेवारी बोल्ने गर्दछन् र अन्यले नेपाली भाषा बोल्ने गर्दछन् (के.त.वि., २०६९/७० : १४) ।

## ३.४ थर

धर्मस्थलीका पुतुवारहरूले आफ्नो थरहरू विभिन्न राखेका छन् । पुतुवार, नगरकोटी, महर्जन, डंगोल, श्रेष्ठ आदि लेख्ने गरेको पाइन्छ भने हलचोकका पुतुवारहरूले राजवाहक, राजपुतुवार पनि थर लेख्ने गरेको पाइन्छ । सागर पुतुवारका अनुसार राजवाहक थर राख्नुको कारण पहिले पहिले राजखलकको विहे हुँदा र उनीहरूलाई कतै जानुपर्दा डोलीमा बोकी हिड्नु पर्ने भएकोले राजवाहक नाम रहन गएको र राजवाहक जात पुराना काजपत्रमा उल्लेख भएको

देखिन्छ । पुतुवार र नगरकोटी भन्दा राजबाहक पहिलो जात हो (पुतुवार, ११३१ : ४७) । यस बारेमा पदम श्रेष्ठले भने पृथ्वीनारायण शाहलाई कीर्तिपुरको भिषण युद्धमा कीर्तिपुरे सिपाहीबाट जोगाएर सकुशल थानकोट इन्द्रदहसम्म पुऱ्याई दिए पछि राजाले नै धाप मार्दै स्याबास आजदेखि तिमीहरू राजवाहक भयौ भनी पदभार दिएको उल्लेख गर्नु भएको छ (श्रेष्ठ, ने.सं.११२८ : २९) ।

धर्मस्थलीका पुतुवारहरूले हिजोआज महर्जन थर लेख्ने गरेको पाइन्छ । यस बारेमा सुशान्त पुतुवार (वर्ष ३०) का अनुसार पुतुवार नेवार समुदायको वर्ग भित्रका हुन् । यहाँ भएका अन्य नेवार समुदायले हामीलाई डुइयाँ भनी हेयभाव राख्ने गर्दछन् । त्यसैले आफूभन्दा माथिल्लो जातिहरूको थर राख्दा आफू त्यो समाजमा हेय नहुने दृष्टिकोणले आफ्नो थर परिवर्तन गरेको हो । यहाँका पुतुवारहरूमा पुरानो पुस्ताले आफ्नो थर पुतुवार नै लेख्ने गरेको पाइन्छ भने नयाँ पुस्ता वा भनौं उनीहरूका छोरी छोराहरूले महर्जन आदि लेख्ने गरेको पाइन्छ ।

धर्मस्थली गा.वि.स. मा पुतुवारहरूको घरधुरी संख्या ५८ मध्ये १५ घरका मानिसले आफ्नो थर महर्जन लेख्ने गरेको पाइएको छ । नगरकोटी थर भने नगरकोटको नेवारले तामाङ महिलासँग विवाह गरेको र त्यसबाट जन्मेको सन्तानलाई नगरकोटी भन्ने चलन रहेको छ । यहाँ पनि नगरकोटको महिलासँग विवाह गरेपछि त्यस महिलाले आफ्नो घरमा पनि नगरकोटी (पुतुवार) थर भन्ने गरेका छन् । यहाँका पुतुवारहरूले श्रेष्ठ महिलासँग पनि विवाह गरेका छन् र श्रेष्ठ पुरूषहरूले पनि पुतुवार महिलासँग विवाह गरेको पाइन्छ । यी सबै कुराले के प्रष्ट गर्दछ भने पुतुवारहरूले आफ्नो थर श्रेष्ठ, डंगोल, महर्जन, नगरकोटी आदि उल्लेख गरेको पाइन्छ ।

## ३.५ शारीरिक बनावट

ब्राह्मण, क्षेत्री, वैश्य र शूद्रको जन्मस्थान, वातावरण र खानपानले उनीहरूको शारीरिक बनावटमा फरक पर्दछ । नेवार समुदाय अन्तर्गतको पुतुवार जातिको वर्ण धेरै जसो गहुँगोरो, कालो आँखा, कालो कपाल, डल्लो नाक, मझौला कद, पुष्ट छाती, बलिष्ठ हातपाखुरा, जुँगादाऱ्ही कम भएको शारीरिक गठन देखिन्छ । पुरूषहरूको तुलनामा महिलाहरू केही दुब्ला र पातला देखिन्छन् । यिनीहरूको शारीरिक बनावट हेर्दा तामाङहरूको शारीरिक बनावटसँग लगभग मिल्दोजुल्दो छ ।

# अध्याय : चार

# सामाजिक तथा आर्थिक जीवन

## ४.१ सामाजिक जीवन

समाज एकै विचार, भाषा, जाति मिल्ने व्यक्तिहरूको समुह हो । समाजलाई चिनाउने मूल आधार त्यो समाजको संस्कृति र सभ्यता हो । हरेक समाजले आफ्नै खाले सांस्कृतिक पहिचानको आधारमा समाज स्वयंमले निर्धारण गर्दछ । समाजमा यस्ता सांस्कृतिक पहिचानको सृजना मानविय ज्ञान, आवश्यकता, सीप, विश्वास, आदिको आधारमा गरिएको  हुन्छ । मानिसले सृजना गर्ने सांस्कृतिमा भौगोलिक वातावरणको प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारेको हुन्छ, तिनैको सापेक्षमा परिवर्तन पनि हुन्छ ।

### ४.१.१ बसोवास र घरको बनावट

धर्मस्थली गा.वि.स. समितिबाट पश्चिम तर्फ पर्ने वडा नं. ७, ८ र ९ प्रायः डाँडाको रूपमा रहेको छ । डाँडामा रहेको केही समतल भू-भागमा पुतुवारहरूको स्थायी बसोवास रहेको छ भने फेदीमा ब्राह्मण र क्षेत्रीहरूका बसोवास रहेका छ । पुतुवारहरू प्रायः जङ्गलको नजिक वा काँठ क्षेत्रमा बसोवास गर्दछन् (टोफिन, २००८ : १५०) । यहाँका पुतुवारहरूको घरको बनावट परम्परागत नेवारी शैलीको अढाई तलासम्मका पाइन्छन् । परम्परागत नेवारी घरको भुई तलालाई छाँद वा छिडी, पहिलो तल्लालाई मता वा मटान, दोस्रो तल्लालाई च्वतः वा च्वट तथा माथिल्लो तलालाई बुईगल भनिन्छ (शर्मा, २०५२ : ७४) ।

पुतुवारहरूले घरकोलागि स्थान छनोट गरी सके पछि जगमा तामाको कलश र नागको प्रतिमा राखेर वास्तुपूजा गरी जग हाल्ने गर्दछन् । धर्मस्थलीका पुतुवारहरूको घरहरू काँचो ईंटा वा ढुङ्गालाई माटोको जोडाईमा बनाएको पाइन्छ । घरको आधार चारकुने गरी बनाएका छन् । घरमा पाली वा वार्दली राखिएका छन् । बार्दली र पाली छाउन छ्वालीको सट्टा जस्तापाताको प्रयोग गरिएको छ । घर छाउनको लागि छानोमा जस्ता वा टायलको प्रयोग गरिएको छ । घरको छिडीको तलामा घरायसी सामान राख्न र भेडा, बाख्रा, वा

कुखुराको खोरको लागि प्रयोग गरिएको हुन्छ । बीचको तल्ला सुत्ने कोठा र अन्न भण्डारणको रूपमा प्रयोग गरिएको छ भने बुईगलमा भान्छा र पूजाआजाको लागि प्रयोग गरिएको छ । आर्थिक अवस्था कमजोर हुनेहरूले घर भने भुई तल्लाको मात्रै हुन्छ् । आर्थिक अवस्था राम्रो हुनेहरूको भने पाको ईंटालाई सिमेन्टको जोडाईमा घर बनाएको पनि पाइन्छ । घरहरूमा आँगन पिंढी पनि बनाएका छ । आँगनको प्रयोग विशेष गरी उत्पादित अन्नहरू सुकाउन प्रयोग गरिन्छ । चाडपर्वमा भने घर लिपपोत र श्रृङ्गार पटार गरिन्छ । घरमा लगाउने रंगको रूपमा रातो माटो प्रयोग गरिन्छ (चित्र संख्या ४) । पुतुवार बस्तीमा घरहरू गुचुमुच्च रूपमा बनाएका छन् ।

## ४.१.२ पारिवारिक संरचना

सुखी जीवनको चाहनाले नै मानिस परिवार र समाजमा सक्रिय रहेको हुन्छ । आर्थिक, सामाजिक, नैतिक, सांस्कृतिक जस्ता विविध कारणहरूले हिन्दु समाजमा संयुक्त परिवार प्रथाको प्रचलन हुँदै आएको हो । परिवार विभिन्न व्यक्तिहरूको एउटा समूह हो जसले आ-आफ्नो निर्दिष्ट भूमिका निभाउँदछन् र एकै भान्छाको प्रयोग गर्दछन् । यस्तो परिवारमा हरेक सदस्यले आ-आफ्नो भूमिका निर्वाह गरेका हुन्छन् । साथै एक अर्कासँग सुख दुःख, र मनका भावना साटासाट गर्दछन् ।

पुतुवार जाति पनि हिन्दु धर्मबाट प्रभावित भएकाले यिनीहरू संयुक्त परिवारमा बसोवास गरी आएका थिए । नेवार समुदायमा प्रायः मानिसहरू संयुक्त परिवारमा बस्न रूचाउँछन् । धर्मस्थली गा.वि.स.मा बस्ने पुतुवार जातिमा भने संयुक्त परिवार भन्दा एकल परिवारको संख्या बढी मात्रामा रहेको पाइन्छ । अशिक्षाको कारणले यहाँको परिवारहरूको पहिले पहिले सन्तान बढी जन्माएको पाइन्छ । एउटै घरमा धेरै दाजुभाइ भएकाले कमजोर आर्थिक अवस्थाको कारण विवाहपछि आमाबाबुसँग छुट्टिएर बस्ने गरेको पाइन्छ । सानो परिवार सुखी परिवार भन्ने मान्यता आजकल रहेको पाइन्छ । संयुक्त परिवारमा बाबु, आमा, छोरा, छोरी, बुहारी, नाति, नातिना गरी तीन पुस्ता सम्मको सदस्यहरू रहेका छन् । तर एकल परिवारमा बाबु, आमा र उनीहरूका अविवाहित छोराछोरी वा प्राथमिक नाता भएका सदस्यहरू मात्र रहेका छन् ।

पारिवारिक सँगठनको विवरण:

| क्र.सं. | विवरण | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | संयुक्त | २० | ३४ |
| २ | एकल | ३८ | ६६ |
| | जम्मा | ५८ | १०० |

धर्मस्थली गा.वि.स.मा उमेर समूहको आधारमा पुतुवारहरूको जनसंख्याको वितरण

| वडा नं. | **उमेर समूह** | | | | | | | | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **०-१०** | | **११ -२०** | | **२१-४०** | | **४१-६०** | | **६१ भन्दा माथी** | | |
| | **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | |
| ७ | ५ | ६ | ४ | ५ | ४ | ४ | ६ | ५ | २ | ८ | ४९ |
| ८ | ८ | १२ | १० | ११ | ८ | ८ | ८ | ९ | ७ | ६ | ८७ |
| ९ | ११ | १३ | १२ | १२ | १४ | १५ | ११ | ८ | ६ | २ | १०४ |

- स्थलगत अध्ययन २०७० ।

## ४.१.३ भेषभूषा र गरगहना

जयस्थिति मल्लले नै सर्वप्रथम जातिगत रूपमा पोशाक र गहना लगाउने चलन चलाएका हुन् (बुढाथोकी, २०३९ : २) । आजभोलि भने जुनसुकै जातिले आफूखुसीको पोशाक र गहना लगाउन पाउँछन् र लगाउने गरेको पनि छन् । परापूर्वकालमा पुतुवारहरूको पोशाक के कस्तो थियो भन्न सकिन्न तापनि अहिले पुतुवारहरूको भेषभूषा उपत्यकाका अन्य नेवार समुदायहरूको जस्तै छ । यहाँ पुतुवार जातिका पुरूषहरूले भने दौरा, सुरुवाल, टोपी, सर्ट, पाइन्ट, टिसर्ट, ज्याकेट, स्वेटर लगाउँछन् भने वृद्धमहिलाहरूले गुन्यु, चोलो, फरिया, पटुका, ओढ्ने, स्वेटर, लगाउँछन् भने आधुनिक महिलाहरू कुर्ता, म्याक्सी, पाइन्ट, टिसर्ट, ब्लाउज, साडी लगाउँछन् । यिनीहरू किसानी नै भएकोले चाडबाड वा ईष्टमित्र कहाँ जाँदा, भोजभतेर तिरजाँदा मात्र नयाँ पोशाक लगाउने गर्दछन् । महिलाहरूले नाकमा प्वाल पार्नु हुँदैन भन्ने मान्यताका कारण नाक छेड्दैनन् तर कानमा, घाँटीमा र हातमा भने सुन, चाँदीका गरगहना र चुरा लगाउने गर्दछन् । महिलाहरूले सौभाग्यको प्रतीक स्वरूप सिन्दुर, पोते गरी चुरा, टीका, टप, कुण्डल, मुन्द्रा, तिलहरी

लगाउने गर्दछन् । पुतुवार जातिमा यहाँ भएका अरु समुदाय ब्राह्मण र क्षेत्रीहरूको भेषभूषा र गरगहनाको प्रभाव पुतुवार महिलाहरूमा परेको देखिन्छ (चित्र संख्या ५) ।

## ४.१.४ खानपान र भाँडावर्तन

हरेक जातिलाई भोजनको समस्याले नै विविध काम प्रतिप्रेरित गरेको हुन्छ । साधारणतया भोजनको कुरा गर्दा जातिगत आधारमा भन्दा पनि हावापानी र धरातलीय स्वरूपलाई लिनु पर्ने हुन्छ । धरातल र हावापानी अनुसार नै कृषि पैदावार उत्पादन गरी जीवन धान्नु पर्ने बाध्यता सबैलाई छ । पुतुवार जातिको खानपान साधारण किसिमको अर्थात् अरु जाति सरह नै छ । नेवारी समाजमा खानपानको विशेष महत्व रहेको हुन्छ । यस समुदायका मानिसहरूले एउटै मासुको पनि विभिन्न परिकार बनाएर खान जानेका हुन्छ । नेवार समुदायका प्रत्येक चाडपर्वमा मासु र रक्सीको ठूलो महत्व रहन्छ । यहाँका पुतुवारहरू साधारणतया दालभात, तरकारी, अचार, रोटी खाने गर्दछन् । चाडपर्व र सांस्कृतिक कृयाकलापमा हुने भोजमा दूध दहीको प्रयोग कम मात्रामा गर्दछन् भने माछा मासु जाँड रक्सीको प्रयोग बढी गर्दछन् । प्रायः रांगो एवं कुखुराको मासु खान्छन् । खाजाको रूपमा चिउरा, मकैं, भटमास, गहुँको प्रयोग गर्दछन् । तरकारीको रूपमा लसुन, प्याज, छ्यापी, मूला, सागसब्जीको प्रयोग बढी गर्ने गर्दछन् ।

भाँडावर्तनको रूपमा पुतुवारहरूले चरेस, पित्तल, तामाका भाँडाहरू वढी मात्रामा प्रयोग गरेको देखिन्छ । हाल आएर सिलाभर, स्टिल, फलाम र प्लाष्टिकका भाडावर्तनहरू पनि प्रयोगमा ल्याएका छन् । भात पकाउन राइसकुकर, कसौडी, डेक्चीको प्रयोग गर्ने गर्दछन् । कराही, प्रेसरकुकर, थाल, कचौरा, गाग्री, ग्लास, डाडु, पन्यू, बाल्टीनको समेत प्रयोग गर्ने गरेका पाइन्छ । परम्परागत रूपमा प्रयोगमा रहेका भाडावर्तनहरू बदलिदो भूमण्डलीकरणले गर्दा विस्तारै लोपोन्मुख अवस्थामा रहेको छ ।

**पुतुवार समुदायले बनाउने मासुको परिकारहरू**

| परिकार | बनाउने तरिका |
|---|---|
| छोयला | मासु आगोमा ओल्स्याउने । नुन, खुसार्नी, लसुन र अदुवाको लेदो आवश्यकता अनुसार ओल्स्याएको मासुमा मिसाएर तोरीका तेल राखि एकनासले मल्ने । |
| कचिला | किमा (काँचो मासुलाई पेलेर लेदो बनाउने), नुन, खुसार्नी, लसुन र अदुवाको लेदो आवश्यकता अनुसार तोरीको तेल राखेर एकनासले मल्ने । |
| भुटन | रागोको मुटु, कलोजो, फोक्सो, आन्द्रा, भुडी, मृगौला लगाएतको भित्र्यासलाई आवश्यकता अनुसार नुन, खुसार्नी, लसुन र अदुवाको लेदो राखेर तोरीका तेलमा पाक्ने गरी भुटेर राखिएको मासु । |
| सेकुवा | मासुलाई टुक्रा पारेर नुन, खुसार्नी, लगायतको मसलामा मोलेर राखिन्छ । यसरी राखिएको मासुलाई पाक्ने गरी आगोमा सेकाएर राखिएको मासु । |
| ड्याकुला | तेल मसलाको झोलमा पकाइएको मासु । |

## ४.१.५ शिक्षा

पुतुवारहरू शिक्षाको उचित अवसरबाट वञ्चित भएका छन् । यस गा.वि.स.मा पुतुवार बस्ती वरिपरि ३ वटा सरकारी विद्यालय २ वटा निजी विद्यालय गरी ५ वटा स्कुलहरू छन् तर यति नजिक स्कुल हुँदा पनि यहाँका मानिसहरू शिक्षाबाट वञ्चित भएका छन् । साधारणतया ५ कक्षासम्मको निःशुल्क शिक्षापछि पुतुवारहरू बालबालिकाहरूले पढ्न छोड्ने गरेको पाइन्छ । आर्थिक कठिनाइ र शिक्षाप्रतिको चेतनाको कमीको कारणले यहाँका पुतुवार अभिभावकहरूले आफ्ना नानीहरूलाई माध्यमिक तहको शिक्षा पनि दिलाउन प्रयत्न गरेको पाइदैन । परिवारको आर्थिक अवस्थाका कारण ५-६ कक्षा भन्दा पढ्न नपाइएको गुनासो यहाँको स्थानीय बासिन्दा गुन्बो डंगोल (वर्ष ५३) को रहेको छ ।

घरको आर्थिक अवस्था नराम्रो हुँदा पढाई छोडी बालबालिकाहरू ज्याला मजदुरी गर्ने जाने गरेको पाइन्छ । आफूले पढ्न नपाएकोले दुःख भयो भन्दै अहिले यहाँका अभिभावकहरूले आफ्ना बालबालिकालाई स्कुलमा पठाउन थालेका छन् । आर्थिक अवस्था राम्रो हुनेले निजी स्कुलमा र आर्थिक अवस्था कमजोर हुनेले सरकारी स्कुलमा आफ्ना बालबालिकालाई पठाउन थालेका छन् । यस गा.वि.स.मा हाल एक वटा उच्च माध्यमिक

शिक्षालय सहित सरकारी र निजी गरी ९ वटा विद्यालय रहेको छ । अहिलेसम्म यहाँ स्नातक पढ्दै गरेको १-२ जना मात्र देखिन्छ । प्रत्येक वर्षमा यस समुदायबाट एस.एल.सी. दिने १-२ जना मात्र देखिन्छ । यसबाट हामीले के अनुमान लगाउन सकिन्छ भने पुतुवारहरू पनि शिक्षादीक्षा तर्फ आकर्षित हुन थालेको देखिन्छ । हाल गा.वि.स.ले पनि त्यहाँ शिक्षाको स्तर वृद्धि गर्ने उद्देश्यले बुढाबुढीहरूलाई पढाउन प्रौढ शिक्षाको कार्यक्रम ल्याएको देखिन्छ । युवाहरूलाई विभिन्न राजनीतिक धारमा ल्याउन नागरिक मञ्चको आयोजना गरिएको छ साथै एउटा सचेतना केन्द्रको पनि स्थापना गरिएको छ ।

### ४.१.६ स्वास्थ्य र सरसफाई

मानिसको जीवनमा सबैभन्दा महत्वपूर्ण कुरा भनेको स्वास्थ्य र सरसफाई हो । मानिस स्वस्थ हुनलाई सरसफाई चाहिन्छ । शैक्षिक स्थिति जस्तै स्वस्थ्य स्थितिमा पनि यहाँका पुतुवाहरू धेरै पछि परेका छन् । पुतुवार समाज भुतप्रेत, धामी, झाँक्री माथि विश्वास गर्दछन् । यहाँका मानिसहरू विरामी हुँदा धामी, झाँक्री खोजेर झारफुक गर्ने गराउँदछन् । यसबाट विरामीलाई सञ्चो नभएमा मात्र अस्पताल लगेर उपचार गराउँदछन् ।

धर्मस्थली गा.वि.स. भित्र निजी क्लिनिक, हेल्थपोष्ट र एउटा समुदायिक अस्पताल रहेको छ । यस समाजमा आएको जनचेतनाका कारण व्यक्तिको स्वास्थ्य प्रतिको धारणामा परिवर्तन आएकोले बालबच्चाहरूलाई खोप लगाउने र नियमित स्वस्थ्य परिक्षण गराउने गर्दछन् । पुतुवारहरूको वाक्लो बस्ती रहेको वडाहरूमा स्वास्थ्य स्वयं सेविकाले नियमित रूपमा स्वास्थ्य सम्बन्धि चेतना जगाउन सकृय रहेको पाइन्छ । यी वडाहरूमा गरिएको नियमित अनुगमनले सरसफाईको अवस्थामा अपेक्षाकृत सुधार आएको छ । गैर सरकारी संस्था प्लान इन्टरनेशनलले घर घरमा शौचालय निर्माण गरी सरसफाई सम्बन्धि चेतना जगाएको  छ । यहाँका घर, चोक र गल्लीहरू पनि सफा देखिन थालेको छ ।

### ४.१.७ समाजमा महिलाको अवस्था

हिन्दु धर्मले महिलालाई पुरुष सरह समान हैसियतमा राखेको छ । तर आज समाजमा नारी उपेछित छिन् । सर्वप्रथम पारिवारिक सङ्गठन ढाँचा हेरी समाजमा नारीको स्थान कस्तो छ भनेर अध्ययन गर्नु पर्दछ । कुनै समाजमा नारीको स्थान अति नै राम्रो

भएको पाइन्छ भने कुनै समाजमा नारीको स्थान अति नै दयनिय अवस्थामा पनि रहेको पनि पाइन्छ ।

पुतुवार समाजमा पनि नारीको स्थान त्यति राम्रो छ भनेर भन्न सकिदैन । पितृसत्तात्मक परिवारिक प्रथा र पुरूष प्रधान वर्तमान समाजको सांगठनिक ढाँचा अनुसार पुतुवार समाजमा महिलाको अवस्थाको वारेमा अध्ययन गर्न सकिन्छ । यो समुदायमा महिलाहरूले भात पकाउने, केटाकेटीको स्याहारसुसार गर्ने, पानी भर्ने, लुगा धुने, घरको सरसफाई गर्ने, खाद्यान्न भण्डारण गर्ने आदि काम गर्दछन् भने पुरूषले आर्थिक कारोवार वाह्य लेनदेन, मजदुरी गरेर परिवारलाई पाल्ने आदि काम गरेको देखिन्छ । यो समुदायले शिक्षा आर्जनमा पनि महिलालाई प्राथमिकता दिएको पाइदैन । कमजोर आर्थिक अवस्था र अशिक्षाको कारण यो समाजमा महिलाहरूले आजसम्म पनि पुरूषको अधीनता स्वीकार गरेको पाइन्छ । विवाहमा पनि बाबुको वा दाजुको निर्णयलाई आफ्नो स्वीकारोक्ती दिनु पर्ने बाध्यकारी नियम यहाँका महिलाहरूको रहेका छन् । प्रेम विवाह गरेर गएकी छोरीलाई माईतीले हेला गर्ने गर्दछन्, सामान्यतया स्वीकार गर्दैनन् । पुतुवार समाजले विधवा विवाह र सम्बन्ध विच्छेदलाई स्वीकार गरेको पाइँदैन । समग्रमा पुतुवार समाजमा महिलाहरूको स्थिति कमजोर रहेको छ ।

## ४.१.८ अन्य जातिसँगको सम्बन्ध

धर्मस्थली गा.वि.स.का पुतुवारहरूको अन्य जातिसँग सुमधुर सम्बन्ध रहेको पाइन्छ । वडा नं. ७, ८ र ९ मा बस्ने ब्राह्मण क्षेत्रीहरूसँग मित्रवत व्यवहार भावना रहेको छ । यसै समाजमा भएका अन्य मानिसहरूको मेलापात, ज्याला, मजदुरी गर्न पुतुवारहरू आफ्नो कर्म सम्झन्छन् । समाजमा हुने हरेक सामाजिक कार्यमा पुतुवारहरूको संलग्नता रहेको पाइन्छ । पुतुवारहरूलाई अन्य जातिहरूले भेदभाव गरेको पाइँदैन । धर्मस्थलीमा बसोवास गर्ने अन्य नेवार समदाय सँग पनि यिनीहरूको सुमधुर सम्बन्ध रहेको छ । पुतुवार समाजले नेवार समुदायका अन्य जात (श्रेष्ठ, महर्जन)का छोरी चेलीलाई आदान प्रदान गरेको पाइयो । यस सम्बन्धबाट समाजका दुई वर्ग वीचको सम्बन्ध वैवाहिक स्वीकारोक्तीको तह सम्म पुगेकोले सम्बन्ध सुमधुर रहेको प्रष्ट हुन्छ । यहाँका पुतुवारहरूको श्रेष्ठ महर्जनहरूसित गुठी चाहिं एकै ठाउँमा भएको देखिदैन किनकी यी दुवै समुदायको बसोवास स्थल फरक फरक ठाउँमा

रहेको छ । यस समाजमा बसोवास गर्ने सबै जातजातिहरू मिलिजुली बस्नु पर्दछ भन्ने भावना विकसित भएको पाइन्छ ।

## ४.२ आर्थिक जनजीवन

पुतुवारहरूको पुर्खौली पेशा सम्बन्धमा राम्ररी स्पष्ट हुन सकेको छैन । यो जातिको पुर्खाको इतिहास नै स्पष्ट नभएको हुँदा यिनीहरूको परम्परागत पेशा के थियो भन्ने उल्लेख गर्न सकिएको छैन । पुतुवार वृद्धहरूको भनाई अनुसार उनीहरूको पेशा डोली बोक्नु र कृषिकर्म रहेको छ । यिनीहरू दैनिक ज्यालादारी र अन्य काममा संलग्न भएका पाइन्छन् । यिनीहरूको मूल व्यवसाय कृषिकर्म नै हो । पहिले पहिले डोली बोक्ने पेशामा रहेका थिए । अहिले डोली बोक्ने पेशा हराउँदै गएकोले फूलको व्यवसाय गर्न, कृषिकार्य गर्न र ज्याला मजदूरीको काममा लाग्न पुतुवारहरू बाध्य छन् । आर्थिक रूपमा आफूसँग भएको जग्गामा खेती गरेर केही पुतुवारहरूले जीवन गुजारेका छन् भने कम जमिन हुनेले ज्याला मजदुरी गर्न बाध्य भएका छन् । पुतुवारहरूले अधिकांश जग्गा अधियाको रूपमा कमाई रहेका छन् ।

### ४.२.१ मुख्य पेशा

यहाँ पुतुवारहरूको ३-६ महिनासम्म खाने पुग्ने जग्गा जमिन रहेको छ । अधिकांश पुतुवारहरूको आफ्नो जग्गा जमिन भएपनि उत्पादित अनाजले एक वर्षसम्म जीवन निर्वाह गर्न गाऱ्हो छ । जग्गा जमिनमा उत्पादन भएको अन्नले ३-६ महिनासम्म मात्र खान पुग्दछ । त्यसैले आर्थिक अवस्था अलि कमजोर देखिन्छ । यहाँको स्थलगत अध्ययनको आधारमा पुतुवारहरूको आर्थिक अवस्था कमजोर रहेको पाइयो । ६ महिनासम्म आफ्नो खेतको उब्जाउवाट खान पुग्ने भएपछि अरु समय खानको लागि ज्याला मजदुरी गर्नु पर्ने वाध्यता पुतुवारहरूमा रहेको पाइन्छ । यिनीहरूले ब्राह्मण क्षेत्रीहरूको खेतबारीमा ज्याला मजदुरी गरी  जिविका चलाएका छन् ।

**पुतुवारहरूको पेशा व्यवसाय**

| क.सं. | पेशा | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नोकरी | १३ | २२% |
| २ | चिया पसल | ८ | १४% |
| ३ | कुखुरा, कृषि | २० | ३४% |
| ४ | ढुङ्गाको काम | ८ | १४% |
| ५ | सिकर्मी, डकर्मी | ७ | १३% |
| ६ | निगालो बुन्ने | २ | ३% |
| | कुल संख्या | ५८ | १००% |

- स्थलगत अध्ययन, २०७० ।

यस तालिकामा नोकरी गर्नेको संख्या १३ रहेका छन् । जस मध्ये ८ जना ड्राइभर ५ जना सरकारी सेवामा सहायक पदमा काम गर्दछन् । चिया पसलको व्यवसाय गरी ८ परिवारले आफ्नो गुजारा गरेका छन् । २० परिवारले मौसम अनुसारको कृषि कार्यमा ज्यालामजदुरी गर्ने कुखुरा दुवानी गर्ने बाँकी फुर्सदको समयमा वरिपरि गाउँमा गई फूल सङ्कलन गरी बजारमा लगि बेची आर्थिक आम्दानी गर्दछन् । ८ परिवारले भने अरु ठाउँमा वा ठूलो ठूलो खोलामा गई राम्रो ढुङ्गा सङ्कलन गरी मसला पिस्ने खल / सिलौटो ( खलवत्ता), जातो बनाई बेच्ने गर्दछन् । रामबहादुर पुतुवार, वर्ष ६०, ले वि.सं. २०३२ सालदेखि यो काम गरिरहेको र यसबाट आफ्नो परिवारको लालन पालन राम्रोसँग गरेका छन् । एउटा जातो वा खल बनाउन तिन दिन सम्म लाग्ने र एउटा बेच्दा रु १,५००।- देखि रु २,०००।- रूपैयाँ लिने गरेका छन् । ७ परिवारले भने सिकर्मी डकर्मी काम गरी काठमिल समेत राखेर आय आर्जन गरेको पाइन्छ ।

## परम्परागत जातो र खल बनाउने प्रविधिः

जातो वा खल बनाउन खोलाले बगाएर ल्याएको चिल्लो खालको ढुंगाको छनोट गरिन्छ । छानिएको ढुंगालाई आकार दिन छिना र घनको सहायताले लिइन्छ । छिनालाई घनले विस्तारै हिर्काएर आवश्यकता अनुसारको आकार प्रकार बनाइन्छ । एकसरो रूपमा तयार भएको सिलौटोलाई बिक्रि योग्य बनाउन अर्को ढुंगाले बिस्तारै रगडिन्छ (चित्र संख्या ६) । जातो बनाउदा भने एउटै ढुंगालाई बिचबाट दुई फक्लेटा पारी गोलाकार बनाई चिप्लाउने सम्मको काम गरिसके पछि मानी राख्नको लागि वीच भागमा प्वाल पारिन्छ ।

साथै माथिल्लो तहमा रहने ढुंगामा हतासोको लागि छेउ तर्फ प्वाल पारिन्छ । यसरी जातो परम्परागत रूपमा तयार गरिन्छ ।

### ४.२.२ कृषि र पशुपालन

परम्परागत रूपमा हेर्दा कृषि र पशुपालनलाई एक अर्कोमा निर्भर रहेका व्यवसाय मान्न सकिन्छ । कम्पोष्ट मल प्राप्त हुने हुँदा नै कृषिको निम्ति पशुपालन अनिवार्य मानिएको हो । कम्पोष्ट मलको स्थान विदेशबाट आयात गरिएका रासायनिक मलले लिन थालेकोले कृषि व्यवसाय अपनाउनेहरू पशुपालन गर्नुपर्छ भन्ने धारणाबाट टाढिदै गएका छन् । यहाँका पुतुवारहरूले मौसम अनुसारको खेतीपाती गर्ने गर्दछन् । यहाँको मुख्य बाली धान हो  । पुतुवारहरूको जमिन थोरै भए पनि धान गहुँ लगाउने गर्दछन् । बारीमा मकैं, कोदो, तरकारी, फलफूल खेती लगाउने गर्दछन् । पुतुवार बस्ती उच्च भागमा भएकोले उच्च भागमा मकैं, कोदो लगाउने गर्दछन् ।

तरकारीहरूमा सागसब्जी, आलु, मुला, लौका, स्कुस, काँक्रो, फर्सी, घिरौला, बोडी, सिमी, लसुन, अदुवा, बेसार उत्पादन गर्दछन् । आफ्नो खेतबारीमा थोरै भए पनि फूल खेती गरेका छन् । फूल खेतीमा भने नारायणपाती, लालुपाते, सयपत्री, हरियो दुबो आदि उत्पादन गर्दछन् । पशुपालनमा गाई, बाखा, कुखुरा, भेडा पाल्ने गर्दछन् । पशुपालन खेतमा मल राख्ने उद्देश्यले गरेको पाइन्छ । परम्परागत रूपमा खेती गर्न स्थानीय कामी समुदायले आरनवाट तयार गरेका विभिन्न औजारहरूको प्रयोग गरिन्छ । औजार विना कृषिकर्म सम्भव हुँदैन त्यसैले यहाँ कृषकहरूले कोदाली, कोदालो, हसिँया, कुटो, बन्चरो, खन्ती, खुर्पा, खुकुरी आदिको प्रयोग गर्ने गर्दछन् । साथै आफैं वा अन्य समुदायले चोयाद्वारा बनाइएको डोको, डालो, नाङ्लो, नाम्लोको प्रयोग भरपुर मात्रामा उपयोग गरेको पाइन्छ ।

### ४.२.३ भू-स्वामित्वको स्थिति

यस धर्मस्थली गा.वि.स.को वडा नं. ७, ८ र ९ मा बसोवास गर्ने पुतुवार जातिको प्रमुख पेशा ज्यालामजदुरी गर्ने गर्दछन् । यिनीहरूको प्रशस्त जग्गा जमिन भएको भए तापनि आफ्नो जमिनलाई सुविधासँग साट्दा धेरै पुतुवारहरू भूमिहीन हुन पुगेको पाइन्छ । खासगरी बाँकी रहेको जमिन पनि वर्तमानको जमीनको मूल्यको प्रभावमा परी व्यापक विक्री

गर्ने गरेको पाइन्छ । केही परिवारमा राम्रो जग्गा जमीन रहेको, केही परिवारमा सामान्य मात्र रहेको छ । जमिनमा यिनीहरूले धान, गहुँ, मकैं, कोदो, तोरी, आलु, सिमी, बोडी, लसुन, प्याज, सागसब्जी, मूला, आदि तरकारी तथा खाद्यबाली लगाउँछन् । प्रायः सबै जमिनमा सिंचाई सुविधाको कमी भएका कारण उत्पादनको दर न्यून देखिन्छ । खेती सम्पूर्ण रूपमा श्रमबाट सञ्चालन गर्ने र आपसमा पर्म लगाई खेती कार्य गर्ने गर्दछन् ।

नेपालमा भूस्वामित्व व्यक्तिको हुने र उसले आफ्नो इच्छा बमोजिम जमिनको क्रय विक्रय गर्न पाउने अधिकार रहेकोले भूमिमाथीको अतिक्रमण दिनानुदिन बढ्दो रहेको छ । यस नीति कारणले व्यक्तिको भूमिमाथीको अधिकार घट्दो क्रममा रहेको छ ।

**घर परिवारको भू-स्वामित्वको विवरण**

| क्र.सं. | भू-स्वामित्व (रोपनी) | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ रोपनी भन्दा कम | ३९ | ६७% |
| २ | १ रोपनी देखि ५ रोपनीसम्म | ११ | १९% |
| ३ | ५ रोपनी देखि १० रोपनीसम्म | ६ | १०% |
| ४ | १० रोपनी भन्दा माथि | २ | ४% |
| | कुल | ५८ | १०० % |

- स्थलगत अधययन, २०७० ।

उक्त तालिकाबाट के बुझ्न सकिन्छ भने यस क्षेत्रमा बसोवास गर्ने पुतुवार जाति मध्ये भूमिहीन अवस्थाका मानिस देखिँदैनन्। यहाँका ५८ घर मध्ये २ घर परिवारको १० रोपनी भन्दा बढी जमिन रहेको छ भने ६ घर परिवारको ५ रोपनीदेखि १० रोपनीसम्म जमिन रहेको छ । ११ घर परिवारको ५ रोपनी भन्दा न्यून जमिन रहेको देखिन्छ भने सबैभन्दा बढी ३९ घर परिवारको १ रोपनी भन्दा कम जमिन रहेको पाइन्छ । समग्रमा पुतुवारहरू भूमिहिन त छैनन् तर करिव ८६% घर परिवार कृषि आय वाट मात्र जीवन गुजारा गर्न सक्ने अवस्थामा छैनन् ।

# अध्याय : पाँच

# पुतुवार जातिको सांस्कृतिक जीवन

## ५.१ संस्कार

संस्कृति : मानिसको जीवन व्यवहारमा /प्रचलनमा रहेको लोकभाषा, अभिनयकला, संस्कार, चाडपर्व, जीवन र जगत सँग सम्बन्धित कर्म, सीप, कला, प्रविधि आदि एक पुस्ता बाट अर्को पुस्तामा निरन्तर हस्तान्तरण हुँदै आएको छ भने त्यसलाई संस्कृति भनिन्छ । सामान्यतया संस्कृति भन्नाले संस्कार, चाडपर्व र धार्मिक मान्यतालाई बुझिन्छ ।

मानिसलाई सभ्य, सु-संस्कृत र समाजको लागि योग्य बनाउन सामाजिक संस्कारको विशेष भूमिका रहेको हुन्छ । मानिस एउटा सामाजिक प्राणी हो । मानिस समाजमा जन्मिन्छ, समाजमै हुर्कन्छ र समाजमै मृत्युवरण गर्दछ । समाजविना मानिसको अस्तित्व पनि रहँदैन । तसर्थ, मानिस समाजको एक महत्वपूर्ण सदस्य हो । मानिस र समाजको एक आपसमा नङ्मासुको सम्बन्ध रहेको हुन्छ । नेवार समुदायभित्र पनि मानिसलाई सुयोग्य र सभ्य नागरिक बनाउनको लागि जन्म देखि मृत्यु पश्चातसम्म विभिन्न तहगत संस्कारद्वारा संस्कारित गरिन्छ । वर्तमान भूमण्डलीकरणको परिवेशमा परम्परागत र तहगत संस्कारहरूमा केही परिमार्जन गरी सम्पूर्ण नेवार समुदायले संस्कारित हुँदै आइरहेका छन् । नेवार समुदाय भित्रका विभिन्न वर्ग रहेकोले सम्पूर्ण संस्कारगत कर्महरू अनिवार्य रहेको देखिँदैन । कुनै वर्गले केही बढी र कुनै वर्गले केही कम संस्कारहरूद्वारा संस्कारित हुँदै आइरहेको पाइन्छ । यहाँको पुतुवारहरूको जातक संस्कारमा कर्मकाण्डी पुरोहितको आवश्यकता पर्दैन । समाजको जो कोहीद्वारा जुठो सुतक फुकाउने परम्परा रहेको छ । धर्मस्थलीका पुतुवारहरूले सामान्यतया निम्न संस्कारहरू मान्दै आएका छन् :

### ५.१.१ धौवजि नकेगु (दही चिउरा खुवाउन जाने)

नेवार समुदायमा प्रत्येक शुभ कार्यमा दही चिउरा खुवाउने चलन रही आएको छ । यसै परम्परा अनुरूप नै गर्भवती भएको नौ महिना पश्चात बच्चा जन्मने समय नजिक आएपछि माइतिघरको तर्फबाट "धौःवजिनकः वनेगु" (दही चिउरा खुवाउन जाने) कार्य

गरिन्छ । यसरी दही, चिउरा खुवाउन जानको लागि दही, चिउरा, मिठाइ, फलफुल, माछा, मासु सहितको पोषण युक्त खानेकुरा लिएर भेट्न जाने चलन यद्यपि रहेको छ । यसरी "दही चिउरा" खुवाउन जानुको प्रमुख उद्देश्य विना विध्नबाधा शिशुलाई जन्म दिन सकियोस भनि गर्भवती महिलालाई माइतिघरको तर्फबाट शुभकामना सहित "सगुन" (विशेषत : दही र चिउरा) अर्पण गर्नु हो (श्रेष्ठ, २०६६ : १४१,१४२) ।

धर्मस्थलीको पुतुवार जातिमा गर्भवती महिलालाई भरसक सुत्केरी घरमा नै गराउनु पर्छ भन्ने धारणा रहेको पाइन्छ र गर्भवती महिलालाई बढी स्याहार सुसार बढी पोसिलो खानेकुरा खुवाउनु पर्छ भन्ने धारणा रहेको छ । तसर्थ सुत्केरी आमालाई पोषणको कमी नहोस भन्नको लागि माछामासु सहितको आहार दिने चलन रहेको छ । यहाँका महिलाहरूमा जति धेरै काम गऱ्यो उति नै गर्भको पीडा कम हुने, बच्चा छिटो र सजिलो सँग जन्मिन्छ भने धारणा रहेको छ । गर्भवती भए पनि यिनीहरू घरको सम्पूर्ण कामकाज आफै गर्दछन् । यसै गा.वि.स.मा रहेका स्वास्थ्य संस्थामा समेत गर्भवती महिलाहरू नियमित रूपमा स्वास्थ्य परीक्षण गराएको तथ्याङ्क पाइदैंन । तर गर्भवती महिलालाई एकदमै गाऱ्हो समस्या भयो भने मात्र अस्पताल लैजाने प्रवृत्ति यहाँ पाइन्छ । महिलालाई सुत्केरी व्यथा लाग्ने वित्तिकै आफ्नो नजिकै रहेको नारायण र गणेशको मन्दिरमा गएर नियमित सरह पूजाआजा गर्ने गर्दछन् । यसबाट सुत्केरी महिलालाई गाऱ्हो नहोस् र बालक सजिलोसित जन्मन सकोस् भनी प्रार्थना गर्ने गर्दछन् । त्यसबेला नारायण मन्दिरमा गएर घरमुलीले नारायणको शिरदेखि तेलको धारा लगाउने गर्दछन् । तेलको धारा सिधै तल झरेमा छोरा र यताउतावाट बगेमा छोरी जन्मने पूर्व संकेतको रूपमा पुतुवारहरूले लिने गर्दछन् ।

पुतुवारहरूमा सकेसम्म सुडेनी (नर्स) लाई बोलाउने चलन भएको देखिदैन । तर अलि शिक्षित परिवारहरूले भने सुडेनी बोलाउने चलन पनि रहेको पाइयो । बच्चा जन्मिएपछि शिशुको साल प्रायः बुढी आमाहरूले काट्ने गर्दछन् । नवजात शिशुलाई मन तातो पानीले नुहाएर घरभित्रको कुनै कुनामा पराल माथि ओछ्यान विछ्याई आमाको नजिकै सुताइन्छ । त्यसपछि बच्चा जन्मेको खबर सुत्केरीको माइतमा पठाइन्छ । माइतबाट बच्चाको मुख हेर्न आउने चलन रहेको छ । माइतबाट विभिन्न किसिमका खानेकुराहरू लिई आउने परम्परा रहेको छ । सुत्केरी आमाको र नवजात शिशुको उचित स्याहारको लागि माइतीले सुतक चोख्याइसके पछि आफूकहाँ लिएर जाने प्रचलन पुतुवार समाजमा पनि रहेको छ । माइतीले सुत्केरीलाई जुन रितले खानेकुराहरू सहित भेट्न आउँछन् त्यही रित र

खाने कुराहरू लिएर घरपरिवारका मानिसले सुत्केरीलाई माइतीमा भेट्न जानु पर्ने चलन यहाँको पुतुवार समाजमा रहेको छ ।

### ५.१.२ जातकर्म (मचा बु व्यंकेगु)

शिशु जन्मिए पछि गरिने संस्कारलाई जातकर्म र नेपाल भाषामा मचा बु व्यंकेगु भनिन्छ । यो संस्कार बच्चा जन्मेको ४ वा ६ वा ८ दिनमा सम्पन्न गरिन्छ । यस दिन विहान सुत्केरी चोख्याउन घर सबै लिपपोत गरिन्छ । यहाँ सुत्केरी चोख्याउने काम बच्चाको प्रायः नाइटो झरेको भोलीपल्ट स्थानीय बुढापाकाले सामान्य कर्मद्वारा चोख्याइन्छ । जस्तै, नाइटो ३ दिनको दिन खस्यो भने चोख्याउने काम ४ दिनमा गरिन्छ । यहाँका पुतुवारहरू यसलाई नाइटो खसेको भन्दछन् । यस दिन सुत्केरी र शिशु दुवैलाई नुहाइदिने, नयाँ कपडा लगाई दिने चलन छ । घरको स्वास्नी मान्छे वा दिदी फुपु (अजी) द्वारा ग्राम देवताको पूजा गर्ने गरिन्छ । यसरी पूजा गर्दा गणेश र नारायण आदिको नाममा अलग अलग पूजा गर्नु पर्दछ । पूजा सकिए पछि सुत्केरी सुतेको पराल जलाउनु पर्छ । त्यसपछि चोख्याउने काम सिधिन्छ । त्यस दिन माइतीलाई पनि बोलाई खाना खुवाउनु पर्छ तर विशेष भोजभतेरको आयोजना हुँदैन । तर समाजमा हुने खानेले यो संस्कार गर्दा छरछिमेकीलाई बोलाएर भोज खुवाउने गर्न थालेको छन् । माइतीबाट यसै दिन बच्चा र आमालाई आवश्यक पर्ने लुगा र अरु सामानहरू ल्याई दिने चलन छ । यस पुतुवार समाजमा नामकरण संस्कारको चलन देखिँदैन । घरको बुढापाकाले कुनै राम्रो दिनमा बच्चाको नाम राख्ने चलन देखिन्छ । यिनीहरूमा छैंठी हेराउने चलन नभएकोले चिना (जन्म कुण्डली) बनाउने चलन छैन, नवजात शिशुको कान एकै महिनामा नै छेड्ने गर्दछन् । कान नछेड्ने मानिसले मृत्यु पछि स्वर्गमा वास नपाउने विश्वासले कान छेड्नै पर्दछ भन्छन् पुतुवारहरू । पुतुवार समाजमा छोरीलाई माइतीमा सुत्केरी गराउने चलन छैन ।

### ५.१.३ पास्नी, अन्नप्राशन (मचा जंकू)

अन्य नेवार समुदायमा जस्तै शिशुलाई पहिलो पल्ट अन्न खुवाउने चलन पुतुवारहरूको पनि रहेको छ । यस समुदायका मानिसहरूले छोराको छैठौँ वा आठौँ महिनामा र छोरीको पाँचौ वा सातौँ महिनामा अन्न खुवाउने परम्परा रही आएको छ । यसदिन घर लिपपोत गरी सफा गरी  आफ्नो कुलदेवताको नाममा पूजा गरिन्छ । यहाँका

पुतुवारहरूले नारायण, गणेश र महाँकालको विशेष पूजाआजा गर्ने गर्दछन् । यस अवसरमा बच्चालाई नुहाएर सफा कपडा लगाई दिन्छन् र आमाको काखमा राखी परिवारको सबभन्दा जेठो व्यक्तिले बच्चालाई खीर वा दुधभात घरमा भएको थालमा राखेर हातैले बच्चाको ओंठमा जुठो लगाइदिने गरिन्छ । यस दिनमा बच्चाको फुपु, मामा र अन्य नातेदारहरूलाई बोलाउने गर्दछन् जसले बच्चालाई अन्न खुवाएर गच्छे अनुसारको दक्षिणा पनि दिने गर्दछन् (चित्र संख्या ७) । सम्पन्न परिवारहरूका व्यक्तिहरूले भने यस अवसरमा समस्त नातागोता छरछिमेकलाई बोलाई ठूलो भोज खुवाउँछन् । तर जसको आर्थिक अवस्था अलि कमजोर छ त्यस व्यक्तिले भने कुनै शुभ दिन हेरी बच्चालाई मन्दिरको अगाडि राखी अन्नको जुठो मात्रा लगाई दिन्छन् ।

## ५.१.४ व्रतवन्ध (कयता पूजा) उपनयन

बालकको जन्म भएको ५ देखि ९ वर्षको उमेरसम्ममा उपनयन संस्कार गरिन्छ । नेवारीमा उपनयन कर्मलाई कयता पूजा (शाब्दिक अर्थमा लंगुटीको) भनिन्छ (श्रेष्ठ, २०६६ : १४५) । पुतुवार समाजमा भने उपनयन संस्कार ७ देखि ९ वर्षको अन्तरालमा गर्ने चलन भए तापनि खासै यति नै वर्षमा गर्नुपर्छ भन्ने नियम छैन । व्रतवन्धको दिन विहान नै घर लिपपोत गरिन्छ । यस अवसरमा मामा, फुपु र अन्य नातेदारहरूलाई निमन्त्रणा गरिएको हुन्छ । व्रतवन्ध गरिने वटुकको कपाल अरु नेवारहरूको नाउँ (नापित) द्वारा खौरिने चलन रहेकोमा पुतुवारहरूमा भने आफ्नै मामाद्वारा खौराइन्छ । काटेको कपाल एउटा थालमा फुपुले वा दिदीबहिनीले थापेर नजिकको खोलामा लगी बगाउछन् । त्यसपछि वटुकलाई नुवाई धुवाई गरेर, पुतुवार समाजमा यस अवसरमा दिदीबहिनीले वुकुवा लगाइदिने चलन छैन, अरु परिवार समेत भएर गणेश र नारायण मन्दिरहरूमा वटुकलाई पूजा गराउँदछन् । पूजा सकिए पछी वटुकलाई हल्का भोजन गरिन्छ । घर फर्किएपछि मामाले भान्जालाई सगुनको रूपमा माछा, मासु, फुल, बारा (मासको रोटी) दही र फलफूल आदि दिने गरिन्छ । सुगनमा लंगुटी (कयता) टोपी र एकजोर लुगा पनि राखिन्छ । मामाको पालो सकिएपछि घरका सदस्य र थकालीले पनि सगुन दिन्छन् । व्रतवन्धको दिन बेलुका आफूले बोलाएका सबै ईष्टमित्रहरूलाई भोज खुवाउने गरिन्छ । भोजमा समयबजि, जाँड, रक्सी, र मासु खुवाउने गरिन्छ । पुतुवार समाजमा कर्मकाण्डी पुरोहित राख्ने र मण्डप बनाउने जस्तो

चलन देखिँदैन । तर अहिले समाजमा देखिएको आडम्बरको कारणले सम्पत्ति हुने पुतुवारहरूले खस ब्राह्मणहरूद्वारा मण्डप बनाएर व्रतबन्ध संस्कार गराइएको पाइयो ।

### ५.१.५ इही (बेल विवाह)

बालिकालाई समाजमा रहेको रीतिरिवाज संस्कार आदिको ज्ञान गराई समायोजित आचरण गर्ने असल महिलाको रूपमा चारित्रिक विकासको साथै सामाजिक कार्यमा औपचारिक स्थान प्राप्त गर्न इही संस्कार गरिन्छ । बालिकालाई इही नगरून्जेलसम्म समाजको सदस्यको रूपमा स्वीकार गरिदैन र समूहभित्र गरिने धार्मिक, सामाजिक, सांस्कृतिक कार्यहरू तथा मर्दापर्दाको संस्कारहरू सहभागिता गराइदैन । नेवार समुदायमा कन्याको रजस्वला हुन भन्दा अगाडि बेल नामक फल सित कन्याको विवाह गराउने संस्कार बेल विवाह हो । भनिन्छ, बेल विवाह भएपछि कुनै पनि केटी कुमारी हुँदैनन् अर्थात् उनीहरूले बेललाई आफ्नो पतिको रूपमा स्वीकार गरी सकेको हुन्छन् । बेल त्यस्तो फल हो जो एकपटक सुके पछि समान्यतया फुट्दैन त्यसैकारण बेलविवाह गरेकी महिलाले विधवा बस्नु पर्दैन भन्ने मान्यता नेवार समाजमा रहेको छ (चित्र संख्या ८) । बेलविवाह सामूहिक रूपमा गर्ने चलन नेवार समाजमा रही आएको छ । यस धर्मस्थलीका पुतुवार कन्याहरूको भने इही गरेको प्रमाण पाइदैन । जनकलाल शर्माका अनुसार देउभाजु, कसाइँ, च्यामे, धोबी र डुइयाँ जातका नेवार जातका कन्याहरूको मासिक धर्म सुरु हुनु भन्दा अघि बेलसित विवाह गराउँदैन (शर्मा, २०६७ : ३०२) । धर्मस्थलीका स्थानीय बासिन्दा चन्द्रबहादुर पुतुवार (७० वर्ष) को भनाई अनुसार आर्थिक कमजोरीका कारण यो संस्कार गर्न नसकिएको हो । करिव ८६% पुतुवारहरूको आर्थिक अवस्था निकै कमजोर भएको कुरा स्थलगत अध्ययनले देखाएको छ ।

### ५.१.६ गुफा राख्ने (बाऱ्हा तयगु)

काठमाडौं उपत्यकामा बसोवास गर्ने नेवार समुदायका बालिकाहरूको पहिलो महिनावारी हुनु अगावै गुफा (बाऱ्हा तयगु) राख्ने काम गरिन्छ । आजकल नेपालभर छरिएर रहेका सवै नेवार समुदायका सदस्यहरूले गुफा राख्दछन् । नेवारी समाजमा यस संस्कारलाई विशेष महत्वपूर्ण संस्कारको रूपमा लिइन्छ । रजस्वला हुनु अगावै कन्यालाई एघार दिनसम्म अध्यारो कोठामा सूर्यको किरण पनि नछिर्ने, कुनै पुरूषको स्पर्सण तथा दर्शन नहुने ठाउँमा

लुकाएर राखिन्छ । कन्या राखेको कोठामा महिलाहरू मात्र पस्ने चलन छ । बाऱ्हौ दिनको दिन सूर्यको पूजा र दर्शन गराइसकेपछि कन्यालाई शुद्ध पारिन्छ । यसपछि विभिन्न देवीदेवताको दर्शन गराइन्छ । पूजा सकिएपछि आफन्तहरूलाई डाकी भोज खुवाउने चलन पनि रहेको छ । यदि यस गुफा राखेको बखतमा कुनै कन्याको मृत्यु भएमा लासलाई सोही घरको गुफाराखेकै कोठाको ठीक मुनी छिडीमा गाड्नु पर्ने मान्यता रही आएको छ । लासलाई भऱ्याङबाट ओरालनु हुँदैन भन्ने मान्यताको आधारमा घरको तलामा प्वाल पारी छिडीमै ल्याउनु पर्दछ । गुफा राखेकी कन्याको कारणवस मृत्यु भएमा मृत्यु संस्कार महिलाहरूले मात्र गर्नु पर्दछ, पुरुषहरूले हेर्न समेत हुँदैन भन्ने मान्यता रहेको छ ।

च्यामे र डुइयाँ जातका नेवारहरूमा बाऱ्हा राख्ने चलन छैन (शर्मा, २०६७ : ३०३) । धर्मस्थलीका पुतुवारहरूमा केही वर्ष देखि सक्नेले (गुफावाट निकालेपछि आफन्तलाई भोज खुवाउन सक्नेले) बाऱ्हा राख्न थालेको स्थानीय बासिन्दा आशलाल पुतुवार (वर्ष ४५) को भनाई छ । अधिकांश पुतुवारहरूले भने छोरी पहिलो पटक रजस्वला हुँदा ७ देखि ९ दिन सम्म कुनै पुरुषलाई नछोइकन बार्ने गर्दछन् । गुफा राख्न नसक्ने पुतुवार कन्याको रजोवृत्ति अगावै अनिवार्य रूपमा गुन्यूचोलो दिने परम्परा रहेको छ । रजस्वलाको समयमा पुतुवार महिलाहरूले छोइछिटो बार्दैनन् तर भात भान्छा र पूजाआजा गर्दैनन् । यहाँका स्थानीय बासिन्दाहरूको भनाईमा गुफा राख्न धेरै खर्च लाग्छ, भोज खुवाउनु पर्दछ त्यसैले आर्थिक अवस्थाबाट विपन्न यहाँका पुतुवारहरूले आफ्नो सामाजिक संस्कारहरू समय र क्षमता अनुसार परिमार्जन पनि हुँदै आएको छ ।

### ५.१.७ विवाह

मानव जीवनमा विवाहको ठूलो महत्व छ । सृष्टिको क्रमलाई निरन्तरता दिनको लागि वैवाहिक सम्बन्ध अनिवार्य छ । विवाहको माध्यमबाट नै दाम्पत्य जीवनको सुरुवात हुन्छ । पूर्वीय संस्कृति र पाश्चात्य संस्कृतिमा विवाहको आ-आफ्नै विशेषता पाइन्छ । पाश्चात्य संस्कृतिमा युवा युवतीहरू आफ्नो यौन आवश्यकता परिपूर्तिको लागि वैवाहिक बन्धनमा बाधिन्छन । पूर्वीय संस्कृतिमा युवायुवतीहरू जीवनभर सँग सँगै बाँच्ने र सँगै मर्ने उदार भावना लिई वैवाहिक बन्धनमा बाँधिन्छन् । जीवनभर एक अर्कोलाई सहयोग गरी समाजभित्र प्रचलित संस्कारलाई पालना गर्दै आफ्नो परिवार र समाजको उन्नतिमा सक्दो

योगदान दिएर जीवनयापन गर्दछन् । हिन्दु धर्मशास्त्र अनुसार सन्तान उत्पादनको लागि विवाह अनिवार्य छ । जसले पितृउद्दारका लागि पिण्डदान गर्दछन् । तर नेवारी संस्कृतिको दर्शन अनुसार वैवाहिक बन्धनमा बाँधिनुको उद्देश्य यौनचाहना परिपूर्ति गर्नु र सन्तान उत्पादन गर्नुको अलावा दुई परिवारको बीचमा सुमधुर सम्बन्ध कायम गर्नु पनि हो ।

यहाँका पुतुवारमा मागी विवाहको चलन देखिन्छ । मागी विवाहको कुराको आरम्भ लमीद्वारा हुन्छ । लमीले नै केटा र केटीको अभिभावकहरूको बीच विवाह प्रस्ताव राख्दछ । दुई पक्षको बीचमा विवाहको कुरा अगाडि बढाउने सहमति भएमा सगुन लिने काम हुन्छ, अन्यथा कुरा टुंग्याइन्छ । विवाहको कुरा छिन्दा केटा पक्षले सगुन स्वरूप ल्याएको लाखामरी अण्डा, दही २ कतारो, दुलहीलाई एक जोर कपडा, मासु १ धार्नी, रक्सी २ माना, र १०५।- रूपैंया आदि वस्तुहरू केटी पक्षले स्वीकार गरेमा विवाहको कुरा पक्का हुन्छ । अरु नेवार समुदाय जस्तो सुपारी दिनु पर्ने चलन पुतुवार समाजमा छैन । विवाह अभिभावकहरूको नीति निर्देशनमा चल्दछ । विवाहको कुरा छिनीसकेपछि दुलाहाले विवाहको लागि दुलाहीलाई साथै लगेर कपडा किनि दिने चलन छ । कपडा किन्ने दिन दुलही हुने छोरी/बहिनीको साथ उसका आमा, बुबा, दाजुभाइ, समेतको संलग्नता रहन्छ । दुलहीलाई कपडा किनीसकेपछि दुलाहाको घरमा गई बजार गर्नेहरूले दुलही समेत भोज खाने चलन छ । यो चलन अन्य नेवार समुदायमा रहेको पाइदैन ।

यस समुदायमा पनि अन्य नेवार समुदाय जस्तै विवाहमा दुलाहाले घरबाट जन्ती जाने चलन रहेको छ । काठमाडौं उपत्यकाका नेवार समुदायमा दुलाहालाई स्वयम्वर गर्नु पर्ने भएमा बाहेक दुलाहालाई जन्तीसँगै दुलहीको घरमा लैजाने परम्परा छैन । विवाहमा दुलाहा पट्टीको जन्ती र दुलाही पट्टीका सम्पूर्ण ईष्टमित्रहरूलाई संयुक्त भोज खुवाउने प्रचलन रहेको छ । भोज खर्च भने २/३ दुलाहाको तर्फवाट र १/३ दुलहीको तर्फ वाट व्यहोरिने गरिन्छ । आपसी सहमतिमा भोजको लागि सामग्रीहरूको छनौट गरिएको हुन्छ । भोजमा जाँड, रक्सी, अण्डा, वारा, चिउरा, विभिन्न किसिमको मासुका परिकारहरू, गेडागुडीका तरकारीका परिकारहरू, अचार सहितको भोज खुवाउनु पर्दछ । विवाहमा जन्ती जाँदा सबै आमन्त्रित ईष्टमित्र सहित दुलाहाको घरबाट भोज पनि तयार पारी लैजाने चलन थियो । यो चलन हाल गोलढुंगाका पुतुवारहरूमा मात्र बाँकी रहेको छ । हाल धर्मस्थलीका पुतुवारहरूमा

भने विवाहको दिन दुलही पक्षको तर्फवाट जन्तीलाई एक गोटा अण्डा र एउटा वारा सहित एक प्याला रक्सी/जाँड खुवाउनै पर्ने चलन रहेको छ।

दुलाहाको तर्फवाट दुलहीको घरका पाहुना १ जनालाई ३ माना चिउरा, १२-१५ किसिमका विभिन्न खानेकुराहरू र जाँड, रक्सी खुवाउनु पर्छ। यी सबै सामाना लिएर जन्ती दुलहीको घरमा पुगेपछि दुलहीको घरबाट पनि जन्तीलाई भोज खुवाउने व्यवस्था हुन्छ। जन्तीमा दुलाहा नभए पनि उसको निम्ति छुट्टै दुई भाग राख्ने चलन छ। सो भाग दुलही जाने बेला सँगै पठाइन्छ। जन्ती दुलहीको घरमा रातभरि नाचगान गरी बिताउँछन् र भोलि पल्ट दुलहीलाई सिँगारपटार गराएर जन्तीहरूले दुलाहाको घरमा लिएर फर्कन्छन्। दुलाहाको घरमा नवदुलहीलाई दुलाहाले सिन्दुर नजिकैको मन्दिरमा लगेर लगाईदिने गर्दछन् (चित्र संख्या ९)।

विवाहमा माइतीले आफ्नो छोरीलाई गच्छे अनुसारको दाइजो पनि दिने चलन रहेको छ। विवाह भएको चार दिन पछि दुलहीले आफ्नो आमा बाबुलाई माइतमा भेट्न आउने चलन रहेको छ। यसरी मागी विवाह पुतुवार समाजमा सम्पन्न गरिन्छ। विवाहमा पुरोहित लगाउने चलन रहेको पाइदैन र विवाहको लागि भनेर जग्गे पनि बनाउने चलन यहाँ रहेको पाइदैन। यिनीहरूको विवाहमा भोज भतेरमा धेरै खर्च लाग्ने कुरा स्थानीय बासिन्दाको भनाई छ। त्यसैले यो समाजमा मागी विवाहको प्रचलन प्रायः कम रहेको छ।

यस जातिमा सात पुस्ता पार गरेको सगोत्रीहरू सँग विवाह चल्दछ। यिनीहरूको विवाह प्रायः आफ्नै टोल र इलाका भित्रै हुने गर्दछ। धर्मस्थलीको वडा नं. ९ का पुतुवारहरूको विवाह वडा नं. ८, ७ मा भएको पाइन्छ। आफ्नै टोलको केटा वा केटी भएपछि सबै आनीबानी समेत थाहा हुने भएकाले उनीहरूको वीचमा विवाह गर्दा वैवाहिक सम्बन्ध राम्रो हुने उद्देश्यले टाढा नपुगेको कुरा पुतुवारहरू बताउँछन्।

यस समाजमा मागी विवाह भन्दा भागी (प्रेम) विवाह प्रचलन रहेको छ। प्रेम विवाह गर्दा खर्च कम लाग्ने कुनै किसिमको झन्झट नहुने भन्ने मान्यता रहेको छ। प्रेम विवाह गर्दा केटा र केटीले पहिलेदेखि एक अर्कोलाई चिन्ने बुझ्ने भएकाले विवाह पछिको जीवन राम्रोसँग निर्वाह गर्न सकिन्छ भन्ने धारणा रहेको छ। प्रेम विवाहमा केटा र केटीले विवाह

गरेपछि पनि परिवारका सदस्यले दाइजोको लोभले पछि विवाह गरि दिने परम्परा पनि यहाँ रहेको छ । प्रेम विवाह गर्दा सामान्य रूपले मन्दिरमा गई सिन्दुर हालेर सम्पन्न गरिन्छ ।

यस समाजमा अन्तर्जातीय विवाह देखिन्छ । यहाँका पुतुवारहरूले श्रेष्ठ, महर्जन र नगरकोटी महिलाहरूसँग प्रेम विवाह गरेको पाइन्छ । श्रेष्ठ महिलाहरूलाई भगाएर ल्याउने, पुतुवार महिलाहरू श्रेष्ठ, महर्जन थर भएकाहरू सँग प्रेम विवाह गरी  भागी जाने चलन बढी भएको देखिन्छ । त्यसैले यस समाजमा मागी विवाहको प्रचलन हराउँदै गएको पाइन्छ । मागी विवाह नहुनुको कारण आर्थिक कठिनाई र बढी खर्च भएको कारणले गर्दा छोराछोरीको विवाह एउटा ठूलो समस्याको रूपमा रहेको छ । त्यसैले यिनीहरूमा केटा र केटीको बीचमा एक आपसमा प्रेम गरी केटीलाई भगाएर लाने चलन बढी रहेको पाइन्छ । यस समाजमा प्रेम विवाहको संख्या बढीरहेको छ । यस समाजमा विधवा विवाहको प्रचलन छैन । यसरी पुतुवार समाजले अन्तरजातिय विवाहलाई स्वीकार गरेको पाइन्छ ।

### ५.१.८ बुढो जंकू (ज्याथः जंकू)

नेवारी संस्कृति अनुसार मानिसले तान्त्रिक साधना गरी देवत्व प्राप्त गरी सिद्ध भएको उदाहरणहरू पाइन्छ । तर कुनै व्यक्तिले दीर्घायु जीवन प्राप्त गरी जीवित रहेमा त्यस्ता व्यक्तिलाई पनि देवताको स्थानमा राखी विशेष सम्मान प्रदान गर्ने प्रचलन छ । वृद्धहरूलाई ज्याथः जंकू गरी रथमा बसाई जात्रा गरेर देवताको सम्मान प्रदान गर्ने संस्कृति नेवार समुदायमा मात्र विद्यमान रहेको हुँदा यसको विशेष महत्व रहेको स्पष्ट हुन्छ । बुढा जंकूको जीवनमा ३ पटक गरिन्छ । पहिलो पटक ७७ वर्ष ७ महिना ७ दिनमा, दोस्रो पटक ८३ वर्ष ४ महिना ४ दिनमा र तेस्रो पटक ९९ वर्ष ९ महिना ९ दिन पुगेपछि यो संस्कार गरिने प्रचलन रहेको छ । यस पुतुवार समाजमा यो चलन विगत धेरै वर्ष अगाडि थिएन तर अहिले हुन थालेको पाइन्छ । यस समाजमा बुढाहरूलाई रथमा राखी गणेश, नारायण, महाँकाल मन्दिर घुमाउने चलन रहेको छ । अनेक परिकार पकाई खुवाई उपहार दिने चलन छ ।

## ५.१.९ अन्त्येष्टि (मृत्यु संस्कार)

यो संस्कार मानिसको जीवनको अन्तिम संस्कार हो । मानिसको मृत्यु पश्चात परलोकमा असल स्थान प्राप्त होस् भन्ने कामनाका साथ मृत्यु संस्कारलाई पालना गर्दै आइरहेका देखिन्छ । मानिसहरूमा प्रगाढ विश्वास यो पाइन्छ कि मानिसको मृत्यु हुना साथ उसको आत्माले पूर्ण रूपले शान्ति पाएको हुँदैन । मानिसले मृत्युवरण गरी सकेपछि पनि उसको आत्मा आफ्नो परिवारसँगै रहेको हुन्छ । त्यसकारण मृत शरीरलाई दाह संस्कार गरी पितृलोकमा प्रवेश होस् भन्ने कामनाका साथ अन्त्येष्टि संस्कार गर्ने प्रचलन पाइन्छ ।

यो मृत्यु संस्कार जातजाति पिच्छे फरक फरक गरी मनाउने प्रचलन छ । यस पुतुवार समाज हिन्दू धर्ममा विश्वास गर्ने भएकाले मृतकहरूको काजकिरिया राम्ररी गर्नुपर्छ अन्यथा मृतात्माले भूतप्रेत आदि भएर घर परिवारका सदस्यहरूलाई दुःख दिन्छन् भन्ने मान्यता यिनीहरूको रहेको छन् । पुतुवारहरूमा मानिस मरी सकेपछि उसको आत्माले शरीर त छोडी उडेरजान्छ तर वायुमण्डलमा घुमिरहन्छ भन्ने विश्वास छ । त्यसैले राम्रोसँग काजकिरिया गरी त्यस आत्मालाई पन्छाउनु पर्छ भन्ने धारणा रहेको छ । यस समाजमा कसैको मृत्यु भएपछि सर्वप्रथम गुठीयारहरूलाई खबर गरिन्छ । घरमा लास पर्नासाथ नजिकको ईष्टमित्र र गुठीयारहरू जम्मा हुन्छन् । साथै सम्पूर्ण दाहसंस्कारको कार्य सीगुठीले गर्दछ (शर्मा, २०५४ : १४२) । सी गुठीले लास उठाउने र पोल्ने काम गर्दछ भने सना गुठीले लास उठाउँदा सहयोग गरी दिने र मसानघाट सम्म जाने काम गर्दछ तर यहाँको पुतुवार समाजमा सी गुठी र सना गुठीको छुट्टाछुट्टै अस्तित्व देखिँदैन । सी गुठीमा प्रत्येक घरका मूलीहरू र एकै घरका पनि भिन्न भएर बसिसकेका दाजुभाइ भए उनीहरू पनि गुठीयार हुने गर्दछन् । तर गुठीमा नै बस्नु पर्छ भन्ने जबर्जस्ती छैन ।

कसैको मृत्यु हुँदा सबै गुठीयारहरू नआएमा जरिवाना गरिन्छ । सबै गुठीयार जम्मा भइसकेपछि बाँसको खट बनाइन्छ । त्यस पछी मृतकलाई कपडाले बेरी खटमा लास राखिन्छ । लास माथी अबीर र चन्दन छर्किने गरिन्छ । लास सहितको खटलाई चार जनाले बोक्ने गर्दछन् । लास सँग सँगै घरमा पकाएको भात नयाँ हाँडीमा राखी, माटोको घैटा, एउटा हँसिया, एउटा सिलाभरको थाल आदि डालोमा राखि खर्पनमा बोकेर मृतक सँगै घाटमा लगिन्छ । लासलाई घाटमा लगेर सबै गुठीयार भएर जलाउने गर्दछन् । लास सबै

जलाई सकेपछि घाटमा थालमा भात राखेर, हँसिया र पानी भरेको घैंटालाई डालोले त्यही छोपेर सबै गुठीयारहरू घर फर्किन्छन् । यस जातिमा किरियापुत्रीको रूपमा छोरा नै बस्नु पर्दछ भन्ने छैन । किरिया पुत्री जो बस्दा पनि हुन्छ । किरिया पुत्रीले जस्तो कपडा लगाउँदा पनि हुन्छ ।

मलामीहरू लास जलाएर घर फर्किएपछि आ-आफ्नो घरका महिलाहरूले घरको ढोकामा बसेर संस्युको तेलमा भिजाएको कपास बाल्दा निस्केको धुँवाको बास्ना लिएर शुद्ध हुन्छन् । जसले यस्तो कार्य गर्दैनन् तिनीहरू घरको भित्र पस्न पाउँदैनन् (टोफिन, २००८ : ३४७) । मृतकको घरमा भएका स्वास्नी मान्छेहरूले नजिकैको खोला या धारासम्म रुँदै जान्छन् र जल लिएर आउँछन् । त्यो पानीले किरियापुत्रीहरूलाई छर्किने गर्दछन् । मान्छे मरेको ११ दिनसम्म किरियापुत्रीहरू एक छाक भात नुन, वेसार र तेल नराखेको तरकारी सँग खाने गर्दछन् । ११ दिनसम्म माछा, मासु, जाँड, रक्सी खान हुँदैन । एक छाक भात र चिया फलफूल मात्र खाने गर्दछन् । मान्छे मरेको घरमा तरकारी ओइरहेको आवाज आउनु हुँदैन । त्यसबाट घरमा अपसगुन हुन्छ भन्ने मान्यता रहेको छ ।

जुठो परेको चौंथो दिन दिदी-बहिनी र गुठीयारका मान्छे आएर एक भाग अदुवा, चिनी, चिउरा, बेसार आदि खाने कुराहरू छुटाएर राख्नु पर्छ । चौंथो दिन दिदी-बहिनी माइतीमा अनिवार्य आउनु पर्दछ । एघारौं दिनमा चौंथो दिनमा छुटाएको सबै खाने कुराहरू र सोही दिनमा पकाइएको भात समेत पुतुवार बस्तीबाट नजिकै रहेको डुमान डाँडामा गएर जुठो चोखाउने काम गर्दछन् ।

घरमा भएका यी सामाग्रीहरू दुई जना भरियाले खर्पनमा राखेर त्यस ठाउँमा लग्दछन् । त्यस ठाउँमा ९/१० जना सम्मको पाको उमेरको मानिसहरू गई जुठो चोखाउने काम गर्दछन् । जुठो चोखाउने काम त्यही समाजको सबभन्दा जेठोबाठो व्यक्तिले गर्दछन् । ४ दिनको दिन छुटाएको सबै सामाग्री डुमान डाँडामा चढाउनु पर्छ । त्यसै डाँडामा नै किरियापुत्रीहरूले कपाल खैरिने र सेतो कपडा लगाउने गर्दछन् । मृतकको बरखी १ वर्ष सम्म बार्ने गर्दछन् ।

गुठीयारहरूले त्यस समयमा किरियापुत्रीले घरमा चिउरा, घ्यू, अदुवा, बेसार, चिनी आदि कुराहरू ल्याउने चलन छ । बरखी बारेको १ वर्ष पछि ब्राह्मणलाई बोलाएर श्राद्ध गरी

सेतो कपडा फाल्ने गर्दछन् । त्यसै समयमा ब्राह्मणहरूलाई एकसरो भाँडा, जुत्ता, कपडा आदि दिने गर्दछन् । श्राद्ध सकिएपछि सबै गुठीयारहरूलाई घरमा बोलाई भोज खुवाउने चलन छ। पुतुवारहरूमा वार्षिक रूपमा आफ्ना पितृहरूलाई पिण्डदान गरी श्राद्ध गर्दछन् ।

## ५.२ चाडपर्व

चन्द्रमास अनुसारको तिथिमितिको आधारमा निर्दिष्ट गरिएको संस्कारलाई चाडपर्व भनिन्छ । हिन्दू धर्मावलम्बीहरू वर्ष भरि अनेक चाडपर्व मनाउने गर्दछन् । हिन्दूहरू मध्ये पनि नेवारहरू जात्रामात्रा र भोज भतेर गर्न माहिर छन् । नेवार समुदाय अन्तर्गतको पुतुवार जाति पनि सामाजिक परम्परा र चाडपर्वबाट अलग्गिन सकेको छैन । यिनीहरूले वर्ष दिन भरी निम्न चाडपर्वहरू मनाउँछन् ।

### ५.२.१ सिठि नखः

यो पर्व ज्येष्ठ शुक्ल षष्ठी (कुमार षष्ठी) मा पुतुवार जातिले मनाउने गर्दछन् । नेपालमा भएको जातजातिहरू मध्ये नेवारहरूले सबैभन्दा बढी चाडपर्व मनाउँदछन् (बिष्ट, २००० : २७) । यो दिन काठमाडौं उपत्यकामा सफाइ आन्दोलन गरी धारा, कुवा, इनार सफा गर्ने गरिन्छ (जोशी, २०६७ : १४२) । यस दिनमा पुतुवार जातिका मानिसहरूले आफ्नो खेत बारीमा कम्पोष्ट मल पुराउने गर्दछन् । यस दिन घरको ढोका अगाडि स्थापना गरिएको कुमार (पिखालखु)को पूजा गर्ने गर्दछन् ।

### ५.२.२ गथामंग (घण्टाकर्ण)

यो पर्व श्रावण कृष्ण चतुर्दशीको दिन पुतुवार जातिले पनि मनाउने गर्दछन् । यस दिन घरमा भूतप्रेत, पिचास आउन नपाओस्, बोक्सीको बास घरमा नहोस् भनेर फलामका तीन मुखे काटी प्रत्येक ढोकामा ठोक्दछन् र हातमा पनि फलामको औंठी लगाउने परम्परा छ । यस दिन बेलुका लुतो फाल्ने चलन रहेको छ ।

### ५.२.३ नाग पञ्चमी

श्रावण शुक्ल पञ्चमीको दिन नाग पूजा गरिन्छ । यस दिनमा नागलाई गाइको दूध वा चामल पखालेको पानी चढाएर नागको पूजा गरिन्छ । यस समाजमा घरको ढोकामा नागको फोटो टाँसी त्यस माथि हरियो दुबो चढाई दूधको धारा लगाई पूजा गरिन्छ । यस दिन पुतुवारहरूले नारायणको मन्दिरमा विशेष पूजा गर्दछन् ।

## ५.२.४ जनैपूर्णिमा (ब्यां जाःनकेगु)

श्रावण पूर्णिमा, ऋषि तर्पणी वा रक्षाबन्धनमा नौ थरी गेडागुडीको क्वाँटी पकाएर देवदेवताहरूलाई चढाउने र आफूहरूले पनि खाने चलन छ । नेवारहरू श्रावण पूर्णिमालाई गुन्हु पुन्हि भन्दछन (उही : ९८) । यस दिन गोसाइँकुण्डमा पनि ठूलो मेला लाग्दछ । धर्मस्थलीमा बसोवास गर्ने र कृषिकर्म गर्ने पुतुवारहरूले यस दिनमा भ्यागुतोलाई क्वाँटी खुवाउने गर्दछन् । भ्यागुता र कृषकहरूको अन्योन्यासश्रित सम्बन्ध भएको मान्यताले भ्यागुतालाई क्वाँटी खुवाउने गर्दछन् । यस दिन कृषकहरूले क्वाँटी खेतको गऱ्हामा वा समायमा क्वाँटी राखि दिने गर्दछन् ।

## ५.२.५ गाईजात्रा (साःय वनेगु)

नेवार समुदायमा यो गाईजात्रा पर्व भाद्र कृष्ण प्रतिपदादेखि कृष्ण अष्टमीसम्म मनाइन्छ । यस समाजमा यो पर्व आफ्ना मरेको आफन्त व्यक्तिहरूको आत्मालाई चिरशान्ति मिलोस्, मरेको व्यक्तिको आत्मालाई कुनै दुःख कष्ट नहोस्, उनीहरूको बास स्वर्गमा होस् भन्ने कामनाले उत्साह र श्रद्धाका साथ मनाउने गर्दछन् । यस पर्वमा मान्छे मरेको घरबाट गाई वा त्यही घरको केटालाई रंगीचंगी कपडा लगाएर सिँगारेर गाउँघरमा परिक्रमा गराइन्छ । गाईलाई विभिन्न प्रकारको खानेकुराहरू फलफूल खुवाइन्छ ।

यस दिन पुतुवार जातिले मन्दिरमा गई पूजाआजा पनि गर्ने गर्दछन् । यस समयमा केटा मान्छेलाई कपडाको कवच, जामा र मुखमा मुखौटो लगाएर लाखे बनाइन्छ । त्यसको साथमा भक्कु बनाई सँगै नाच देखाउने प्रचलन रहेको छ । त्यस समयमा रोपाइँ जात्रा पनि गरिन्छ । रोपाइँ जात्रामा पनि केटाहरूले केटीको कपडा र श्रृङ्गार गरेर खेतमा धान रोपेको जस्तो अभिनयकला प्रस्तुत गर्ने गर्दछन् । यस समयमा विभिन्न किसिमका धार्मिक कार्य गरी भोज भतेर खुवाउने नाचगान गरी रमाइलो गर्दछन् । यस पर्वमा आफ्ना ईष्टमित्र छोरी

चेलीलाई बोलाएर भोज खुवाउने गर्दछन् । यस पर्वलाई कृष्ण अष्टमीका दिन लाखेले लगाउने कपडा र मुकुटलाई नारायण मन्दिर अगाडि राखेर विदावारी गर्ने गर्दछन् । यस्तो अवस्थालाई यहाँ पुतुवारहरूले लाखे काटेको भन्ने गर्दछन् ।

### ५.२.६ तीज

भाद्रशुक्ल तृतियाको दिन सम्पूर्ण हिन्दू नारीहरूले मनाउने तीज पर्वमा यस गा.वि.स.मा बसोवास गर्ने पुतुवार महिलाहरूले पनि आफ्नो पतिको दीर्घायुको कामना सहित निराहार व्रत गरी मनाउने गर्दछन् ।

### ५.२.७ इन्द्रजात्रा

यो जात्रा काठमाडौं उपत्यकामा भाद्र शुक्ल द्वादशीदेखि आश्विन कृष्ण चतुर्थीसम्म यो जात्रा मनाइन्छ । नेवार समुदायले इन्द्रजात्रा इ.सं. १७५६ देखि मनाउँदै आएको पाइन्छ (बिष्ट, २००० : २७) । यो जात्रा काठमाडौंको विभिन्न ठाउँ र इचंगुनारायण हलचोकमा पनि मनाइन्छ । इन्द्रजात्रामा आकाश भैरव, चण्डी, कुमारीको पूजाआजा गरी काठमाडौंको नरदेवीमा राखी आठ दिनसम्म नाच नचाई पुनः इचंगुनारायण हलचोक ल्याई विसर्जन गरिन्छ (पुतुवार, ११३१ : ४८) । यसै अवसरमा पुतुवारहरूले विशेष किसिमको नाच प्रदर्शन गर्दछन् । यस नृत्य भैरवको गण नृत्य प्रत्येक वर्ष इन्द्र जात्राको बेला सात दिनसम्म काठमाडौं दरबार हनुमान ढोकामा ल्याई नगर भरि नचाइने परम्परा छ । हलचोक भैरवका साथ निजका गण सवा र भक्कुको पनि नृत्य गराइन्छ । देवता चढेका बेला मुकुट लगाएका मानव गणदेवताले बलिदिएको देख्दा भने जो कोही पनि आश्चर्य चकित नबनी रहन सक्दैनन् ।

राजा पृथ्वीनारायण शाहको पालादेखि १२ वर्षको एकपल्ट आकाशभैरव, चण्डी, कुमारी, महादेव, गंगा, पार्वती, आकाशदेवी, वाराही, महाकाली, दक्षिणकाली सहित १० देवीदेवताका गणनृत्य थप गरिएको बताइन्छ (श्रेष्ठ, ने.सं.११२७ : ३०) । बाह्र वर्षे जात्रामा दश देवी देवताहरूको धुमधामसँग पूजाआजा गरी  देवीदेवता बन्न पुतुवार जातिलाई नै लिने गरिन्छ (पुतुवार, ११३१ : ४८) । यस जात्रा काठमाडौंको विभिन्न महत्वपूर्ण ठाउँमा बाजागाजा सहित ८ दिनसम्म भैरवको नाच प्रदर्शन गरी इचंगुनारायण हलचोक स्थित

देवताको घरमा पूजाआजा गरी  विसर्जन गराइन्छ । यस दिन धर्मस्थलीका पुतुवारहरूले भने आफ्नो मरेको मृतक मान्छेको नाममा बत्ती बाली बेलुका सबैजनालाई समय्बजि खुवाएर नाचगान गरी मनाउदछन् । तर हलचोकको जात्रामा धर्मस्थलीको पुतुवारहरूको संलग्नता भने रहेको प्रमाण पाइदैन ।

## ५.२.८ दशैं

पुतुवार जातिले दशैं विशेष उत्साह र उमंगको साथमा मनाउँदछन् । यो पर्व आश्विन शुक्ल प्रतिपदादेखि कोजाग्रत पूर्णिमासम्म मनाइन्छ । घटस्थापनाको दिन गुप्त कोठामा जमरा राखी फूलपातीको दिन फूलपाती भित्र्याउने गरिन्छ । फूलपातीको दिन जमरा राखेको ठाउँमा फूलको बोट, अदुवाको बोट, केराको पात, उखुको बोट राखी फूलपाती भित्र्याइन्छ । पुतुवारहरूले अष्टमी र नवमीको दिन धर्मस्थली स्थित विभिन्न शक्ति पीठमा गई पूजाआजा गर्दछन् । त्यस दिन घरमा भएका हात हतियार पूजा गर्ने आफूले चढ्ने गरेको साधनको पूजाआजा गर्दछन् । त्यसै दिन कुखुरा, खसी, राँगा पनि काट्ने गर्दछन् । दशमीको दिन आफू भन्दा ठूलाको हातबाट टीका ग्रहण गरी आशिर्वाद लिन्छन् । यस अवसरमा नयाँ लुगा लगाई घर घरमा जाँड, रक्सी, मासु खाई रमाइलोसँग यो पर्व मनाउने गर्दछन् ।

## ५.२.९ तिहार

यो पर्व कार्तिक कृष्ण त्रयोदशीको दिनमा कागलाई विभिन्न खानेकुराहरू दिई काग पूजा गरिन्छ । चतुर्दशीको दिन कुकुरलाई मीठो खानेकुरा दिई पूजा गरी माला लगाइन्छ । औंसीको दिन विहान गाईलाई पूजा गरिन्छ । गाईलाई विभिन्न परिकारका खानेकुराहरू खान दिई सयपत्री फूलको माला लगाइन्छ । कार्त्तिक शुक्ल प्रतिपदाको दिन गोबर्द्धन पर्वतको स्वरूपमा गोबरलाई दही चढाई पूजा गर्ने गरिन्छ ।

नेवार समुदायले कार्त्तिक शुक्ल प्रतिपदाको दिन नेपाल सम्वतको नयाँ साल आरम्भ भएको अवसरमा विशेष कार्यक्रम गरी यो नयाँ साललाई आमन्त्रण गर्ने गर्दछन् । यस दिन बेलुका पुतुवार जातिले **'म्ह'** पूजा गर्दछन् । म्ह पूजा गर्दा व्यक्ति पिच्छे एक एक वटा मण्डप बनाउने गर्दछन् । मण्डप बनाउँदा पारिवार संख्या भन्दा एउटा मण्डप बढी बनाउने चलन

रहेको छ । त्यस मण्डपमा आफ्नो कुल देवतालाई सम्झेर पूजाआजा गर्ने गर्दछन् । पहिला यस मण्डपलाई पूजा गरेर मात्र म्ह पूजा सुरु गर्ने प्रचलन रही आएको छ । म्ह पूजा अर्थात् आत्मपूजालाई पुतुवार जातिले निकै महत्वपूर्ण रूपमा मनाउँदछन् र द्वितीयको दिन दाजु र भाइको पूजा (किजापूजा) गर्ने गर्दछन् (चित्र संख्या १०) ।

## ५.२.१० यःमरी पूर्णिमा (धान्य पूर्णिमा)

धान्य पूर्णिमा (मङ्सिर पूर्णिमा) नेवारसमुदायले यःमरी नामक विशेष प्रकारको रोटी बनाई मनाउने चाड हो (जोशी, २०६७ : १३१) । तर नगेन्द्र राज शर्माले एक थरी रोटी धानको भकारीमा चढाउने भन्ने कुराको उल्लेख गर्नु भएको छ (शर्मा, २०५२ : ८१) । यमरी पूर्णिमालाई जुन प्रकारले मनाए पनि यसको विशेष महत्व छ । पुतुवारहरूले मंसिर महिनामा फलेको नयाँ धानको चामललाई चढाई यो पर्व मनाउँदछन् । नयाँ चामलको पिठोलाई डल्ला पारी त्यस भित्र चाकु, घ्यू, तिल, नरिवल राखी त्यसलाई पानीको बाफमा उसिनेर पकाइन्छ । यस दिन नयाँ धानको भकारीमा पूजाआजा गरी यःमरी दिदी बहिनीका घरमा पनि पठाउने चलन रही आएको छ ।

## ५.२.११ माघे संक्रान्ति

नेवार समुदायमा पनि माघे संक्रान्ति मनाउने परम्परा रही आएको छ । पुतुवारहरूले यस दिन विहान घरको सरसफाई गरी नारायण र गणेश मन्दिरमा गई पूजाआजा गर्ने र घ्यू, चाकु, लड्डु देवताहरूलाई चढाउने गर्दछन् । त्यस दिन घरमा खिचडी पनि पकाउने गर्दछन् ।

## ५.२.१२ देवाली पूजा

पौष शुक्ल पूर्णिमाको दिनमा पुतुवाहरूको देवाली पूजा हुन्छ । देवाली ४ दिन सम्म मनाउने गर्दछन् । देवाली गुठीमा भएका गुठीयारहरूले प्रत्येक वर्ष एक-एक जना गरेर आफ्नो पालोमा मनाउने चलन छ । पञ्चमीको दिनमा सबै गुठीयार एकै ठाउँमा भेला भई पूजा गर्ने ठाउँमा गई सर सफाइ गरी पाल टांग्ने काम गर्दछन् । त्यसै दिन पूजा गर्नलाई राँगो पनि काटिन्छ । मुख्य देवतालाई ४ दिनसम्म एउटै ठाउँमा राखेर पूजा गर्ने गर्दछन् ।

दोस्रो दिन गुठीमा भएका मुख्य व्यक्ति ४-५ जना थकाली, कोकाली र अरु ३ जनाले मुख्य देवताको पूजाआजा गर्ने गर्दछन् । यो पूजा गर्दा अरुले हेर्नु हुँदैन भन्ने मान्यता छ । त्यसैले ४-५ जनाले मात्र पूजा गर्ने गर्दछन् । तेस्रो दिनमा पूजाआजा गरी भोज खुवाउनको लागि सबै सामग्री तयार गरिन्छ । ४ दिनको दिन गुठीमा भएका गुठीयारहरूलाई भोज खुवाउनु पर्दछ । यो पूजा १ वर्षमा १ जनाले अर्को वर्षमा अर्को जनाले गरी सबैले पालो गरी मनाउनु पर्दछ । त्यसै अनुसार भोज खुवाउने व्यक्तिले सबै जिम्मेवार लिनु पर्ने हुन्छ । यो देवालीमा पुतुवारहरूको धेरै खर्च हुने गर्दछन् । भोज खुवाउनेको लागि जाँड, रक्सी, माछा, मासु, चिउरा आदि व्यञ्जनको आवश्यकता पर्दछ । भोज खुवाउँदा सबैलाई चित्त बुझाउनु पर्दछ भन्ने मान्यता छ ।

### ५.२.१३ महाशिव रात्री

फाल्गुण कृष्ण चतुर्दशीको दिन शिवरात्री पर्व मनाइन्छ । यस दिनमा यस समाजमा सबै पुतुवारहरू नारायण मन्दिरमा भेला भई रातभरि धुनी बाल्ने गर्दछन् । राती लसुन र भटमास साधेर चिउरा सँग भगवान शिवको प्रसादको रूपमा सबैले बाडेर खाने गर्दछन् । सोही रात नारायण मन्दिर अगाडि धुनी तापेर गीत गाउने नाच्ने गर्दछन् । शिवलाई प्रिय लाग्ने भाङ, धतुरो पनि खाने गर्दछन् ।

### ५.२.१४ घोडेजात्रा

चैत्र कृष्ण औंसीमा घोडेजात्रा मनाइन्छ । पुतुवार जातिमा यो पर्वलाई सबैभन्दा महत्वपूर्ण रूपले मनाइन्छ । धर्मस्थलीमा बस्ने अरु नेवार समुदायमा पनि यो पर्व लोकप्रिय रूपमा लिइन्छ । यस पर्वका अवसरमा यिनीहरू घर घरमा जाँड रक्सी बनाउँदछन् । उनीहरूको वर्ष दिनको कमाईबाट केही रूपैयाँ जोगाएर सबैलाई नयाँ लुगा फाटो हाल्ने गर्दछन् । आफ्ना आफन्त ईष्टभित्रहरूलाई बोलाई भोज पनि खुवाउने गर्दछन् ।

सत्यमोहन जोशीका अनुसार नेवारहरू घोडेजात्रालाई **'पासा चऱ्हे'** अथवा **'पाँहा चऱ्है'** भन्दछन् । पासाको अर्थ हो साथी त्यस्तै पाहाँको अर्थ अतिथि अनि चऱ्हेको अर्थ चतुर्दशी हो (जोशी, २०६७ : ६६) । यसको अर्थ घोडेजात्रालाई पाँच दिनसम्म लगातार मनाइने हुँदा **'पाँहा चऱ्हे'** पनि भनिन्छ । यहाँको स्थानीय देवता गणेश (चित्र संख्या ११) र

नारायण (चित्र संख्या १२) को प्रतिमूर्तिलाई रथमा राखी चार दिनसम्म गाउँमा नचाउने गरिन्छ । साथै यस पर्वमा सिन्दुर जात्रा गर्ने गरिन्छ । यहाँका पुतुवारहरूले नेवारी गीत गाउने नाच्ने बाजा बजाउने गरेर भव्य रूपमा यस पर्वलाई मनाउँदछन् । जात्राको पहिलो दिन रथलाई सिन्दुर जात्रा गर्ने गर्दछन् । त्यस भित्र दुईवटा रथलाई उनीहरूले आफ्नो काँधमा बोकी गाउँको चोक चोकमा नचाउने गर्दछन् । जात्राको दोस्रो दिन थकाइ मार्ने काम गर्दछन् । त्यस दिन दुईवटा रथलाई नारायण मन्दिरको अगाडि राखिन्छ र दिनभरि ईष्टमित्रहरूलाई भोज भतेर खुवाउने गरिन्छ । तेस्रो दिन दिनभरि रथ नचाउने गरिन्छ । चौथो दिनमा रथहरू एक अर्कोमा ढोग भेट गराई विदावारी गरिन्छ । यसरी यस समुदायमा घोडे जात्रा सम्पन्न हुन्छ ।

पुनश्चः चित्र संख्या १२ मा उल्लेख गरिएको मूर्तिलाई सादा पृष्ठभूमिमा कालो कडा पत्थरमा कुँदिएको मूर्तिलाई स्थानीय पुतुवारहरूले नारायण भनेर पुजेको पाइयो, तर मूर्तिको लाक्षणिक चरित्रमा पुष्ट वक्षस्थल, बारुले कम्मर र शान्त लालिमायुक्त मुखाकृतिले स्पष्ट रूपमा नारी मूर्ति रहेको प्रष्ट्याउछ । चटक्क मिलेको शारीरिक अनुपात, झोल्लिएका दुई हातमा क्रमश दायाँ हातको हत्केलामा बुढी औंलाले च्यापेको विल्वफल (वेल) र वायाँ हातले फक्रन लागेको कमलको फूलको डाँठ समाएको देखिन्छ । शान्त लालिमा देखिने गरी शिर केही झुकेको, चन्द्रमुकुट, कानमा कुण्डल, गलामा हार, हातमा बाला, पारदर्शी धोतीलाई बाध्न कटीबन्ध, कल्ली जस्ता गरगहना पहिरेकी नारी मूर्ति स्थानक भावभंगीमा रहेकी छिन् । यो नारी मूर्ति र नालाको पार्वतीको मूर्ति (वाङ्गदेल, १९९५: ४३१) वीचको तुलना गर्दा यी मूर्तिहरूमा तात्विक भिन्नता पाइदैन । विन्दुयुक्त घेरा बाहिरको ज्वालावली अलिक ठूलोआगोको लप्का देखिनाले केही अस्वाभाविक छ । वाङ्गदेल महोदयले नालाको पार्वतीको मूर्तिलाई १४औं-१५औं शताव्दीको उल्लेख गर्नु भएको छ । तसर्थ यो मूर्ति पनि नालाकै पार्वतीको मूर्तिको समकालिन देखिन्छ । एक भक्तले केही प्राथना गरिरहेको र सो प्राथनालाई शान्त भएर सुनिरहेको जस्तो देखिने यो मूर्तिसँग जमिन देखि उठेको कमल फूलको पात र कोपिला समेत प्रष्ट देखिनाले नालाको मूर्तिभन्दा विशिष्ट देखिन्छ । १४औं-१५औं शताव्दीताका बनाइएका अन्य मूर्तिहरूको लाक्षणिक चरित्र, शिला चयन, शारीरिक अनुपात समेतको आधारमा यो मूर्ति पार्वतीको भएको र १४औं-१५औं शताव्दीताकाकै हुनुपर्दछ ।

### ५.२.१४.१ मनोरञ्जन तथा बाजागाजा

नेवार समुदायको आफ्नो मौलिक संस्कृति र परम्परा रहेको छ । नेवार समुदायमा चाडपर्वमा मनाइने सांस्कृतिक कार्यक्रम र जात्राहरूको विशेष महत्व रही आएको छ ।

डोरबहादुर विष्टका अनुसार डुइयाँहरू गरिब कृषकहरू हुन् । जसले सांस्कृतिक पर्वमा बाजागाजामा नाच्ने काम गर्दछन् (बिष्ट, २००० : २१) । पुतुवार जातिले चन्द्रमास अनुसारका विभिन्न चाडपर्वमा नाचगान गर्ने अन्य जातिको विवाहमा रत्यौली खेल्ने, आफ्नो समुदायमा पूजाआजा लगाई गीत गाउने, कुल पूजामा भोजभतेर गरी मनोरञ्जन गर्दछन् । यिनीहरूले विशेष गरी स्थानीय गाईजात्रा र घोडेजात्रालाई विशेष चाडको रूपमा लिएर मनोरञ्जन गर्दछन् । अरुवेला नसके पनि घोडेजात्राको अवसरमा नयाँ लत्ताकपडाको खरिद गर्दछन् । परिवारका सवै नातागोतालाई वोलाएर भोज खान्छन् । भोजमा मासुका विभिन्न परिकार सहित जाँड रक्सीको अत्यधिक प्रयोग गर्दछन् ।

पुतुवारहरूले आफ्नो विशेष चाडपर्वमा बाँसुरी, मादल, धिमे, भुछ्या, छिनछिने आदि बाजाको तालमा नाचगान गरी रमाइलो गर्दै आपसी मेलमिलापको सन्देश दिन्छन् । जात्रापर्वमा बजाईने बाजाको सुर तालको लागि कुनै औपचारिक शिक्षालय त छैन तर घोडे जात्राको चार दिन अगाडिवाट बाजा नाइकेले युवाहरूलाई बाजा बजाउन सिकाउने गर्दछन् । यस अवसरमा नेवारी समाजमा नाट्यश्वोरको क्षमा पूजा सहित बाजागाजा सिक्ने सिकाउने परम्परा रहेको हुन्छ तर यो समाजमा कुनै औपचारिक भूमिका निर्वाह गरिएको भने पाइएन । चार दिन सम्म सिकेको बाजाको सुरताल चौथौं दिनमा पर्ने घाडेजात्राको अवसरमा नारायण र गणेश देवताको सम्मान स्वरूप स्थानीय स्तरमा प्रदर्शन गरी रमाइलो गर्दछन् । यिनीहरूले चाडपर्वमा बाजाउने प्रमुख बाजाहरू यस प्रकार छन् (चित्र संख्या १३) ।

**घडीघण्ट** : यो बाजा करिव एक बिता सम्म व्यास भएको काँसको एक अंगुल बाक्लो पाताबाट बनेको हुन्छ । माथिको भागमा प्वाल पारी डोरीले झुण्ड्याई काठको धनले हिकाई बजाइने यो बाजा नेवार समुदायमा प्रचलित तालको बाजा मध्ये एक हो ।

**वासुरी** : यो सतिसालको काठबाट बनाइन्छ । यसलाई कतै कतै शिल्पकारहरूले कलात्मक वुट्टाहरू कुदेर चाँदी जडेर बनाएको पनि पाइन्छ । फुक्दा वा बजाउँदा ज्यादै सुरिलो स्वर वज्ने सुरबाजा हो ।

**धिमे** : धिमे ज्यादै ठूलो आकारको तालबाजा हो । एक-डेढ हात व्यास भएको गोलो नरम जातको काठलाई खोपेर दुवै तर्फ बाखाको छालाले मोडेर यो बाजा बनाइन्छ । काठमाडौंका नेवार समुदायको यो ज्यादै लोकप्रिय पुरानो बाजा हो । नाच्दै, गाउदै पनि बजाउन मिल्ने यो बाजा बजाउन दुईवटा गजोको प्रयोग हुन्छ ।

**भुंछ्या** : कासँबाट निर्मित यस बाजालाई नेवार समुदायले आफ्नो जात्रा पर्वमा बजाउने गर्दछन् । यो बाजा जोडी हुन्छ । यो बाजा दुबै एक आपसमा ठोकिदा मधुर आवाज आउँछ । डोरीको सहायताले माझी औंलामा बाधेर भुंछ्यालाई बजाइन्छ । नेपाली जनजिब्रोमा यसलाई झ्याली भनिन्छ ।

# अध्याय : छ

# उपसंहार

## ६.१ सारांश

एसिया महादेशको दक्षिण भेगमा रहेको नेपाल विश्व मानचित्रमा ०.०३% भूभाग ओगटेको सामाजिक र सांस्कृतिक विशेषताले भरिपूर्ण छ । नेपाल एक बहुभाषिक, बहुजातीय र बहु सांस्कृतिक राष्ट्र हो । बहुभाषिक मध्येको नेवार समुदाय भित्र पनि पुतुवार जाति एक हो । यो जाति उपत्यकाको तीन जिल्ला र उपत्यका बाहिरका जिल्लाहरूमा काभ्रेपलाञ्चोक र नुवाकोटको गणेश स्थानमा बसोवास गरेका छन् ।

वि.सं. २०६८ सालको जनगणना अनुसार नेपालमा बसोवास गर्ने नेवारहरूको जनसंख्या १३,२१,९३३ रहेको छ र नेवारी भाषा बोल्ने मानिसहरू ३% मात्र रहेका छन् । जसमध्ये पुतुवार जाति पनि नेवार समुदायमा पर्ने भएकोले यिनीहरूको पनि आफ्नै भाषा, धर्म, संस्कार, संस्कृति, सामाजिक रीतिरिवाज रहेको पाइन्छ । तर हालसम्म यो जातिको अध्ययन र अनुसन्धान भएको थिएन । यस अध्ययनबाट पुतुवार जातिको सांस्कृतिक एवं आर्थिक अवस्था, जीवनशैली, संस्कार एवं चाडपर्व आदि खोज गरिएको छ ।

आफ्नो सीमा भित्र रहेर सकेसम्म गहिरो अध्ययन गरी विषयसूची अनुसार प्रस्तुत गरिएको छ । यस शोधको अध्ययन क्षेत्र काठमाडौं जिल्ला धर्मस्थली गा.वि.स.को वडा नं. ७, ८ र ९ लाई छनोट गरिएको छ । यसमा तथ्याङ्क सङ्कलन गर्न नमुना छनोटको लागि १५ घरधुरीलाई लिएको छ । यस अध्ययनमा १५ वटा घरधुरीको १५ व्यक्तिहरूको नमुना छनोटको आधारमा अन्तरवार्ता लिएर, स्थलगत अध्ययन अवलोकन गरेर प्राथमिक श्रोत बनाइएको छ भने द्वितीयक श्रोत का लागि तथ्याङ्कहरूको सन्दर्भ सामग्रीको माध्यमबाट गा.वि.स.का विभिन्न पुस्तक र अरु वाह्य पुस्तकहरूबाट तथ्याङ्क प्राप्त गरिएको छ । यस शोधकार्य गरिनुमा हालसम्म यिनीहरूको विषयमा कुनै अध्ययन नभएको एवं यिनीहरू कसरी पिछडिएको आदि कुरालाई मुख्य आधार बनाएको छ ।

यस अनुसन्धानका लागि छनोट गरिएको क्षेत्रमा बसोवास गर्ने पुतुवार जाति धर्मस्थलीमा कहिलेदेखि बसोवास गर्दै आए भन्ने विषयमा कुनै आधिकारिक प्रमाण पाइएको छैन । तर यिनीहरूले नेपालको एकीकरणमा पृथ्वीनारायण शाहलाई युद्धमा साथ दिएको कुरा उल्लेख भएबाट काठमाडौं उपत्यकामा यिनीहरूको बसोवास मध्यकालदेखि नै भएको हुनुपर्दछ । पृथ्वीनारायण शाहले नै यिनीहरूलाई डुइँयाबाट पुतुवार उपाधि दिएको उल्लेख पाइन्छ । पुतुवारहरूले मध्यकालदेखि नै राजाहरूको डोली बोक्दै राजघराना सम्म पहुच पुगेको कुरा इतिहासबाट प्रष्ट हुन्छ ।

यहाँ बसोवास गर्ने पुतुवारहरूको थरमा विविधता पाइन्छ । यिनीहरूले आफ्नो थर श्रेष्ठ, महर्जन, नगरकोटी, डंगोल, राजपुतुवार, राजबाहक लेखेको पाइन्छ । तर यिनीहरूको आमा बाबुले भने पुतुवार नै लेखेको पाइन्छ । यसले गर्दा पुतुवारहरूले आफ्नो मौलिक संस्कृतिलाई बिर्सदै गएको र नेवारीकृत भएको पाइन्छ ।

अध्ययनको सिलसिलामा यस जातिको अन्य समुदायसँग सुमधुर सम्बन्ध भएको पाइयो । यस जातिले श्रेष्ठ, महर्जन महिलासँग विवाह गरेको र श्रेष्ठ र महर्जन पुरूषलाई आफ्नो छोरीको विवाह गरी दिएको तथ्यबाट यिनीहरूको सम्बन्ध अन्योन्याश्रित भएको देखिन्छ । त्यसैगरी सामाजिक सङ्गठन सञ्चालनमा यिनीहरूको घरमा श्रम विभाजन भएको पाइन्छ । घर सञ्चालन गर्दा घरको जेठोबाठो घरमूलीको रूपमा रहने गरेको, बाबुको मृत्यु पछि घरको उत्तराधिकारी जेठो छोरा हुने गरेको र आपसमा गुठीयारबाट सहयोग आदनप्रदान गर्ने गरेको पाइन्छ ।

यी जातिको रहनसहन अन्य यहाँ भएका वरिपरिका ब्राह्मण, क्षेत्रीसँग मिल्दोजुल्दो पाइन्छ । गुचमुच घर र बीचमा चोक रहेको र चोकमा नारायणको मन्दिर रहेको छ । यिनीहरूका बस्तीमा घर १ वा २ तले हुने घरको छानो टायल, जस्ता पात्ताले छाउने गरेको पाइन्छ । खानामा दाल, भात, तरकारी, मासु-चिउरा, जाँड र रक्सी बढी मात्रामा खाने गर्दछन् । पहिरनमा महिलाले साडी, फरिया, चोलो, ब्लाउज, म्याक्सी, कुर्ता, सुरुवाल, टिसर्ट, पाइन्ट प्रयोग गरेका छन् भने पुरूषले सर्ट पाइन्ट, टिसर्ट, दौरा सुरुवाल, भोटो, इस्टकोट, ज्याकेट, स्वेटर, कमिज, सुरुवाल लगाउँछन् । महिलाहरूले नाक छेड्ने गरेको पाइदैन भने घाँटी र हातमा कुण्डल, तिलहरी, मुन्द्रा, औंठी, सिंदुर, चुरा, पोते, चाँदी, सुनको प्रयोग गर्ने गर्दछन् ।

वडा नं. ७, ८ र ९ गरी यिनीहरूको घरधुरी संख्या ५८ देखिन्छ । यिनीहरू प्रायः हिन्दू धर्ममा आस्था राख्ने गर्दछन् । यिनीहरूको बसोवास गर्ने क्षेत्र सर-सफाईमा सुधार, सबैको घरमा शौचालय बनाएको पाइन्छ । आँगन चोक सफा राख्ने गरेको पाइन्छ । यी जातिहरू स्वास्थ्यप्रति धामी, झाँक्री, झार फुकमा विश्वास गर्दछन् । यसबाट विरामी निको भएन भने स्वास्थ्य क्लिनिक अस्पताल जाने गरेको पाइन्छ । शिक्षा क्षेत्रमा भने यो जाति धेरै पछि परेको देखिन्छ । तर हाल आएर शैक्षिक क्षेत्रमा पनि उनीहरू क्रमशः चेतना फैलिएको देखियो, शिक्षाकोलाई प्रौढ शिक्षा सञ्चालन भएको छ भने बालबालिका सबै स्कुलमा गएर पढ्न थालेको छन् । सबै जनाले पढ्नु पर्छ भन्ने भावनाबाट उनीहरू प्रेरित भएका छन् ।

यस जातिमा प्रायः वर्ष दिन भरि मनाइने सबै चाडपर्व मनाउने गर्दछन् । यिनीहरूले मनाउने चाडपर्वमा गठेमङ्गल, गाईजात्रा, इन्द्रजात्रा, दसैं, तिहार, पौष शुक्ल पूर्णिमा (देवाली), शिवरात्री, घोडेजात्रा, यःमरी पूर्णिमा आदि हुन् । यी चाडपर्वमा छोरीचेली ईष्टमित्रलाई बोलाउने, नयाँ परिका बनाई भोज भतेर गर्ने र विभिन्न बाजा बजाई नाचगान गर्ने गर्दछन् । यिनीहरूले आफ्नो विभिन्न संस्कार जन्म, पास्नी, व्रतबन्ध, इही, बाह्रा, विवाह, बुढोजंकू, अन्त्येष्टि संस्कार गर्दछन् । यिनीहरू आफ्नै चलनचल्तीको नेवारी भाषा बोल्दछन् । यिनीहरूको जीवन धान्नलाई ३ देखि ६ महिनासम्म खान पुग्ने जमिन भएकोले अरु समय ज्याला मजदुरी गरी आफ्नो जीवनयापन गर्ने गर्दछन् । यिनीहरूको विभिन्न पेशा गरेर आफ्नो दैनिक गुजारा गर्दछन् । केहीको पसल, केही निगालो बुन्ने, केही कुखुरा बोक्ने, केही अरुको खेतमा ज्याला गर्ने गर्दछन् । तर समग्रमा भन्दा यिनीहरूको आर्थिक अवस्था कमजोर रहेको छ । आफूलाई आर्थिक अभाव हुँदा यिनीहरू ऋण लिने गर्दछन् ।

## ६.२ निष्कर्ष

काठमाडौं उपत्यकामा स्थायी बसोवास गरेका पुतुवारहरूलाई प्रारम्भमा डुइयाँ भनिएको छ । डुइयाँ भनिनुमा सिम्रौनगढमा अधिकार जमाएर बसेका डोय सैनिकहरूको सहायतामा कर्णाटक वंशका शासकहरूले काठमाडौ उपत्यकामा पटक पटक आक्रमण गरेको र ललितपुर भेगमा करिब एक वर्ष अधिकार जमाएर बसेको प्रमाण छ । काठमाडौं उपत्यकामा तिरहुते फौजले पटक पटक आक्रमण गरेर यहाँका मानिसहरूलाई त्रसित पारेको र आफूलाई विजेता योद्धाको रूपमा डोय (सम्मानित शब्द) भनि ठाँट, बाँठ, रवाफ

सहित उपत्यका वासीहरूलाई सम्बोधित गराउँदथे भन्ने विश्वास गर्न सकिन्छ । जव सिम्रौनगढको पतन भयो तव उपत्यकामा रवाफ जमाएर बसेका डोयहरूलाई उपत्यका वासीहरूले दण्डित र अपमानित गर्दै 'डुइयाँ' भनि अशुद्ध र शूद्र वर्गमा राखिएको विश्वास गर्न सकिन्छ ।

डुइयाँहरूलाई अशुद्ध मानी मल्लकालमा नै काँठ क्षेत्रको वरीपरी रहेको अनुत्पादक क्षेत्रमा बसोवास गराइएको र रातो माटो बेचीखाने पेशा तोकिएको थियो । तर राजा पृथ्वीनारायण शाहले उनीलाई कीर्तिपुरको दोस्रो युद्धबाट बचाई भगाउनमा साहसिक भूमिका खेलेकोले पुरस्कार स्वरूप **डुइयाँ** बाट **राजपुतुवार/पुतुवार** बनाएको उल्लेख छ । त्यसै समय देखि पुतुवारहरूले परम्परागत पेशा परिवर्तन गरेर डोली बोक्न थालेको हुन् ।

पुतुवारहरूको संसर्ग लामो समय देखि काठमाडौं उपत्यकाका नेवार समुदायसँग रहेको छ । नेवार समुदायले विकशित गरेको सभ्यता र संस्कृतिका विविध आयामसँग पुतुवारहरू जानकार छन् । तसर्थ, पुतुवारहरूको भाषा सहितका मौखिक परम्पराहरू तथा अभिव्यक्तिहरू, अभिनय कलाहरू, सामाजिक व्यवहार, अनुष्ठानहरू, तथा चाडपर्वका उत्सवहरू, प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरू र परम्परागत कला कौशलहरू समेत नेवार समुदाय वाट पूर्णत प्रभावित छ ।

जानी नजानी पुतुवारहरूले पार्वतीलाई आमा मानेर आफ्नी अधार्ङ्गिनी गर्भवति भएपछि गर्भको सुरक्षाको लागि पार्वतीको मूर्ति (नारायण भनिने) को शिर देखि तेलको धारा लगाउने र सुत्केरी वेथा लाग्ने वित्तिकै पूजा ल्याउने चलन छ । त्यसै गरी पुतुवारहरूले घोडेजात्राको अवसरमा गरिने परम्परागत जात्राको विसर्जन यही मूर्तिको सामुन्ने गर्दछन् । मानिसमा सुख, दुख र जीवनको अनुभूतिहरू आफ्नो सवैभन्दा प्रियजनलाई सुनाउने मानविय गुण अन्तरनिहित रहेको हुन्छ । यही क्रममा धर्मस्थली लगायतका पुतुवारहरूले पार्वतीलाई ईष्ट (आमा) मानेर आफ्नो अनुभूतिहरूको समर्पन गरेको देखिन्छ । पुरानो गुह्यश्वरीको नामले प्रख्यात बालाजु स्थित गुह्यश्वरीको सेवा सुश्रुसा परम्परागत रूपमा पुतुवार जातिले गरेको पाइन्छ । त्यसो हो भने पुत+वार (शिव पुत्र) वाट पुतुवार बनेको हुन सक्दैन भन्न सकिन्न । कालक्रममा पुतुवारहरूलाई जे नामले सम्वोधन गरिएको भएता पनि मातृशक्तिका पुजक पुतुवारहरू शिव पुत्र हुन् र शैव मार्गी हुन् ।

## ६.३ सुझाव

नेपाल १२५ जातजातिहरूको साझा फूलबारी हो । यिनै विभिन्न जातजातिको समष्टिगत संस्कार नै नेपाली संस्कृति हो । प्रत्येक जातजातिको संस्कृतिको संरक्षण र सम्बर्द्धन भयो भने मात्र नेपाली संस्कृति फस्टाउन सक्नेछ । सांस्कृतिक रूपले देशलाई थप चिनारी दिन र यसको बचावटको लागि आफ्नो जातिको संरक्षण गर्नुपर्ने आवश्यकता देखिन्छ । धर्मस्थलीमा गा.वि.स.बसोवास गर्ने पुतुवार जाति आर्थिक रूपले र सामाजिक रूपमा पिछडिएका छन् । त्यसैले यिनीहरू बीच रहेको समस्या निराकरणका लागि निम्न लिखित सुझावहरू प्रस्ताव गरिएको छ ।

- यहाँका पुतुवारहरूको जीवन स्तर निकै कमजोर र दयनीय छ । जसको कारण १० प्रतिशत भन्दा वढीको संख्यामा निरक्षर छन् । शिक्षा विना चेतनाको वृद्धि नहुने र चेतना विना समाजमा रुढीबाढी परम्परा कायम रहन गई समाजले गति लिन नसक्ने हुँदा प्रत्येक बालबच्चालाई विद्यालयको पहुँचमा पुऱ्याउन विशेष कार्यक्रम ल्याउनु पर्छ । ताकि सामाजिक र धार्मिक संस्कारका विविध आयामहरूको हस्तान्तरण सहजरूपमा हुन सकोस ।
- स्वास्थ्य नै सवै भन्दा ठूलो धन हो भन्ने कुरा यहाँका पुतुवारहरूले बुझ्न सकेका छैनन् । बदलिदो परिस्थितिका बाबजुद पनि पुतुवारहरू धामी, झाक्री र झारफुकमा विश्वास गर्दछन् । आयुर्वेदिक उपचार पद्दतिमा विश्वास पुतुवारहरूले वनस्पति र त्यसको उपयोगिताको वारेमा अनभिज्ञ रहेको पाइन्छ । तसर्थ आयुर्वेदिक उपचार विधिको वारेमा तालिम दिनु पर्ने देखिन्छ ।
- यहाँका पुतुवारहरूमा चाडपर्व मनाउन आवश्यक भन्दा बढी खर्च गर्ने प्रवृत्ति देखिन्छ । अरु सित ऋण गरेर भए पनि सामाजिक रीतिरिवाज उल्लास पूर्वक मनाउने चलन पुतुवार समाजमा अद्यपि रहेको छ । सामाजिक संस्कार जोगाउन व्यवस्थित रूपमा जात्रा पर्व चलाउने र मितव्ययिता अपनाउनु पर्ने देखिन्छ । पुतुवारहरूको सीपकला र प्रविधिगत ज्ञान (खल र जातो बनाउने सीप) लाई व्यवहारमा उतार्न आवश्यक तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

- पुतुवारहरूको घर वातानुकुलित छ । तर आधुनिक प्रविधिका अन्य घरहरूसँग प्रतिस्पर्धा गर्न खोज्दा त्यस्ता घरहरू लोपोन्मुख छन् । त्यस्ता वातानुकुलित घरहरूको संरक्षणको आवश्यक पहल गर्नु पर्ने देखिन्छ ।
- यस समाजमा आएको चाडपर्व प्रतिको वितृष्णाले गर्दा आफ्नो मौलिक संस्कृति सङ्कटमा पर्न सक्दछ । त्यसैले अरुको देखासिकी नगरी आफ्ना चाडपर्वलाई निरन्तरता दिने र सांस्कृतिक पक्षको संरक्षणका लागि रथ जात्रा, लाखे जात्रा जस्ता सामाजिक संस्कारको व्यवस्थित रूपमा सञ्चालन गर्न आर्थिक रूपमा सक्षम गुठीको व्यवस्था गरिनु पर्दछ ।
- विभिन्न सरकारी एवं गैर सरकारी संस्था मार्फत यस ठाउँको पुतुवार जाति र तिनीहरूको सांस्कृतिक परिचयको प्रचार प्रसार गरी अन्य समुदायलाई जानकारी गराउनु पर्दछ ।
- नेवारहरू भाषा र लिपीमा अति सम्पन्न छन् । यही भाषामा पुतुवारहरूको दैनिकी चल्दछ । तर नेपाली भाषाको प्रभावले गर्दा भाषागत त्रुटि हुन थालेको पाइन्छ । तसर्थ भाषालाई संरक्षणको लागि आवश्यक पहल गर्नु पर्दछ ।
- अन्त्यमा, पुतुवार जातिको मूर्त अमूर्त सम्पदाको अभिलेखिकरण हुन नसक्दा समग्र सस्कारको सहजरूपमा हस्तान्तरण हुन सकेको छैन । यसको लागि स्वयं पुतुवार जाति सजग र सकृय हुनु पर्दछ ।

# परिशिष्ट खण्ड

## परिशिष्ट : १

धर्मस्थलीको ऐतिहासिकता पुष्टि गर्ने प्रस्तर अभिलेखको लिपि उतार - १

काठमाडौं उपत्यकाको उत्तरी भागमा टोखाको हाराहारी 'धर्मस्थली' भन्ने बस्ती छ[+] । त्यहाँ बस्ती बाहिर उत्तरतिर सानो देवस्थल छ । त्यहीँ यो अभिलेख कुँदिएको शिलापत्र रहेको छ । यसको अभिलेख कुँदिएको भाग २५ अङगुल लम्बा, २१ अङगुल चौडा छ । यसको शिरोभागमा बीचमा चक्र र दुइतिर शङ्ख अङ्कित छन् । यहाँ संवत् ५१७[क] छ ।

नोलीद्धारा २६ संख्या रूपमा यो छापिएको छ । 'पूणिमा' १८ अङ्कमा मैले पनि यो छपाएको छु । राष्ट्रिय अभिलेखालयमा रहेको प्रतिलिपिबाट यसको पाठ पढन मद्दत पाइन्छ ।

मूलपाठ

[+]१. स्वस्ति मानगृहात्प्रथितामलविपुलयशा निरूपमगुणगणो

यो अभिलेख 'धरमपुर' को हो भनी नोलीले छपाउनुभएको छ । तर यो अभिलेख धरमपुरको होइन; 'धर्मस्थली' को हो । धरमपुर र धर्मस्थली बेग्लाबेग्लै ठाउँ हुन् । बांसबारीबाट पाउँभर जति उत्तरपट्टि धरमपुर रहेको छ । टोखाको हाराहारी रहेको धर्मस्थली त प्रसिद्ध नै छ । [क]नोलीले यस अभिलेखको संवत्को अङ्क ५१८ पढी छपाउनु भएको छ । यहाँको सवंत ५१७ हो । तर यहाँको एकस्थानी अङ्क जस्तो अङ्क ७ हो भन्ने निर्णय 'पूणिमा' १४ अङ्क्को १०१ -१०५ गरिएको छ ।

१.यस अभिलेख १ देखि ६ पङक्तिसम्मको  नोलीले छपाउनु भएको पाठ यस प्रकारको छ -

१. ( स्वस्ति मानगृहाद् ) अमल............
२..................( श्री ) शिवदेव : कुशली ......
३. .....................कु .................
४. .......समाज्ञापयति विदितम्  (भवतु भवतां यथानेन )
५........क्षितिपति......................
६........लन..............
२. (लि) च्छविकुलकेतुर्भट्टारकमहाराजश्रीशिवदेव : कुशली -दु

३...ग्ग्रामनिवासिन : प्रधानपुरस्सरान्ग्रामकुटुम्बिन : कुशल-
४.(प) रिप्रश्नपूर्व्वं समाज्ञापयति विदितम्भवतु भवतां यथानेन....
५. -पनमितानेकक्षितिपतिशिरोविभूषणमणिरुचा (वभासित) चर-
६. णयुगलेन सम्यक्प्रजापालनपरिश्रमोपार्जितदिगन्तव्याप्तप-
७. (रा) क्रमश्रीमहासामन्तांशुवर्म्मणा युष्मदनुग्रहाय .......
८. कूथेरवृत्यधिकृतानामिह समुचितस्त्रिकरमात्रसाधनायैव (प्रवे)
९. शो (ले) ख्यदानपञ्चापराधादिनिमित्तन्त्वप्रवेश इति प्रसादो वः कृतस्त (दे)
१०. वंवेदिभिरस्मच्चरणोपजीविभिरन्यैर्व्वा न कैश्चिदयं प्रसादोन्यथा (क)
११. रणीयो यस्त्वेतामाज्ञामुल्लङ्घ्यान्यथा कुर्य्यात्कारयेद्वा तमहमति -
१२. (त) रात्र मर्षयिष्यामि येपि मदूर्ध्वम्भूभुजो भवितारस्तैरपि धर्म्मगु -
१३. रुभिर्ग्गुरुकृतप्रसादानुवर्तिभिरियमाज्ञा सम्यक्प्रतिपालनीया
१४. दूतकश्चात्र विप्रवर्म्मगोमी संवत् ५१७ प्रथमाषा -
१५. ढशुक्लदिवाद्वादश्याम् ॥

श्रोत : लिच्छविकालका अभिलेख

## अनुवाद

कल्याण होस् । मानगृह (दरबार) बाट सफा र ठूलोकीर्ति फैलिएका, बेजोड गुणहरू भएका, लिच्छविकुलको झण्डास्वरूप भएका, गाथमा आराम रहेका भट्टारक महाराज श्रीशिवदेवबाट दु- ग् ग्राममा बस्ने मुखियालगायत ग्रामका गृहस्थीलाई कुशलमङ्गल सोधेर आज्ञा भएको छ - ढोग्न नुहेका अनेक (सामन्त) राजाका शिरपेचका मणिका चहकले दुवै पाउँ झलमल्ल सुहाएका, परिश्रमपूर्वक राम्ररी प्रजाको पालन गर्नाले चारै दिशाको छेउ छेउसम्म प्रभाव फैलिएका, श्रीमहासामन्त अंशुवर्माले तिमीहरू उपर अनुग्रह गरी यहाँ (तिमीहरूको ग्राममा) कुथेर अधिकरणका अधिकृतहरूले त्रिकर (भाग, भोग, कर नामक तीन थरी मुख्य कर) उठाउनाको लागि मात्र पस्नु योग्य छ ; लेख्यदान र पञ्चारपराधको तहकीकात गर्ने आदि कामको निमित्तचाहि (सम्बद्ध अधिकरणले) नपस्नू भनी तिमीहरूलाई निगाह गरिएको छ । यो कुरा तिमीहरूलाई थाहा होस् ।

तर्सथ यस कुरालाई बुझेर हाम्रो तर्फबाट जीविका चलाउनेहरूले (सरकारी कर्मचारीहरूले वा अरु कसैले पनि यस कुरामा अन्यथा नगर्नू । जसले यो आज्ञालाई नटेरेर अन्यथा गर्ला वा गराउला ; त्यसलाई हामी बिलकुल सहनेछैनौ । हामीभन्दा पछि जो राजा हुनेछन्, तिनीहरूले पनि ऐन कानुनलाई ठूलो संझी अघिका राजाले गरेको निगाहको ख्याल राखेर यस आज्ञाको राम्ररी पालना गर्नुपर्छ । यहाँ दूतक (मार्फत) विप्रवर्मा गोमी छन् । संवत ५१७ प्रथमाषाढ शुक्ल द्वादशी ।

# परिशिष्ट : २

धर्मस्थलीको ऐतिहासिकता पुष्टि गर्ने प्रस्तर अभिलेखको लिपि उतार - २

## लक्ष्मीनरसिंह

ने.सं. ७४८

बाँध संख्या ३ | खाम संख्या ३६ | अभिलेख संख्या ८७

का.पु.ई. धर्मथली गाउँ महाँकाल परखालभित्र रहेको शिलालेख । अभिलेखको लम्वाई सव ९ इञ्च छ । चौडाइ करिव १० इञ्च छ । अखिलेख १४ पंक्ति छन् ।

लिपी नेवारी

अभिलेखांश

श्रीचण्डिकाय नमः सम्वत ७४८ माघकृष्ण ..... दस शतभिष

नक्षत्र सनिश्चरवार थ्व कुन्हु ... ...... राजाधिराज श्री श्री

लक्ष्मीनृसिंह मल्लदेव थाकुलस विजय राज्ये .... ....

......... भिक्षु श्री बज्राचार्य शिरोमणी .. .... जोजमान

ज्ञानसिंह भारोन ... ..... थ्वति गोस्ति जास्यं तोरन

सोगुति दोहरपा

- साभार : राष्ट्रिय अभिलेखालय

# परिशिष्ट : ३

धर्मस्थलीको ऐतिहासिकता पुष्टि गर्ने प्रस्तर अभिलेखको लिपि उतार - ३

## प्रताप मल्ल

ने.सं. ७९४

बाँध संख्या ५ खाम संख्या १६ अभिलेख संख्या १४५

का.पु.ई. धर्मस्थलीमाथी डाँडाको महाँकालस्थानको परखालभित्र रहेको शिलालेख । अभिलेखको लम्वाई सव ९ इञ्च, चौडाइ साढे १० इञ्च छ । अखिलेख १४ पंक्ति छन् । अभिलेखको शिरोभागमा चैत्य अंकित छ । चैत्यको दायाँबायाँसूर्य चन्द्र अंकित छन् ।

लिपी नेवारी

अभिलेखांश

समवत ७९४ माघमास्य कृष्णपक्ष पञ्चम्या तिथौ स्वातीनक्षत्र

............. ........... आदितवारे...........श्री २ कविन्द्र प्रतापमल्ल

...... ......... ....... .स्य विजयराज्ये दान .... ......रामकृष्णभारो

...... ......

- साभार : राष्ट्रिय अभिलेखालय

# परिशिष्ट :४

धर्मस्थलीको ऐतिहासिकता पुष्टि गर्ने प्रस्तर अभिलेखको लिपि उतार - ४

## नृपेन्द्रमल्ल

ने.सं. ७९८

बाँध संख्या ३ खाम संख्या १५ अभिलेख संख्या १६९

का.पु.ई. धर्मस्थली डाँडाको महाँकालस्थानको परखालभित्र रहेको शिलालेख । अभिलेखको लम्वाई ११ इञ्च, चौडाइ साढे ४ इञ्च छ । अखिलेख ६ पंक्ति छन् । अभिलेखको शिरोभागमा वज्र अंकित छ ।

लिपी नेवारी

अभिलेखांश

शुभ सम्वत ७९८ ॥ फागुन मासे शुल्क पक्ष दशमी प्र एकादम्या

तिथे पुनर्वसु नक्षत्रे सौभाग जोगे वृहस्पतिवार कुम्भ रासि

गते सवित्रे भिथन रासिगते चन्द्रमसि ॥ महाराजधिराज

श्री श्री जय नृपेन्द्र मल्ल देव ठाकुरस विजय राज्ये ।

- साभार : राष्ट्रिय अभिलेखालय

# परिशिष्ट :५

धर्मस्थलीको ऐतिहासिकता पुष्टि गर्ने प्रस्तर अभिलेखको लिपि उतार - ५

## नृपेन्द्रमल्ल

## ने.सं. ८००

बाँध संख्या ३ खाम संख्या १९ अभिलेख संख्या १६९

का.ई. धर्मस्थली भगवानखेलभित्र चैत्यनिरको खम्वामा रहेको अभिलेख । अभिलेखको लम्वाई साढे ११ इञ्च, चौडाइ साढे ९ इञ्च छ । अखिलेख १२ पंक्ति छन् ।

लिपी नेवारी

अभिलेखांश

..... .... .... पष्ठम्या तिथौ हस्तनक्षत्र ..... ..... श्री जय नृपेन्द्र

मल्लस्य ... .... गोपारन ..... ..... .... ... श्री ३ .... .... .......

देवालयस पतिन जात्रा ... ..... ...

- साभार : राष्ट्रिय अभिलेखालय

# परिशिष्ट ६

## श्रोत व्यक्तिहरूको नामावाली

| क्र.सं. | नाम थर | ठेगाना | उमेर | कैफियत |
|---|---|---|---|---|
| १. | चन्द्रविर पुतुवार | धर्मस्थली - ९, काठमाडौं | ७० | थकाली |
| २. | विरबहादुर पुतुवार | धर्मस्थली - ८, काठमाडौं | ६६ | कृषक |
| ३. | माइला पुतुवार | धर्मस्थली - ९, काठमाडौं | ६५ | कृषक |
| ४. | रामबहादुर पुतुवार | धर्मस्थली - ८, काठमाडौं | ६० | लोहकर्मी |
| ५. | चिरमाया पुतुवार | धर्मस्थली - ९, काठमाडौं | ५५ | कृषक |
| ६. | मंगल पुतुवार | धर्मस्थली - ९, काठमाडौं | ५५ | कृषक |
| ७. | गोकुल पुतुवार | धर्मस्थली - ७, काठमाडौं | ५० | कृषक |
| ८. | आइते पुतुवार | धर्मस्थली - ७, काठमाडौं | ५० | कृषक |
| ९. | लक्ष्मी श्रेष्ठ | धर्मस्थली - ७, काठमाडौं | ४५ | कृषक |
| १०. | आशलाल पुतुवार | धर्मस्थली - ९, काठमाडौं | ४५ | कृषक |
| ११. | वुद्धविर पुतुवार | धर्मस्थली - ७, काठमाडौं | ४० | कृषक |
| १२. | अन्जना शिवभक्ती | धर्मस्थली - ९, काठमाडौं | ३० | कृषक |
| १३. | पुनसिहं पुतुवार | धर्मस्थली - ९, काठमाडौं | ३५ | कृषक |
| १४. | सुशान्त पुतुवार | धर्मस्थली - ९, काठमाडौं | ३० | कृषक |
| १५. | शर्मिला नगरकोटी | धर्मस्थली - ९, काठमाडौं | २५ | कृषक |
| १६. | सुशन पुतुवार | धर्मस्थली - ७, काठमाडौं | १९ | कृषक |
| १७. | कपिलदेव भट्ट | धर्मस्थली - ७, काठमाडौं | ४० | समाजसेवी |
| १८. | उत्तम शाही | धर्मस्थली - ३, काठमाडौं | ५१ | शिक्षक |
| १९. | कृष्णलाल श्रेष्ठ | धर्मस्थली - २, काठमाडौं | ५८ | स्थानीय बुद्धिजीबि |

# चित्रफलक



चित्र संख्या १ (क), माहाँकालीको मूर्ति



चित्र संख्या १ (ख), महांकालको मन्दिर

चित्र संख्या : २ धर्मस्थलीमा रहेका शिलालेखीय प्रमाणहरू



चित्र संख्या २ (क),लिच्छविकालिन शिलालेख



चित्र संख्या २ (ख),मल्लकालिन शिलालेख



चित्र संख्या २ (ग),मल्लकालिन शिलालेख



चित्र संख्या २ (घ),मल्लकालिन शिलालेख

धर्मस्थलीको ऐतिहासिकता पुष्टी गर्ने ताम्रपताकामा अङ्कण गरिएका अक्षरहरू



चित्र संख्या २ (ङ)



चित्र संख्या २ (च)



चित्र संख्या २ (छ)



चित्र संख्या २ (ज)



चित्र संख्या २ (झ)



चित्र संख्या २ (ञ)



चित्र संख्या २ (ट)



चित्र संख्या २ (ठ)



चित्र संख्या : ३, स्वयम्भूको आमा भनिने चैत्य



चित्र संख्या :  ४,

पुतुवारको घर



चित्र संख्या : ५,

आधुनिक गरगहनाले सजिएकी पुतुवार महिला

चित्र संख्या : ६, परम्परागत रूपमा तयार गरिएको खल, औजारहरू र कालिगढ रामबहादुर पुतुवार



घन



छिना





खल



घन



चित्र संख्या : ७ नेवारी समुदायको परम्परागत पास्नी संस्कार



चित्र संख्या : ८ नेवारी समुदायको इही संस्कार



चित्र संख्या : ९ पुतुवार जातिको विवाह संस्कार



चित्र संख्या : १० पुतुवार जातिको भाइपुजा वा तिहार



चित्र संख्या : ११(क) गणेशको मन्दिर



चित्र संख्या : ११(ख) गणेशको मूर्ति



चित्र संख्या : १२ (क), नारायणको मन्दिर



चित्र संख्या : १२ (ख), पार्वतीको मूर्ति

चित्र संख्या : १३  परम्परागत रूपमा पुतुवार जातिले बजाउने बाजाहरू



चित्र संख्या : १३(क) धिमे बाजा



चित्र संख्या : १३(ख) मादल



चित्र संख्या : १३(ग)  भुँछ्या -झ्याली)



चित्र संख्या : १३(घ) घडी घण्टी

चित्र संख्या : १४ महांकालको मन्दिर सेरोफेरोका मूर्तिहरू



चित्र संख्या : १४ (क),

माहाँकाली, २०औं शताव्दी



चित्र संख्या : १४ (ख)

कुलदेवता, कुमार, १८औं शताव्दी



चित्र संख्या : १४ (ग)

सरस्वती, २०औं शताव्दी



चित्र संख्या : १४ (घ)

आकाश भैरव, १८औं शताव्दी




चित्र संख्या : १५, शोधकर्ता अन्तरवार्ताको क्रममा

# सन्दर्भ सामग्रीहरू


भट्ट, कपिलदेव अप्रकाशित **धर्मस्थली एक चिनारी**, काठमाडौं ।

आचार्य, बाबुराम, वि.सं. २०५४ **नेपालको सांस्कृतिक परम्परा**, काठमाडौं : श्रीकृष्ण आचार्य ।

" " वि.सं. २०६२, **प्राचीनकालको नेपाल**, काठमाडौं : श्रीकृष्ण आचार्य।

" " वि.सं. २०६१, **श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी**, (दोस्रो संस्करण) काठमाडौं : श्री ५ महाराजाधिराजका संवाद सचिवालय राजदरबार ।

कोइराला, कुलचन्द्र, वि.सं. २०४५, **नेपालको सांस्कृतिक परम्परा र राजमुकुट**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

जोशी, सत्यमोहन, वि.सं. २०६७, **नेपालको चाडपर्व**, ललितपुर : साझा प्रकाशन, ।

धौबन्जार, गोपाल, वि.सं. २०६८, **काठमाडौं उपत्यकाका बस्तीहरू**, काठमाडौंः श्रीमती कल्पना श्रेष्ठ ।

नेपाल, ज्ञानमणि, वि.सं. २०४०, **नेपाल निरुक्त**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

" " वि.सं. २०६२, **नेपालको माध्यमिक कालको इतिहास**, काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनरी पुतलीसडक ।

पन्त, दिनेशराज, वि.सं. २०४३ **गोरखाको इतिहास भाग-२**, काठमाडौं : दिनेशराज पन्त ।

पन्त, नयनराज, वि.सं २०२५ **श्री ५ पृथ्वीनारायण शाहको उपदेश**, काठमाडौं : नयनराज पन्त ।

पराजुली, कृष्णप्रसाद, वि.सं. २०६०, **नेपाली बृहत शब्दकोष**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

प्रधान, भुवनलाल, वि.सं. २०६८, **स्वयम्भू (संक्षिप्त परिचय)**, (तेस्रो संस्करण) काठमाडौं : तीर्थनारायण-नारायणदेवी लुमन्ति जः ।

प्रपन्नाचार्य, स्वामी, वि.सं. २०५१, **प्राचीन किरात इतिहास**, वाराणसी : किरातेश्वर मीरघाट ।

बिष्ट, डोरबहादुर, वि.सं. २०६४, **सबै जातको फूलबारी**, (आठौं संस्करण) ललितपुर : साझा प्रकाशन ।

बुढाथोकी, चन्द्रविक्रम, वि.सं. २०३९, **जयस्थिति मल्लको सुधार**, ललितपुर : साझा प्रकाशन ।

योगी, देवीनाथ वि.सं. २०१३, **देवमाला वंशावली**, काठमाडौं : श्री ज. सुरशम्शेर ज. व.रा नारायणहिटी ।

योगी, नरहरीनाथ वि.सं. २०१३ सम्पा. **हिमवत्खण्ड**, वाराणसी : गोरक्षटिल्ला ।

रेग्मी, जगदीशचन्द्र वि.सं. २०३५, **नेवारी संस्कृतिको रूपरेखा नेपालयन भाग -२,** काठमाडौं : अफिस अफ नेपाल एण्टीक्वेरी ।

लंसाल, देवीप्रसाद वि.सं. २०२३, **भाषा वंशावली भाग -२,** ललितपुर : नेपाल राष्ट्रिय पुस्तकालय ।

लेभी, सिल्भाँ सन् २००५, **नेपाल हिन्दु अधिराज्यको इतिहास भाग -१**, पाटनढोका : हिमाल किताब ।

", " सन् २००७, **नेपाल हिन्दु अधिराज्यको इतिहास भाग -२**, पाटनढोका : हिमाल किताब ।

वज्राचार्य, धनवज्र, वि.सं. २०३०, **लिच्छविकालका अभिलेख**, कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय ।

" ", वि.सं. २०६४, **गोपालराज वंशावलीको ऐतिहासिक विवेचना**, कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय ।

" ", वि.सं. २०६८, **पूर्वमध्यकालका अभिलेख**, कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय ।

वज्राचार्य, आशाकाजी, वि.सं. २०२९, **सुरदत्तया कथा**, काठमाडौं : आशाकाजी वज्राचार्य ।

शर्मा, बालचन्द्र, वि.सं २०३३, **नेपालको ऐतिहासिक रूपरेखा**, दुधविनायक वाराणसी : कृष्णकुमारी देवी ।

शर्मा, जनकलाल, वि.सं. २०६७, **हाम्रो समाजः एक अध्ययन**, (चौथो संस्करण) ललितपुर : साझा प्रकाशन ।

शर्मा, नगेन्द्र, वि.सं. २०५२, **नेपाली जनजीवन**, (दोस्रो संस्करण) ललितपुर : साझा प्रकाशन ।

शर्मा, प्रयागराज, वि.सं. २०५४, **कुल, भूमि र राज्यः नेपाल उपत्यकाको पूर्व-मध्यकालिक सामाजिक अध्ययन**, कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

श्रेष्ठ, हरि वि.सं. २०३१ **नेवारी लोककथा**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, पदम, ने.सं. ११२८, **नेवार,** काठमाडौं : स्यास्या समाज ।

श्रेष्ठ, तुलसीनारायण, वि.सं. २०६६, **नेपालमा नेवारहरू पहिचान र पृष्ठभूमि,** काठमाडौं : अनुसन्धान तथा विकास संस्था ।

सूचना विभाग, वि.सं. २०३१, **मेचीदेखि महाकाली, भाग -२,** काठमाडौं : श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग ।

## English

Apte, S.V., A.D 2006, **The Practical Sanskrit English Dictionary**. Varanashi, Motilal Banarsidass Publishers Private limited, Reprint.

Bangdel, L.S., A.D 1995, **Inventory of Stone Sculptures of The Kathmandu Valley.** Kathmandu: Royal Nepal Academy.

Bista, D.B., A.D 2000, **People of Nepal**, (7th edition), Kathmandu: Ratna Pustak Bhandar.

Nepali, G.S., A.D 1965, **The Newar**, Bombay : United Asia Pulication .

Thapa, S.H., A.D 2001, **Analytical Study of Ashokan Stupas of Lalitpur**. Dessertation, MA culture, T.U (Unpublished).

Toffin, G., A.D 2008, **Newar Society City, Village and Periphery**, Lalitpur: Himal Books .

Vajracharya, D.B. & K.P. Malla,(ed.) A.D.1985 **The Gopalrajavamshawali**, Kathmandu: Nepal Research Centre.

## अनुसन्धान, लेख तथा पत्रपत्रिकाहरू

कंसाकार, सानुनानी, वि.सं.२०५७, ***कौसितोषाखानाका लालमोहरहरू*,” अभिलेख अङ्क** वर्ष-१८, पूर्णाङ्क -१८ काठमाडौ : राष्ट्रिय अभिलेखालय ।

के.त.वि., वि.सं. २०६९, **चौमासिक तथ्याङ्क गतिविधि**, काठमाडौं : नेपाल सरकार राष्ट्रिय योजना आयोग सचिवालय केन्द्रीय तथ्याङ्क विभाग ।

जि.वि.स., वि.सं. २०६० **जिल्ला वस्तुस्थिति विश्लेषण**, काठमाडौं ।

धर्मस्थली गा.वि.स., वि.सं.२०६८, **धर्मस्थली गाउँ विकास समितिको वस्तुस्थिति विवरण**, काठमाडौं ।

पुतुवार, सागर, ने.स ११३१, **“पुतुवार नेवा”, लुमन्ति पौ,** काठमाडौं : नेवाः देय दबु, पुष्पलाल पथ, महानगर पालिका १७ ।

भट्टराई, सुभद्रा, सम्पा. वि.सं. २०६८, **कान्तिपुर शिलापत्र सूचीपत्र भाग-२**, काठमाडौ : श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय पुरातत्व विभाग राष्ट्रिय अभिलेखालय ।

राजवंशी, शङ्करमान, सम्पा.वि.सं. २०५०,**कान्तिपुर सूचीपत्र भाग-१**, काठमाडौ : श्री ५ को सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय पुरातत्व विभाग राष्ट्रिय अभिलेखालय ।

वज्राचार्य, धनवज्र, वि.सं. २०२१, “**डोय**”, **पूर्णिमा** अङ्क ४, वर्ष -१ ।